# कार्यक्रम कार्यान्वयन कार्यविधि

## २०८१/८२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१।०४।११ को निर्णयबाट स्वीकृत*

# कार्यक्रम कार्यान्वयन कार्यविधि

(आर्थिक वर्ष २०८१/८२)

(स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०८१

**प्रकाशक :** नेपाल सरकार,
शिक्षा, विज्ञान प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर

**प्रकाशन :** २०८१ श्रावण

**वेबसाइट :** www.cehrd.gov.np

# हाम्रो भनाइ

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनलाई प्राथमिकतामा राखी विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्रको योजना (२०७९-२०८९) (School Education Sector Plan-SESP) कार्यान्वयनमा ल्याएको छ । आर्थिक वर्ष २०८१।८२ यो योजना कार्यान्वयनको तेस्रो वर्ष हो ।

प्रदेश सरकार, स्थानीय तह एवम् सम्बन्धित सरोकारवाला निकायहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषणसमेतका आधारमा परिष्कृत र सरलीकृत गरी यस कार्यविधिलाई सङ्घीय संरचनाअनुरूप जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन हुने वार्षिक कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न तथा कार्यान्वयनमा एकरूपता ल्याउनका लागि तयार गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विगतका वर्षहरूका उपलब्धिहरू र कार्यान्वयनमा देखिएका चुनौतीहरूबाट सिकिएका पाठका आधारमा स्वीकृत कार्यक्रमका निर्दिष्ट लक्ष्यहरूलाई समयमै प्राप्त गर्न तथा कार्यक्रम कार्यान्वयनमा एकरूपता कायम गर्न  कार्यक्रम कार्यान्वियन पुस्तिका तयार पार्ने विगतका वर्षहरूको परम्परा जस्तै गरी यो कार्यक्रम कार्यान्वियन कार्यविधि तयार गरिएको छ ।

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा विद्यालय शिक्षासँग सम्बन्धित कार्यक्रम तथा प्राथमिकताहरूमा उल्लेखित पक्षहरूको कार्यान्वयन तथा प्रदेश, स्थानीय तह एवम् शिक्षा विकास तथा समन्वय इकाइमार्फत कार्यान्वयन हुने कार्यक्रमहरू विशेषतः स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षक कर्मचारीको तलबभत्ता, निःशुल्क पाठ्यपुस्तक, विद्यालय सञ्चालन मसलन्द, प्रति विद्यार्थी लागत अनुदान, विपन्न लक्षित छात्रवृत्ति लगायत आवासीय र गैर आवासीय छात्रवृत्ति,  भौतिक सुविधा विस्तार कार्यक्रम, सार्वजनिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड वितरण, माध्यमिक र निम्नमाध्यमिक तहमा शिक्षक अभाव परिपूर्ति गर्न शिक्षण सहयोग अनुदान, विपद्‌बाट पुगेको शैक्षिक क्षतिको आपूरण तथा अन्य विपद्‌को समयमा सिकाइ निरन्तरता, शिक्षक तालिम, ठुला विद्यालयको पूर्वाधार विकास, परिवर्तित पाठ्यक्रमको प्रबोधीकरण कार्यक्रम लगायतका शैक्षिक कार्यक्रमहरू रहेका छन् ।

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/२०८२ बनाएको हो । यस कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका विधि र प्रक्रियाका आधारमा वित्तीय अनुशासन कायम राखी सम्बद्ध निकायहरूबाट पारदर्शीरूपमा कार्यक्रम कार्यान्वयन गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । विशेष गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्रचलित ऐन कानुनको परिधिभित्र रही औचित्य, नियमितता, कार्यदक्षता, प्रभावकारिता र पारदर्शिताको आधारमा कार्यक्रम कार्यान्वयनका साथै अनुगमनमा सम्बद्ध सबैलाई यस कार्यविधिको प्रयोग गरी कार्यक्रमका उद्देश्यहरू समय सीमाभित्रै हासिल गर्न र उपलब्धिको लेखाजोखा गर्नसमेत यो कार्यविधिबाट ठोस सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा, यस कार्यविधिको विषयमा प्राप्त हुने सुझावहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई आगामी दिनका लागि थप पृष्ठपोषण प्रदान गर्ने हुनाले सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा राख्दै कार्यविधि तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ ।

श्रावण, २०८१ **शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| च.न. | : | चलानी नम्बर |
| आ. व. | : | आर्थिक वर्ष |
| उ. म.न.पा. | : | उपमहानगरपालिका |
| गा.पा. | : | गाउँपालिका |
| न.पा. | : | नगरपालिका |
| म.न.पा. | : | महानगरपालिका |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रावि | : | प्राथमिक विद्यालय |
| मावि | : | माध्यमिक विद्यालय |
| मलेप | : | महालेखा परीक्षक |
| कोलेनिका | : | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| CBO | : | Community Based Organization |
| CLC | : | Community Learning Centre |
| DLI | : | Disbursement Linked Indicator |
| EiE | | Education in Emergency |
| GPA | : | Grade Point Average |
| IEP | : | Individual Education Plan |
| ICT | : | Information and Communication Technology |
| IVA | : | Independent Verifications Agency |
| EMIS | : | Educational Management Information System |
| MGML | : | Multi Grade Multi Level |
| NASA | : | National Assessment for Student Achievement |
| PMEC | : | Prioritized Minimum Enabling Condition |
| PRF | : | Programme Result Framework |
| PPTS | : | Pro-Poor Targeted Scholarship |
| ReAL | : | Recovery and Accelerated Learning |
| SIP | : | School Improvement Plan |
| SESP | : | School Education Sector Plan |
| SuTRA | : | Sub-National Treasury Regulatory Application |
| STEAM | : | Science,Technology, Engineering, Arts and Maths : |

# विषय सूची


१. *परिचय* ---------- ३

**१.१ विद्यालय शिक्षा क्षेत्र योजना---------- ३**

**१.२ योजनाको दीर्घकालीन सोच (Vision) :---------- ४**

**१.३ योजनाको ध्येय (Mission) :---------- ४**

**१.४ योजनाको उद्देश्य---------- ४**

**१.५ योजनाका कार्यक्रमका क्षेत्रगत उद्देश्यहरू :---------- ४**

१.५.१ प्रारम्भिक बालविकास तथा शिक्षा---------- ४

१.५.२ आधारभूत शिक्षा ---------- ४

१.५.३ माध्यमिक शिक्षा ---------- ४

१.५.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ---------- ५

१.५.५ अन्तरसम्बन्धित विषयहरू ---------- ५

**१.६ कार्यक्रम कार्यान्वयन कार्यविधिको उद्देश्य:---------- ६**

**१.७ कार्यक्रम कार्यान्वयनसम्वन्धी मार्गदर्शन :---------- ६**

**१.८ कार्यक्रम कार्यान्वयन कार्यविधि परिमार्जन/संशोधन----------१३**

२ *स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका बजेट उपशीर्षकहरूका कार्यक्रमका कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड ----१४*

**२.१ शिक्षकको तलब भत्ता: सबैका लागि शिक्षा - आधारभूत तह एवम् माध्यमिक तह----------१५**

२.१.१ क्रियाकलाप नं. १.१.३.३. आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/कर्मचारीसमेत) ----------१५

२.१.२ क्रियाकलाप नं. १.१.३.४. माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/ कर्मचारी, प्राविधिक धारका प्रशिक्षक र सहायक प्रशिक्षकसमेत) १५

**२.२ शिक्षकको तलब भत्ता तथा सेवा सुविधा विवरण----------१६**

**२.३ विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत का क्रियाकलापको कार्यान्वयन प्रक्रिया:----------१८**

२.३.१ क्रियाकलाप नं. १.१.४.१ प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान-१८

२.३.२ क्रियाकलाप नं. २.७.१३.५० प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान----------१९

२.३.३ क्रियाकलाप न. २.४.६.२ सार्वजनिक विद्यालयका विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) ----------२२

२.३.४ क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय)--२४

२.३.५ *क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान*----------३०

२.३.६ क्रियाकलाप न. २.७.१३.११ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम ----------३४

२.३.७ क्रियाकलाप न. २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान----------३९

२.३.८ क्रियाकलाप नं. ११.१.२.२९८० केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारतर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत)----------४१

२.३.९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान----- ४४

२.३.१० क्रियाकलाप नं. २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरूलाई नि:शुल्क सेनिटरी प्याड व्यवस्थापना ----------४८

२.३.११ क्रियाकलाप नं. २.७.१३.३०० भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान----------४८

२.३.१२ क्रियाकलाप २.७.१३.४० माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान -- ४९

२.३.१३ क्रियाकलाप २.७.१३.४१ आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान---- ४९

२.३.१४ क्रियाकलाप २.७.१३.३०४ विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन ----------५०

२.३.१५ क्रियाकलाप नं. २.७.१३.३०२ शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण----------------------------------------------------------------५२
२.३.१६ क्रियाकलाप न. २.७.१३.३०५ विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति ----------------------------------------------------------------५६
२.३.१७ क्रियाकलाप नं. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान --------------------------५७
२.३.१८ गत आवमा भौतिक निर्माणमा कार्यसम्पन्न भई भुक्तानी बाँकी रकम अनुदान ----------------------------------६०
**२.४ क्रियाकलाप नं. २.७.१३.९ द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत् सञ्चालन हुने) बउशीन. (३५०००१०५) ---६१**

**३. *प्रदेश सरकारबाट कार्यान्वयन हुने कार्यक्रमहरू*-----------------------------------------------------------------६२**
**३.१ विद्यालय शिक्षा क्षेत्र कार्यक्रम-----------------------------------------------------------------६३**
३.१.१ *क्रियाकलाप न. ११.१.२.१२६. बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन* ----------------------------------------------------------------६३
३.१.२ *क्रियाकलाप नं. २.७.१३.४९ वार्षिक, चौमासिक प्रतिवेदन तयारी तथा प्रदेश स्तरीय EMIS व्यवस्थापन*-----------६४
३.१.३ *क्रियाकलाप २.७.१३.५० STEAM विषय क्षेत्रमा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन*--------------------६४
३.१.४ *क्रियाकलाप २.७.१३.४ शैक्षिक नीति, कार्यक्रम तथा निर्देशिका सम्बन्धमा अभिमुखीकरण* ------------------------६५
३.१.५ क्रियाकलाप २.७.१३.१० विद्यालयलाई विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम ------------------------------६५
३.१.६ क्रियाकलाप नं. ११.१.२.३१५ स्थानीय तह र प्रदेशसँगको साझेदारीमा ठुला विद्यालय विकास गर्न छनोट भई DPR तयार भएका विद्यालयका लागि पूर्वाधार विकास अनुदान ----------------------------------६६
३.१.७ क्रियाकलाप २.७.१३.३५. शिक्षा तालिम केन्द्रको Digital Learning Centre को विकास तथा सुदृढीकरण-----६७
३.१.८ क्रियाकलाप २.७.१३.३६ शिक्षा विकास तथा समन्वय इकाइसँग कार्यक्रम कार्यान्वयनको समीक्षा तथा समन्वय बैठक---- ६७
**३.२ राष्ट्रिय परीक्षा बोर्ड (ब.उ.शी.न.. ३५०३१०११) -----------------------------------------------------------------६८**
३.२.१ क्रियाकलाप नं. २.७.१३.२१ कक्षा १० (SEE) परीक्षा सञ्चालन ------------------------------------------------६८
३.२.२ प्रदेश शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रम ----------------------------------------------------------६८
३.२.३ क्रियाकलाप नं. २.६.१.१० शिक्षक तालिम सञ्चालन-------------------------------------------------------------६९

**४. *प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत) ( व.उ.शी.न.. ३५०४१०११)*---------------------७८**

**५. *शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रम*-----------------------------------------------------८१**
**५.१ शिक्षा विकास तथा समन्वय इकाइ-----------------------------------------------------------------८१**

**६. *अनुसूचीहरू* -----------------------------------------------------------------८९**
**अनुसूची १ : तहगत शिक्षकको वार्षिक तलब र भत्ता नपुग माग फाराम ---------------------------------------------९०**
**अनुसूची २ : विशेष शिक्षा परिषद् अनुदानबाट सञ्चालनमा रहेका विशेष विद्यालयका लागि शैक्षिक सामग्री र मसलन्द (इन्धन खर्च ) वितरणका आधारहरू ----------------------------------------------------------------९२**
**अनुसूची ३ : विद्यालय बाहिर रहेका बालबालिकालाई लक्षित गरी विद्यालय शिक्षामा भर्ना तथा निरन्तरताका लागि शैक्षिक कार्यक्रमका लागि अनुदान बिनियोजित स्थानीय तहहरू------------------------------------९३**
**अनुसूची ४ : दिवा खाजाको मापदण्ड,गुणस्तरर व्यवस्थापनका नमुना ----------------------------------------------९६**
**अनुसूची ५ : विद्यालय भवन डिजाइन तथा निर्माणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मापदण्ड-----------९९**
**अनुसूची ६ : नमुना विद्यालयको नामावली ----------------------------------------------------------------१००**
**अनुसूची ७ : प्राविधिक धार सञ्चालन भएका विद्यालयको नामावली-----------------------------------------------१११३**
**अनुसूची ८: आर्थिक वर्ष २०८१/८२ को सङ्घ,प्रदेश तथा स्थानीय तहका लागि बजेट कार्यावयनसम्बन्धी मार्गदर्शन -- १२८**
**अनुसूची ९ : आ व २०८१।८२ स्थानीय तहबाट सम्पादन हुने विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका क्रियाकलापगत उपक्रियाकलापहरूको इकाइ लागत ------------------------------------------------------------१४६**
**अनुसूची १० : शिक्षा तालिम केन्द्रको वार्षिक कार्याक्रम, २०८१/८२ को विस्तृत विवरण -----------------------------१५४**
**अनुसूची ११ : सघन कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका जिल्ला तथा स्थानीय तहको विवरण ------------------१५९**
**अनुसूची १२ : शिक्षकको तलबमान, आव २०८१/८२ -----------------------------------------------------------१६७**

# खण्ड १

# कार्यक्रमको परिचय तथा कार्यान्वयनको मार्गदर्शन

# १. परिचय

आर्थिक वर्ष २०८१/८२ को सङ्घीय सरकारको नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा विद्यालय शिक्षातर्फ आगामी पाँच वर्षभित्र सबै बालवालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चिता, विद्यालय सञ्चालन, शिक्षक व्यवस्थापन, मौलिक भाषा तथा संस्कृति प्रवर्धनलगायतका विषयमा नमुना कानुन, निर्देशिका तथा कार्यविधि तयार गरी स्थानीय तहलाई सहजीकरण गर्ने, विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई शिक्षण सिकाइमा रहेको असमानता कम गर्न र गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न "एक पालिका एक स्मार्ट विद्यालय" अवधारणा कार्यान्वयन गर्ने, राष्ट्रिय पाठ्यक्रम ढाँचा परिमार्जन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गरिने विषय उल्लेख भएको छ। विद्यालयमा "साथीबाट सिक्ने साथीलाई सिकाउने" प्रणालीलाई प्रोत्साहन गरिने, ट्राफिक सचेतना, स्वस्थ जीवन, तत्काल उपचार विधि, वातावरण तथा सरसफाइ, विपदबाट जोगिने उपायजस्ता दैनिक जीवनसँग सम्बन्धित विषयमा दस वर्षमाथिका विद्यार्थीलाई सम्बद्ध निकायसँगको सहकार्यमा सिप तथा प्रशिक्षण प्रदान गर्न राष्ट्रिय पाठ्यक्रम ढाँचा परिमार्जन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गरिने विषयलाई समावेश गरिएको छ। सामुदायिक विद्यालयमा प्राविधिक धारका कार्यक्रमको नक्साङ्कन गरी पुन:संरचना गरिने तथा प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहित गरिने, विभिन्न क्षेत्रमा सिप विकासका लागि दस कक्षा उत्तीर्ण गरेका विद्यार्थीका लागि विशेष कार्यक्रम लागु गरिने, माध्यमिक विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकको अभावपूर्ति गर्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई मूल्याङ्कन सहितको शिक्षण इन्टर्नसिपमा पठाउने प्रबन्ध मिलाउने, शिक्षाशास्त्र सङ्काय बाहेकका सम्बन्धित विषयमा न्युनतम योग्यता हासिल गरी अध्यापन तालिमप्राप्त जनशक्तिलाई शिक्षक सेवामा प्रवेश गर्नपाउने व्यवस्था गरिने, शैक्षिक वातावरण र गुणस्तर सुधारका लागि अवकाश प्राप्त शिक्षक तथा कर्मचारीको ज्ञान, सिप र अनुभवको उपयोग गरिने विषय बजेट वक्तव्यमा समेटिएको छ। बजेट वक्तव्यमा जीवनोपयोगी र गुणस्तरीय शिक्षाका माध्यमबाट मर्यादित र नैतिकवान समाजको विकास गरिने, आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाको हक सुनिश्चित गरिने, विद्यार्थी परिचयपत्रलाई घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गरी विद्यार्थी भर्ना, स्थानान्तरण र छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर वृद्धि गर्न बालविकासका शिक्षकलाई बुटक्याम्पमा सहभागी गराइने विषय समावेश भएको छ। कक्षा १ देखि ५ सम्म सञ्चालित दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादन उपयोग गर्नुपर्ने, प्रत्येक प्रदेशका एक-एक स्थानीय तहमा एकीकृत भान्छाको अवधारणा अनुरूप मेघा किचन स्थापना गरिने कार्यक्रम छ। अति विपन्न र सीमान्तकृत वर्गका बालवालिकाको शिक्षामा सहज पहुँचका लागि कक्षा ९ देखि १२ सम्म प्रदान गरिँदै आएको विपन्न लक्षित छात्रवृत्तिलाई कक्षा ६ देखि १२ सम्म विस्तार गर्ने, सार्वजनिक विद्यालय रूपान्तरण कार्यक्रम सञ्चालन गरी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि विद्यार्थीको सिकाइ अभिवृद्धि तथा शैक्षिक नेतृत्व विकास गरिने, विद्यालय शिक्षा देखि नै आफ्नो रूचि र क्षमता अनुरूप भावी अध्ययनका क्षेत्र र पेसा छनोट गर्न करियर काउन्सिलिङ कार्यक्रम सञ्चालन गरिने विषय समेत उल्लेख भएको छ।

प्रदेश एवम् स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा एकरूपता र प्रभावकारिता कायम गर्न, स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानलाई तोकिएको लक्ष्य प्राप्त गर्ने गरी परिचालन गर्न, तोकिएको शीर्षक तथा क्रियाकलापमा खर्च गर्ने वातावरण निर्माण गरी स्रोतको अधिकतम उपयोगका लागि सहजीकरण गर्न, आर्थिक अनुशासन कायम गरी तोकिएका शीर्षकहरूमा नियमानुसार खर्च गर्न, स्वीकृत कार्यक्रमका अवधारणा, उद्देश्य, प्रक्रिया तथा रणनीतिहरूका सम्बन्धमा प्रदेश र स्थानीय तह तथा विद्यालय तहसम्मका सबै सरोकारवालालाई परिचित गराई कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सघाउ पुऱ्याउन यो कार्यविधि तयार गरिएको छ। विद्यालय शिक्षा क्षेत्र योजनाका लागि प्राप्त हुने वैदेशिक सहायता नतिजामा आधारित सूचक (Disbursement Linked Indicater- DLI) मा आवद्ध गरिएकोले सोसहित र कार्यक्रमको नतिजा ढाँचा (Programme Result Framework- PRF) प्राप्तिको सुनिश्चितताका लागि यस कार्यविधिले सहयोग पुऱ्याउने छ।

## *१.१ विद्यालय शिक्षा क्षेत्र योजना*

आर्थिक वर्ष २०७९।८० देखि कार्यान्वयनमा आएको विद्यालय शिक्षा क्षेत्र योजनालाई नेपाल सरकार लगायत विभिन्न संयुक्त वित्तीय लगानी साझेदारहरूको सहायतामा विगतदेखि नै अभ्यास गरिएको क्षेत्रगत पद्धति (Sector wide Approach) अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कार्यान्वयनमा ल्याएको छ। यो योजना कार्यान्वयनका लागि प्राप्त हुने वैदेशिक सहायता नतिजामा आधारित रहेकाले तोकिएको नतिजामा आधारित सूचक (Disbursement Linked Indicater- DLI) तथा योजनाको कार्यक्रमको नतिजा ढाँचा (Programme Result Framework- PRF) मा उल्लेख भएका परिमाणात्मक लक्ष्यहरूको नतिजाको सत्यापन तेस्रो स्वतन्त्र सत्यापन निकाय (Independent Verifications Agency-IVA) बाट हुने तथा सो का आधारमा विकासका साझेदारहरूबाट तोकिएको रकम सोधभर्ना (Disbursment) हुने व्यवस्था रहेको छ।

### १.२ *योजनाको दीर्घकालीन सोच (Vision) :*

सक्षम, सिर्जनशील र मूल्यउन्मुख नागरिक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका माध्यमबाट "समृद्ध नेपाल, सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने ।

### १.३ *योजनाको ध्येय (Mission) :*

अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तरयुक्त तथा सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धति ।

### १.४. *योजनाको उद्देश्य*

१. विद्यालय शिक्षामा विशेषतः आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२. प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु,

३. सबै नागरिकलाई आधारभूत कार्यमूलक सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा आजीवन सिकाइको अवसर विस्तार गर्नु,

४. विद्यालय तथा शिक्षाका सबै निकायमा सुशासन प्रवर्धन गर्नु र तीनओटै तहका सरकारबिच समन्वय र सहकार्य सुदृढ बनाई शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउनु ।

### १.५ *योजनाका कार्यक्रमका क्षेत्रगत उद्देश्यहरू :*

#### १.५.१ प्रारम्भिक बालविकास तथा शिक्षा

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गरी आधारभूत शिक्षाको तयारीका लागिसमेत सहयोग गर्न गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा सबैको सहज पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

२. सबै प्रारम्भिक बालविकास केन्द्रहरू मापदण्डअनुसार सञ्चालन गरी प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूलाई गुणस्तरीय बनाउनु ।

#### १.५.२ आधारभूत शिक्षा

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई आधारभूत तहको शिक्षाको सुनिश्चितता गर्न विद्यालय नक्साङ्कन गरी वैकल्पिक कार्यक्रम सञ्चालन गर्नु,

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्नु,

४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील (Resilient) र जवाफदेही बनाउनु ।

#### १.५.३ माध्यमिक शिक्षा

१. माध्यमिक तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु र माध्यमिक विद्यालयमा भर्ना तथा टिकाउ दर बढाउनु,

२. माध्यमिक तहको शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु,

३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु,

४. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा संरचना तथा पाठ्यक्रममा सुधार गर्नु ।

### १.५.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

१. नेपालका सबै युवा तथा प्रौढलाई साक्षरताको सिप प्रदान गर्नु,

२. कार्यमूलक साक्षरता, खुला तथा आजीवन सिकाइका अवसर विस्तार तथा विविधीकरण गर्नु,

३. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा, आजीवन तथा खुला सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु ।

### १.५.५ अन्तरसम्बन्धित विषयहरू

पाठ्यक्रम तथा मूल्याङ्कन

१. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई गुणस्तरीय, सान्दर्भिक, समय सापेक्ष र अद्यावधिक बनाउनु,

२. प्रत्येक विद्यालयमा पाठ्यक्रमको प्रभावकारी कार्यान्यिनका लागि आवश्यक संरचना, क्षमता तथा स्रोत साधन विकास गर्नु,

३. विद्यार्थी निरन्तर मूल्याङ्कन र सार्वजनिक परीक्षा प्रणालीमा सुधार ल्याउन विभिन्न तहमा आवश्यक संरचनाको विकास तथा क्षमता अभिवृद्धि गर्नु ।

शिक्षक व्यवस्थापन र विकास

१. शिक्षक तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा पुनरवलोकन गरी सक्षम शिक्षक आपूर्तिलाई सहयोग हुने गरी परिमार्जन गर्नु,

२. शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरवलोकन गरी सान्दर्भिक र प्रभावकारी बनाउनु,

३. शिक्षकको छनोट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,

४. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु,

५. शिक्षकलाई आवश्यक प्रोत्साहन तथा वृत्ति विकासका अवसर तथा विद्यार्थीको सिकाइप्रति जवाफदेही पद्धतिको विकास गरी सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकको प्रबन्ध गर्नु ।

शैक्षिक समता र समावेशीकरण

१. लक्षित समूह (दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, अपाङ्गता भएकाहरू, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित, अल्पसङ्ख्यक समुदायका बालबालिका, सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका र बालिकाहरू) का व्यक्तिहरूको शिक्षामा सहज पहुँच पुऱ्याउनु,

२. लक्षित समूहका बालबालिकाको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,

३. विविधता, समता एवम् समावेशी मूल्य, मान्यतामा आधारित भएर विद्यालय शिक्षा प्रणालीलाई सुदृढ़ गरी गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्नु,

४. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्ने ।

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

१. विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्थानीय उत्पादनमा आधारित स्वस्थकर तथा पौष्टिक खाना प्राप्ति सुनिश्चित गर्नु,

२. दिवा खाजालगायत अन्य स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि आवश्यक भौतिक पूर्वाधार तथा क्षमता विकास गर्नु,

३. अभिभावक, स्थानीय सरकार तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागिता सुदृढ बनाउँदै स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,

४. संस्थागत समन्वय एवम् साझेदारीका माध्यमबाट दिवा खाजासहित विद्यालय स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका लागि सहजीकरण गर्नु,

५. समुदायमा खाद्य सुरक्षा तथा व्यवहार र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने दिवा खाजालाई चाहिने खाद्य सामग्री कृषि क्षेत्रसहितको सहकार्यमा स्थानीय उत्पादन हुने गरी व्यवस्था गर्नु ।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधि**

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,

२. विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,

३. शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग वृद्धि गरी सेवालाई सहज र छिटो छरितो र सर्वसुलभ बनाउने,

४. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने।

**विद्यालय शिक्षामा विपद् व्यवस्थापन र सुरक्षित विद्यालय आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा**

१. विद्यालय तथा बालबालिकालाई सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु,

२. सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील (resilient) प्रणालीका लागि विद्यालयमा भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु (preparedness) र विद्यालयमा हुनसक्ने सङ्कटको प्रतिकार्य (response) को संयन्त्र र कार्यढाँचा तयार गरी अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापन (recovery) गरी बालबालिकाको सुरक्षा. स्वास्थ्य र सिकाइ सुनिश्चित गरी क्षतिको न्यूनीकरण गर्नु,

३. बालबालिकाको सिकाइमा कोभिड-१९ लगायत अन्य विपद्को नकारात्मक प्रभाव कम गरी क्षतिको आपूरण गर्नु,

४. विद्यालय शिक्षामा विपद् व्यवस्थापन र सुरक्षित विद्यालयका प्रावधान अनुकूल हुने भौतिक संरचना निर्माणसम्बन्धी जनशक्ति विकास गर्नु ।

**विद्यालय भौतिक पूर्वाधार विकास**

१. विद्यालयको भौतिक पूर्वाधार मापदण्ड कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु,

३. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु।

### ***१.६ कार्यक्रम कार्यान्वयन कार्यविधिको उद्देश्य:***

१) प्रदेश, इकाइ, स्थानीय तह एवम् विद्यालयस्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु,

२) विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतका स्वीकृत कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ पूरागरी समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न सहजीकरण गर्नु,

३) प्रदेश तथा स्थानीय तह र इकाइबाट सञ्चालन हुने विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयनमा एकरूपता कायम गरी प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुऱ्याउनु ,

४) वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु,

५) वार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्धतिलाई दिशानिर्देश गर्नु/ गराउनु,

६) नतिजामा आधारित अनुगमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी लक्षित नतिजा सुनिश्चित गर्नु,

७) तेस्रो पक्षबाट हुने कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन, सामाजिक तथा लेखापरीक्षण लगायतका कार्यलाई सहजीकरण गर्नु।

### १.७. *कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शन :*

कार्यक्रम कार्यान्वयनका लागि ससर्त अनुदान नमुना प्रदेश, स्थानीय तह जिल्ला एवम् विद्यालयलाई कार्यक्रम तथा बजेट उपलब्ध गराइएको छ। आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम तथा बजेट कार्यान्वयन गर्दा देहायका बुँदालाई विशेष ध्यान दिनुपर्ने छ :

**१) कार्यक्रम कार्यान्वयनसम्वन्धी :**

१. कार्यक्रम तथा बजेटको प्रभावकारी एवम् नतिजामूलक रूपमा कार्यान्वयन गर्न विनियोजन ऐन, २०८१, आव २०८१/८२ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन, कार्यक्रम खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ मा उल्लेखित विषयहरूको पालना गर्ने /गराउने,

२. स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० दफा ७३ को उपदफा (१) र (२) मा उल्लेख भएबमोजिम खर्च गर्न अख्तियारी हुने व्यवस्था मिलाउने,

३. चालु आर्थिक वर्षका लागि स्वीकृत नर्म्स, प्राप्त निर्देशन र त्यससम्बन्धी अन्य निर्देशनसमेतलाई ध्यानमा राखी यस कार्यान्वयन कार्यविधिको आधारमा तोकिएको कार्यक्रम र बजेट निर्धारित समय सीमाभित्रै सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने/ गराउने,

४. सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा स्थानीय तह/प्रदेशमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा प्रगति प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने प्रमुख जिम्मेवारी अख्तियारी प्राप्त अधिकारी वा प्रमुख प्रशासकीय अधिकृत/ प्रदेशको शिक्षा हेर्ने मन्त्रालयको सचिवको हुने,

५. स्थानीय तह तथा प्रदेश सरकारलाई उपलब्ध ससर्त अनुदान बजेट उपशीर्षकभित्र रहेका क्रियाकलापलाई यस कार्यक्रम कार्यान्वयन कार्यविधिमा मूल क्रियाकलापका रूपमा राखी सोअन्तर्गत कार्यान्वयन हुने क्रियाकलापहरूलाई उपक्रियाकलापमा उल्लेख गरिएको छ। उक्त क्रियाकलापलाई कार्यान्वयन गर्दा अद्यावधिक शैक्षिक तथ्याङ्कलाई आधार मानी त्रैमासिक रूपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने छ। विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका लागि स्वीकृत क्रियाकलाप तथा सो अन्तर्गतका उपक्रियाकलापका लागि तोकिएको भौतिक तथा वित्तीय लक्ष्य पूरा भई रकम बचत हुने र सोही बजेट उपशीर्षक अन्तर्गत निःशुल्क पाठ्यपुस्तक, छात्राका लागि सेनिटरी प्याड, दिवा खाजा कार्यक्रमका लागि स्वीकृत रकम अपुग हुने भएमा अद्यावधिक/प्रमाणित शैक्षिक तथ्याङ्कका आधारमा स्थानीय तहको निर्णयअनुसार आन्तरिक बजेट हिसाब मिलान गर्न सकिने,

६. ससर्त अनुदान अन्तर्गतका वित्तीय हस्तान्तरण रकममा कन्टिनजेन्सी वापतको रकम कट्टा नगरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा उपलब्ध गराउनुपर्ने,

७. स्थानीय तहसँग प्रभावकारी समन्वय एवम् कार्यसम्पादनमा सहजीकरण गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाइले जिल्लाभित्रका स्थानीय तहका शिक्षा शाखा प्रमुखहरू वा प्रमुखले तोकेको पदाधिकारीसहितको संयन्त्र निर्माण गर्ने, संयन्त्रका पदाधिकारीसँग मासिक, त्रैमासिकरूपमा बैठक, छलफल, अन्तरक्रिया आयोजना गर्ने,

८. आवासीय शैक्षिक सुविधा सञ्चालन गर्ने विद्यालयले खानाको साप्ताहिक मेनु तयार गरी मेनुबमोजिम खाना खुवाउने प्रबन्ध मिलाउने। दिवा खाजा कार्यक्रम सञ्चालन गर्दा विद्यालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सार्वजनिक गरेको मापदण्डबमोजिम हुने गरी उपलब्ध भएसम्म स्थानीय उत्पादनमा आधारित दिवा खाजाको प्रबन्ध मिलाउने। विद्यालय दिवाखाजा व्यवस्थापन सहयोगी कार्यविधि,२०७७ मा नमुनाको रूपमा दिइएका क्षेत्रगत दिवा खाजा मेनु तालिकालाई समेत आधारकारूपमा लिई स्थानीय तहबाट विकास गरी स्वीकृत साप्ताहिक खाना/खाजाको मेनु बमोजिम विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध मिलाउने र स्वीकृत मेनु सबैले देख्ने गरी टाँस्ने व्यवस्था गर्ने।

९. स्वीकृति/अनुमति प्राप्त विशेष/एकीकृत शिक्षा कार्यक्रम (नेपाल सरकारबाट सालवसाली अनुदान प्राप्त गर्ने विशेष विद्यालयसमेत) सञ्चालित सामुदायिक विद्यालयलाई अन्य सामुदायिक विद्यालयले प्राप्त गर्ने विद्यालय सञ्चालन खर्च, छात्रवृत्ति, दिवा खाजा, सेनिटरी प्याड जस्ता अनुदान दोहोरो नपर्ने गरी उपलब्ध गराउने,

१०. अपाङ्गता भएका बालबालिकाका लागि अभिभावकको संस्थाबाट सञ्चालित शैक्षिक कार्यक्रममा सहभागी विद्यार्थीका लागि दोहोरो नपर्ने गरी पाठ्यपुस्तक छात्रवृत्ति, दिवा खाजा, सेनिटरी प्याड अनुदान उपलब्ध गराउने, यसका लागि त्यस प्रकृतिका कार्यक्रमहरूको नजिकको सामुदायिक विद्यालयसँग आबद्धता गराउने व्यवस्था मिलाउने । यसरी आबद्ध भएका कार्यक्रमका बालबालिकाको विवरण आबद्धता कायम भएका विद्यालयले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्राणाली (EMIS)मा अनिवार्य भर्ने र सोका आधारमा स्थानीय तहले उल्लेखित विषयका अनुदान विद्यालयलाई उपलब्ध गराउने ।

११. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार सबै विद्यालयलाई अनिवार्यरूपमा सामाजिक परीक्षण गर्न लगाउने । मापदण्डबमोजिम विद्यालयको प्राप्ताङ्कका आधारमा उच्चदेखि न्यूनतम अङ्क प्राप्त गर्ने विद्यालयको नामावली प्रकाशन गर्ने र सुधारका लागि योजनाबद्ध रूपमा कार्य गर्ने,

१२. यस कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका क्रियाकलापहरूहरूलाई कार्यसम्पादन सूचकको रूपमा तयार गर्ने र सो सूचकका आधारमा सबै तह तथा निकायमा अनुगमन गरी कार्यसम्पादन नतिजाप्रति सम्बन्धित व्यक्ति/पदाधिकारीलाई जवाफदेही बनाउने व्यवस्था गर्ने । विद्यालयबाट सञ्चालन हुने क्रियाकलाप कार्यान्वयनको मुख्य जिम्मेवारी प्रधानाध्यापकको हुने गरी स्थानीय तहले अनुगमन सूचक निर्माण गरी अनुगमन गर्ने/ गराउने,

१३. स्थानीय तहले  हाल भईरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्व लगायतका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने,

१४. यस कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्दा कार्यविधिमा रहेका प्रावधानका साथै प्रचलित ऐन,कानुनको प्रतिकूल नहुने गरी प्रदेश र स्थानीय तहबाट कार्य प्रक्रिया वा कार्यान्वयन मापदण्ड विकास गरी कार्यान्वयन गर्न सकिने,

१५. यस कार्यविधिबमोजिम कार्यान्वयन हुने तथा प्रदेश एवम् स्थानीय तहबाट आन्तरिक स्रोतबाट तय भएका कार्यक्रमलाई कार्यान्वयन सहजीकरण गर्न एकीकृत  कार्यक्रम कार्यान्वयन मापदण्ड विकास  गरी कार्यान्वयन गर्न सकिने,

१६. तोकिएको अवस्थामा बाहेक सामुदायिक विद्यालयलाई उपलब्ध गराइको छात्रवृत्ति, दिवाखाजा, स्यानिटरी प्याड, विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताका लागि पारिश्रमिक अनुदान अन्य कार्यक्रमका लागि विद्यालयलाई उपलब्ध नगराउने,

१७. शिक्षा विकास तथा समन्वय इकाइले कार्यक्रम कार्यान्वयन कार्यविधिका सम्बन्धमा जिल्लाभित्रका स्थानीय तहका सम्बन्धित विषय क्षेत्रका पदाधिकारीलाई तथा स्थानीय तहले स्थानीय तहभित्रका विद्यालय एवम् अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने,

१८. प्रदेश र स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन, क्षमता विकास र  विस्तार गर्ने  तथा  सोसँग सम्बन्धित कार्यमा विकास साझेदार सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने,

१९. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत कार्यक्रम तथा बजेट प्राप्त गर्ने विद्यालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि तथा केन्द्रबाट प्राप्त हुने थप कार्यप्रक्रियाअनुसार कार्यसम्पादन गर्नुपर्ने,

२०. यस कार्यविधिमा दिइएका मार्गदर्शन विधि र प्रक्रियाका अतिरिक्त कार्यक्रम कार्यान्वयन गर्दा महालेखा परीक्षकको प्रतिवेदन  र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदनका सम्बन्धित खण्डका सुझावहरूलाई पनि ध्यान दिनु पर्ने छ। यसको साथै खास खास कार्यक्रमसँग सम्वन्धित अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय योजना आयोग, अर्थतमन्त्रालय तथा महालेखा नियन्त्रकको कार्यालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट समय समयमा दिएका  निर्देशनलाई पनि ध्यान दिनुपर्ने,

२१. यो कार्यक्रम कार्यान्वयन कार्यविधि अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका २०७७ (संशोधनसहित), सार्वजिनक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड २०७८ र मौजुदा अन्य कानुनसँग बाझिएमा यो कार्यविधिमा उल्लिखित विषयहरू बाझिएको हदसम्म अमान्य हुनेछ ।

## २) वित्तीय व्यवस्थापन सम्वन्धी :

१. स्थानीय तहले ससर्त अनुदानबाट विद्यालयमा हुने क्रियाकलापगत बजेट विद्यालयबाट आवश्यक विवरण लिई खातामा निकासा दिने । सोको खर्चको फाँटवारी/बिल भरपाइ विद्यालयमा प्रमाणित गरी अभिलेख राख्ने व्यवस्था मिलाउने,

२. कम्तीमा ६ महिना करार सेवा पूरा गरेका कर्मचारीलाई १ महिना बराबरको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराउने,

३. स्थानीय तथा प्रदेश सरकारले ससर्त अनुदानमा हस्तान्तरित कार्यक्रम र बजेटलाई आफ्नो नीति.कार्यक्रम एवम् बजेटमा समावेश गर्ने । उक्त कार्यक्रमहरू भुक्तानीमा दोहोरोपन नहुने गरी आवश्यकताअनुसार आफ्नो स्रोतबाट बजेट थप गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने,

४. प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदानको कार्यक्रम र बजेटको अख्तियारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र आफ्नो मातहतका निकायको कार्य जिम्मेवारीअनुसार कार्यान्वयन गर्न अख्तियारी उपलब्ध गराउने,

५. स्थानीय तहबाट विद्यालयमा रकम निकासा दिँदा अनुदान शीर्षक, गर्नुपर्ने काम र बजेट उल्लेख भएको अनुदान निकासा पत्र विद्यालयलाई उपलब्ध गराई सोको समष्टिगत विवरण स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्थासमेत मिलाउने,

६. एक बजेट उपशीर्षकमा विनियोजन भएको रकम अर्को बजेट उपशीर्षकमा खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरूप खर्च लेख्ने व्यवस्था मिलाउने,

७. वैदेशिक स्रोत समावेश भएको बजेट उपशीर्षकनमुनाका क्रियाकलापहरूमा विनियोजित बजेट खर्च गर्दा मूल क्रियाकलापमा विनियोजित कुल रकमलाई दातृ निकायगत स्रोत अनुपात यकिन गरेर मात्र सोही अनुपातमा वैदेशिक स्रोतको रकमसमेत खर्च गर्ने,

८. विद्यालय शिक्षा क्षेत्र योजनाका संयुक्त वित्तीय साझेदार (Joint Financing Partners) सँग नेपाल सरकारले गरेको सम्झौतामा आयोजना कार्यान्वयन गर्ने (Implementing Agency) निकायले प्रत्येक त्रैमासिक सकिएको ४५ दिनभित्र वित्तीय अनुगमन प्रतिवेदन (Financial Monitoring Report - FMR) पेस गर्नुपर्ने व्यवस्था रहेको छ । सो व्यवस्था कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहले त्रैमासिक अवधि समाप्त भएको १५ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मा "मलेप फाराम न.. २७५ को अनुसूची ७ र ८ (ख)" बमोजिम प्रतिवेदन गर्ने र सोको एक/ एक प्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखा तथा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनुपर्ने छ । प्रतिवेदन पेस नभएसम्म कोलेनिकाले त्रैमासिक निकासा रोक्का राख्न सक्ने,

९. शिक्षा विकास तथा समन्वय इकाइले जिल्लास्थित स्थानीय तहहरू तथा कोष तथा लेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी सबै स्थानीय तहको एकीकृत त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको २५ दिनभित्र केन्द्रमा अनिवार्य रूपमा पठाउने,

१०. सबै प्रदेश सरकार/स्थानीय तहले वित्तीय हस्तान्तरण भएको ससर्त अनुदानका कार्यक्रमको महालेखा परीक्षक कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने छ । साथै लेखा परीक्षणबाट औंल्याइएका बेरूजुको समयमै फछ्र्यौट तथा सम्परीक्षण गराउने दायित्व सम्बन्धित प्रदेश सरकार/स्थानीय तहको हुनेछ । बेरुजु सम्परीक्षण तथा फर्स्यौटको विवरण त्रैमासिकरूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र(आर्थिक प्रशासन शाखा) मा पठाउने,

११. वैदेशिक अनुदान तथा ऋणको सोधभर्ना हुन नसकेमा वा दातृ- निकायलाई अनियमित खर्च (In-eligible Expenditure) फिर्ता गर्नुपरेमा सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहको आगामी आ.व.को वित्तीय समानीकरण अनुदानबाट कट्टा गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउन सक्ने भएकाले सो कुरालाई समेत ध्यानमा राख्ने,

१२. सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिकामा उल्लेखित खर्च गर्ने मापदण्ड (Norms) का आधारमा मात्र गर्ने,

१३. विद्यालयमा हुने खरिद कार्य प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, बमोजिम गर्ने । सो कार्यको अनुगमन स्थानीय तहले गर्ने व्यवस्था मिलाउने,

१४. ससर्त अनुदानबाट सञ्चालन हुने विद्यालयका शैक्षिक कार्यक्रमहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका व्यवस्थासमेतको आधारमा हुने भएकाले लेखा परीक्षणबाट कायम भएको बेरूजु फछ्यौंट गर्ने जिम्मा सम्बन्धित स्थानीय तहको हुने छ । बेरुजु फछ्यौटका लागि आवश्यक प्रमाण कागजात र विवरणहरू पेस गर्ने दायित्व सम्बन्धित विद्यालयको हुने छ । साविकको जिल्ला शिक्षा कार्यालयको नाममा कायम भएका बेरूजु फर्स्यौट तथा सम्परीक्षण गराउने कार्यका लागि आवश्यक कागजातसहित विद्यालयले पेस गर्नुपर्नेछ । यस कार्यका लागि विद्यालयले प्राविधिक सहयोगका लागि स्थानीय तहमा अनुरोध भई आएमा स्थानीय तहले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्ने,

१५. स्वीकृत कार्यक्रमको कार्यान्वयन योजना, खरिद योजना र अनुगमन योजनाबमोजिमको कार्यक्रम कार्यान्वयन अवस्थाको त्रैमासिकरूपमा स्थानीय/ प्रदेश तहमा प्रगति समीक्षा गरी तोकिएको ढाँचामा त्रैमासिक अवधि समाप्त भएको १५ दिनभित्र स्थानीय तहले शिक्षा विकास तथा समन्वय इकाइमार्फत तथा प्रदेशले सोझै शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनिवार्य रूपमा प्रतिवेदन पठाउने,

१६. स्थानीय तहले महालेखा परीक्षकको कार्यालयबाट सार्वजनिक प्रतिवेदनमा औँल्याइएका बेरुजुहरू फछयौंट कार्यलाई उच्च प्राथमिकता दिने । महालेखा परीक्षकको प्रतिवेदनमा औँल्याएका विनियोजित कार्यक्रम शीर्षक भन्दा फरक कार्यक्रममा दिएको अनुदान, बढी अनुदान, दोहोरो अनुदानका सन्दर्भमा विद्यालयबाट सो रकम फिर्ता गराउने काम चालु आर्थिक वर्षको पहिलो त्रैमासिकभित्रै गरिसक्नुपर्ने छ । यसरी बढी वा दोहोरो अनुदान गएका विद्यालयले रकम फिर्ता नगरेमा ती विद्यालयको अनुदान रोक्का गर्ने । विद्यालयबाट फिर्ता गराएको अनुदान रकमको बैङ्क भौचरसहितको विवरण महालेखा परीक्षकको कार्यालयमा पेस गरी बेरूजु फछ्यौंटको व्यवस्था मिलाउने र सोको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनिवार्य रूपमा पठाउने,

१७. गत विगतका आर्थिक वर्षहरूमा विद्यालय तथा शैक्षिक निकायमा विभिन्न निर्माण तथा तोकिएका कामका लागि विनियोजित रकम खर्च नभएको एवम् स्थानीय तहबाट ससर्त अनुदान/साविकको जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अनुदान बैङ्क खातामा मौज्दात भई बेरूजु काय रहेको भए विद्यालयलाई सो रकम बेरूजु खातामा वैंक दाखिला गर्न लगाउने । यस सम्वन्धी एकीकृत विवरण स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइले केन्द्रमा पठाउने ,

१८. विद्यालयको आर्थिक कारोवारको लेखाङ्कन गर्दा सक्कल बिल भरपाई लगायत आवश्यक कागजात संलग्न राखी अभिलेखन गर्ने व्यवस्था मिलाउने । विद्यालयको भौतिक निर्माणसम्बन्धी कार्यहरू सम्पन्न भएपश्चात कार्यसम्पन्न प्रतिवेदन तयार गरी लेखा परीक्षणको व्यवस्था मिलाउनुपर्ने । महालेखा परीक्षकको कार्यालयबाट डोर खटिई आएका बखत स्थानीय तहले आवश्यक प्रमाण जुटाई सम्परीक्षण गराउने,

१९. स्थानीय तहले विद्यालयमा जाने सबै प्रकारका अनुदानहरूलाई प्रभावकारी कार्यान्वयन गर्न अनुदान निकासा गर्दा यस कार्यविधिमा उल्लेख भएका मापदण्ड तथा प्रक्रिया अनिवार्य रूपमा परिपालना गर्ने,

२०. प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदानको वित्तीय हस्तान्तरण तथा सोसम्बन्धी अन्य व्यवस्था अनुसूची-९ मा रहेको अर्थ मन्त्रालयको मार्गदर्शनबमोजिम हुने छ । शिक्षा विकास तथा समन्वय इकाइले केन्द्रबाट प्राप्त मार्गदर्शनअनुसार खर्च गर्ने व्यवस्था मिलाउने गरी सहजीकरण गर्नुपर्ने,

२१. विद्यालयले यस कार्यविधिमा उल्लेख भएका कार्यक्रम सञ्चालन गर्न गत निकासाको प्रगति सहित आवश्यक पर्ने बजेट स्थानीय तहमा माग गर्ने । स्थानीय तहले प्राप्त माग फारामलाई अद्यावधिक तथ्याङ्कसँग रूजु गरी यथाशीघ्र छिटो अनुदान दिने व्यवस्था मिलाउने । विद्यालयबाट वितरण गरिने प्रति विद्यार्थी लागतको आधारमा खर्च गरिने छात्रवृत्ति, नि:शुल्क पाठ्यपुस्तक लगायतका कार्यक्रम सार्वजनिक गर्ने । नि:शुल्क पाठ्यपुस्तकको रकम विद्यालयमा निकासा दिँदा स्वीकृत मूल्यसूचीका आधारमा विद्यार्थीलाई सेटमा नै उपलब्ध गराउनुपर्ने छ र सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई दिनुपर्ने,

## ३) विद्यालय भौतिक पूर्वाधार विकास सम्वन्धी :

१. स्थानीय तहले विद्यालयले सार्वजनिक खरिद ऐन नियमाली बमोजिम गर्नुपर्ने भौतिक निर्माण तथा खरिदसँग सम्वन्धित कार्यहरू गर्नुपर्दा सो ऐन नियमले तोकेका प्रक्रिया पूरा गर्न सक्ने या नसक्ने र सो जनशक्ति रहे नरहेको समेत निर्क्योल गरेर मात्र रकम निकासा गर्ने । सो बमोजिम गर्न नसक्ने अवस्थामा स्थानीय तहमार्फत खरिद ऐन र नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम सम्झौता मार्फत मात्र सार्वजनिक निकायले मालसामान, निर्माण वा सेवा खरिद गर्ने व्यवस्था मिलाउने,

२. भौतिक सुविधा विस्तारका लागि तोकिएको ससर्त अनुदान रकम अपर्याप्त भएमा स्थानीय तह/ प्रदेश एवम् विद्यालयले स्वीकृत लागत अनुमानका आधारमा आफ्नो स्रोतबाट थप गर्न सक्नेछ । निर्माण कार्यको प्राविधिक सुपरिवेक्षण एवम् प्रशासनिक अनुगमन गर्नु सम्वन्धित स्थानीय तह/ प्रदेशको दायित्व हुने,

३. विद्यालयमा भौतिक निर्माण सहितको पूर्वाधार विकास गर्दा विद्यालय भौतिक निर्माण सम्वन्धी मापदण्ड, २०८० बमोजिम गर्ने ।

## ४) विपद् व्यवस्थापन सम्वन्धी :

१. विपद्बाट शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई व्यवस्थापन गरी आपत्कालीन अवस्थामा बालबालिकाको पठनपाठनलाई नियमित बनाई विपद्को प्रभाव शिक्षण सिकाइमा कमभन्दा कम गर्न र सिकाइमा निरन्तरताका लागि स्वीकृत भएको विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८० बमोजिम सङ्घीय शिक्षा समूह, प्रदेश शिक्षा समूह र स्थानीय शिक्षा समूहको गठन गर्ने,

२. विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्न तथा शिक्षा क्षेत्रको निरन्तर सुधार गरी शैक्षिक उपलब्धि हासिल गर्न तथा विपद्का समयमा समेत शैक्षिक गतिविधि सञ्चालनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आवश्यकता अनुसार सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी सामूहिक प्रयास गर्ने । सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) सँग तालमेल हुने गरी सिकाइ निरन्तरता योजना बनाइ कार्यान्वयन गर्ने,

३. सबै तहका सरकारले विभिन्न समयमा आउनसक्ने प्राकृतिक तथा मानवीय विपद्का कारणले शिक्षा क्षेत्रमा पार्ने प्रभावलाई व्यवस्थापन गरी सिकाइ निरन्तरताका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तथा मनसुन प्रतिकार्य योजना जस्ता योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने । आफ्नो क्षेत्र भित्र क्रियाशिल सङ्घसंस्थासँगको सहकार्यमा विपद् व्यवस्थापन सम्वन्धी क्षमता विकासका कार्य सञ्चालन गर्ने । विपद् व्यवस्थापन कार्यमा विद्यालय एमव् आफ्नो तहले गरेका कार्यहरूको EMIS को EiE Tab मा प्रविष्टि गर्ने । यसरी गठन भएको शिक्षा समूहले स्थानीय/जिल्ला/प्रदेश/सङ्घीय तहको शिक्षा समूहसँग समन्वय गरी कार्यसम्पादन गर्ने,

## ५) शैक्षिक सूचना व्यवस्थापनसम्वन्धी :

१. स्थानीय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट भरिने शैक्षिक तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली(EMIS) मा आधारित हुने र विद्यालयले तथ्याङ्क नभरेका/अद्यावधिक नगरेका कारणबाट स्थानीय तहले पाउने अनुदानमा फरक पर्न जाने भएकाले आफ्नो मातहतका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई EMIS अनिवार्य रूपले भर्न/अद्यावधिक गर्न लगाउने । स्थानीय तहले विद्यालयबाट अद्यावधिक गरिएको शैक्षिक शत्र २०८१ को तथ्याङ्कको सत्यापन गर्ने र सत्यापन भएको तथ्याङ्कका आधारमा अनुदान निकासा दिने,

२. तथ्याङ्कको प्रविष्टि र प्रयोग सम्वन्धमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७९, बमोजिम तोकिएका कार्यहरूको प्रभावकारीरूपमा कार्यान्वयन गर्ने/गराउने,

३. शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहमा सञ्चालन हुने वार्षिक शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक शैक्षिक तथ्याङ्क र अभिलेखको उपलब्धता, क्षमता विकासमा सहजीकरण लगायतका प्राविधिक सहयोग उपलब्ध गराउने,

४. प्रत्येक विद्यालयले EMIS बाट विद्यार्थी परिचय पत्र विकास गरी वितरण गर्ने । विद्यार्थीले प्राप्त गर्ने सबै किसिमका सुविधाका लागि परिचय पत्र अनिवार्य गर्ने । EMIS बाट प्राप्त School Report Card प्रिन्ट गरी सार्वजनिक गर्नुका साथै सामाजिक परीक्षणमा उपयोग गर्ने,

५. गुणस्तरीय शिक्षा, प्राविधिक शिक्षा, पूर्वाधार, प्रविधिको समुचित प्रयोग गरी शिक्षा क्षेत्रको गुणात्मक विकास गर्न भूगोल एवम् विद्यार्थी सङ्ख्यासमेतका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षादेखि माध्यमिक शिक्षासम्मको नक्साङ्कन तयार पारी कार्यान्वयन गर्ने । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७ बमोजिम सबै बालबालिकाको शिक्षामा पहुँच हुने गरी विद्यालयको अनुमति दिँदा विद्यालय नक्साङ्कन तथा थप हुने आर्थिक दायित्वसमेतलाई आधार बनाउने,

६. प्रत्येक वर्ष EMIS को शैक्षिक तथ्याङ्कका आधारमा विषयगत र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी पुनरवलोकन गर्ने,

७. तोकिएको समयमा तथ्याङ्क नभर्ने र झुठो विवरण दिने प्र.अ. र त्यस्तो विवरण प्रमाणित गर्ने पदाधिकारीसमेतलाई कानुनअनुसार कारवाही हुने भएकाले यथार्थ विवरण भएको यकिन गरेर मात्र प्रमाणीकरण गर्ने गराउने,

**६) निरीक्षण अनुगमन प्रतिवेदन सम्वन्धी :**

१. स्थानीय तहले विद्यालयमा संघ, प्रदेश र स्थानीय तह तथा विभिन्न सङ्घ संस्था र निकायबाट विभिन्न शीर्षकहरूमा गरिएको निकासा कार्यान्वयनको अवस्था अनुगमन गर्न सम्बन्धित विषयगत/ प्राविधिक/ सरोकारवालाहरूको सहभागितामा अनुगमन गर्ने व्यवस्था मिलाउने,

२. हरेक शिक्षा विकास तथा समन्वय इकाइले सङ्घीय सरकारबाट स्थानीय तह मार्फत् शशर्त अनुदानका रूपमा वितीय हस्तान्तरण भई सञ्चालन भएका दिवाखाजा कार्यक्रम, पाठ्यपुस्तकको वितरण, छात्रवृत्ति वितरण, शिक्षण सिकाइ अनुदान, भौतिक पूर्वाधार निर्माण लगायतका समग्र कार्यक्रमको जिल्ला भित्रको कार्यान्वयनको अवस्थाको अनुगमन गरी यस सम्वन्धी प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा नियमितरूपमा पठाउनुपर्नेछ । अनुगमनका क्रममा इकाइले माग गरेका विवरणहरू स्थानीय तहको शिक्षा हेर्ने शाखा र विद्यालयले उपलब्ध गराउने,

३. प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रमको अनुगमनको दायित्व सम्बन्धित तहको हुने छ । सङ्घीय निकाय र शिक्षा विकास तथा समन्वय इकाइ एवम् प्रदेश सरकारबाट अनुगमन गर्दा स्थानीय तहबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नुपर्ने,

४. प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप तथा उपक्रियाकलापसहितको त्रैमासिक तथा वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाईनमा आधारित सफ्टवेयर www.monitoring.moest.gov.np प्रविष्टि गर्ने,

५. स्थानीय तह, प्रदेश सरकार तथा इकाइबाट पेस गर्नुपर्ने देहायका प्रतिवेदनहरू यस केन्द्रमा अनिवार्यरूपमा पेस गर्नुपर्नेछ :

१) ससर्त अनुदानका अतिरिक्त प्रदेश तथा स्थानीय तहबाट चालु आवका लागि तय भएका कार्यक्रम (प्रदेश तथा स्थानीय तह)

२) प्रदेश शिक्षा तालिम केन्द्रबाट सञ्चालन भएका तालिमका सम्पन्न गर्ने शिक्षक/कर्मचारीको तह, विद्यालय/कार्यालय र विषय खुल्ने नामनामेसी विवरण (प्रदेश तह)

३) अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ३६ र ३७ अनुसारको प्रतिवेदन तथा विवरण (स्थानीय तह)

४) शिक्षक दरबन्दी मिलानको प्रगति विवरण (प्रदेश तह, जिल्ला तथा स्थानीय तह)

५) विद्यालय लेखा प्रणाली (School Accounting System-SAS) कार्यान्वयन गर्ने विद्यालयको नाम नामेसी विवरण (इकाइ )

६) तोकिएको सूचकाङ्कका आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance Based Grants) प्राप्त गर्ने विद्यालयको नाम तथा ठेगाना (स्थानीय तह)

७) शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान प्राप्त गर्ने विद्यालयको नाम तथा ठेगाना (स्थानीय तह)

८) ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप अन्तर्गतका उपक्रियाकलापगतरूपमा विद्यालयमा भएको निकासा खुल्ने बुलेटिन, निकासा सिट वा निकासा पत्र (स्थानीय तह)

९) नमुना विद्यालय विकासका लागि छनोट भएका विद्यालयको भौतिक निर्माण एवम् शैक्षिक कार्यक्रमको प्रगति ( इकाइ र स्थानीय तह)

१०) माध्यमिक तह (कक्षा ९-१०) र आधारभूत तह (कक्षा ६-८) तर्फ अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयको नामावली (स्थानीय तह)

११) ICT, विज्ञान प्रयोगशाला र पुस्तकालय अनुदान प्राप्त विद्यालयको नामावली (स्थानीय तह)

१२) ससर्त अनुदानका रूपमा चालु आवमा छनोट भएका विद्यालयको भौतिक निर्माणको प्रगति ( इकाइ र स्थानीय तह)

१३) कक्षा ११-१२ मा विज्ञान विषयलिई अध्ययन गर्ने विद्यालय रहेको स्थानीय तह र अन्य स्थानीय तहबाट अध्ययन गर्न आउने विद्यार्थी अलग अलग विवरण (स्थानीय तह)

१४) स्थानीय तहमा कार्यरत शिक्षा, युवा तथा खेलकुद शाखा/महाशाखा प्रमुखको अद्यावधिक नामनामेसी, सम्पर्क नम्बर र इमेल ठेगानासहितको विवरण (शिक्षा विकास तथा समन्वय इकाइ)

### *१.८ कार्यक्रम कार्यान्वयन कार्यविधि परिमार्जन/संशोधन*

क) यस कार्यविधिमा उल्लेख गरिएका प्रावधानका सम्बन्धमा कुनै द्विविधा भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रष्ट पार्न सक्ने छ। यस कार्यविधिमा कुनै संशोधन/परिमार्जन गर्नुपरेमा औचित्यका आधारमा केन्द्रले गर्न सक्ने छ र सोको जानकारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा दिनुपर्ने छ।

# खण्ड २

# स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका सब बजेट उपशीर्षकहरूको कार्यक्रमका कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड

## २. स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका बजेट उपशीर्षकहरूका कार्यक्रमका कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड

यस खण्डमा सबैका लागि शिक्षा - आधारभूत तह ( ब.उ.शी.न..३५०००१४), माध्यमिक तह (ब.उ.शी.न. ३५०००१५), विद्यालय शिक्षा क्षेत्र योजना - (प्रदेश तथा स्थानीय तहका लागि) (ब.उ.शी.न.. ३५००१८०१), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत) (ब.उ.शी.न.. ३५०४१०११) द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत सञ्चालन हुने) (ब.उ.शी.न.. ३५०००१०५) बाट स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया विस्तृत रूपमा उल्लेख गरिएको छ :

### २.१ शिक्षकको तलब भत्ता: सबैका लागि शिक्षा - आधारभूत तह एवम् माध्यमिक तह

**२.१.१ क्रियाकलाप नं. १.१.३.३. आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/कर्मचारीसमेत)**

**२.१.२ क्रियाकलाप नं. १.१.३.४. माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/ कर्मचारी, प्राविधिक धारका प्रशिक्षक र सहायक प्रशिक्षकसमेत)**

स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा प्रकाशित विवरणअनुसार यकिन भएको दरबन्दीलाई "शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६"अनुसार मिलान/व्यवस्थापन अद्यावधिक गर्ने कार्य आर्थिक वर्षको प्रथम त्रैमासिकभित्र सम्पन्न गर्ने । यसरी कायम भएका विद्यालयगत/विषयगत दरबन्दी, शिक्षक अनुदान कोटा (राहतसमेत), प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षक, विशेष शिक्षा परिषद्मुना सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण प्रमाणित गरी राख्ने व्यवस्था मिलाउने । सोका आधारमा विद्यालयबाट मासिक रूपमा माग-फाराम रूजु गरी स्वीकृत दरबन्दी तथा अनुदानका शिक्षकका लागि तलबभत्ता अनुदान मासिक रूपमा उपलब्ध गराउने गरी विद्यालयमा अनुदान निकासा उपलब्ध गराउने । राष्ट्रिय किताबखाना (शिक्षक) बाट तोकिएको ढाँचामा तयार पारिएको स्थायी शिक्षकको तलव भत्ता ग्रेडसहितका तलबी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गराई सो आधार र विद्यालयको माग फाराम बिच भिडान गराई अनुदान निकासा दिने व्यवस्था मिलाउने । शिक्षकको तलब भत्ता हिसाब गर्दा अनुसूची-१२ मा रहेको तलबमानका आधारमा गर्ने । यस क्रियाकलापमा देहायका शिक्षकको तलबभत्ता समावेश गरिएको छ :

१. आधारभूत तह (प्राथमिक तह) र (निम्नमाध्यमिक तह) मा कार्यरत शिक्षकको तलब भत्ता (स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र राहत अनुदान कोटामा कार्यरत शिक्षक)

२. माध्यमिक तहमा कार्यरत शिक्षक (माध्यमिक शिक्षक) को तलब भत्ता (स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र राहत अनुदान कोटामा कार्यरत शिक्षक)

३. माध्यमिक तह कक्षा ११ र १२ मा अध्यापनरत (साविकको उच्च माध्यमिक शिक्षक) दरबन्दी र राहत अनुदानमा कार्यरत शिक्षक

४. प्राविधिक धारनमुना कक्षा ९-१० एवम् कक्षा ११-१२ मा प्रशिक्षक/सहायक प्रशिक्षक र अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षक

५. लेखाजोखा संयोजकका रूपमा कार्यरत शिक्षक

६. **विशेष शिक्षा परिषद्अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले सालवसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबभत्ता :** विशेष शिक्षातर्फ विगतमा संस्था वा विद्यालयबाट स्थायी नियुक्ति पाएका शिक्षक र कर्मचारीका लागि अनुदानमा कार्यरत शिक्षकले तपसिलअनुसारका तलब भत्ता लगायतका सुविधा प्राप्त गर्ने गरी प्रति व्यक्ति तहगत तथा श्रेणीगत शिक्षकको तलब भत्ता हिसाब गरी विद्यालय खातामा उपलब्ध गराउने ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०५।०४ को निर्णयको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट पुनर्वितरित शिक्षक दरबन्दी विवरणअनुसार खुद पुलमा रहेका दरबन्दी मिलान गर्न बाँकी रहेका शिक्षकको तलब भत्ता स्थानीय तहमा विनियोजन नगरिएकाले शिक्षक दरबन्दी मिलान गर्न बाँकी रहेका स्थानीय तहले आव २०८१।८२ को प्रथम त्रैमासिकभित्र मिलान कार्यसम्पन्न गरी सोको प्रतिवेदन केन्द्रमा पठाएपछि मात्र सो रकम निकास गर्नुपर्नेछ ।

चालु आवमा शिक्षक दरबन्दी मिलानपश्चात कायम भएको स्थानीय तहगत स्वीकृत दरबन्दी तथा अनुदानका शिक्षकका लागि नियमानुसार भुक्तानी दिनुपर्ने तलब भत्ता हिसाब गरी वित्तीय हस्तान्तरण भएको छ । यस अनुदानमा नपुग भएमा आधार र औचित्यसमेत उल्लेख गरी अनुसूची-१ अनुसारको फाराम भरी प्रमाणित गराई २०८१ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाइले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गरी यकिन गर्ने । यकिन भएको विवरणअनुसार तलब भत्ता अपुग हुने देखिएमा सिफारिस साथ २०८१ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखा (planning.cehrd@gmail.com) मा आइपुग्ने गरी पठाउने । स्थानीय तहले नपुग हुने तलवभत्ता माग गर्दा दरबन्दी मिलान गरी स्थानीय तहका लागि कायम भएको दरबन्दी सङ्ख्या तथा तथा इकाइबाट दवन्दी मिलानका क्रममा थप भएको शिक्षक दरबन्दी सङ्ख्या भए सो समेत एकीकृत गरी सोको प्रमाणित अनिवार्य प्रति समेत राखी पठाउनुपर्नेछ ।

## २.२ शिक्षकको तलब भत्ता तथा सेवा सुविधा विवरण

| सुविधा/ शिक्षक | सबै तहका स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक | सबै तहका स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार शिक्षक | सबै तहका स्वीकृत राहत अनुदान कोटामा कार्यरत शिक्षक | साविकको उच्च माध्यमिक तह (कक्षा ११-१२) अनुदान कोटामा कार्यरत शिक्षक | प्राविधिक धारमा कक्षा ९-१० मा कार्यरत प्रशिक्षक, सहायक प्रशिक्षक | प्राविधिक धारमा कक्षा ११-१२ मा कार्यरत प्रशिक्षक | विशेष शिक्षा परिषद्‌मुना सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारी |
|---|---|---|---|---|---|---|---|
| **तलब** | अर्थ मन्त्रालयबाट स्वीकृत स्केलअनुसारको १२ महिनाको तलब | अर्थ मन्त्रालयबाट स्वीकृत स्केलअनुसारको १२ महिनाको तलब | अर्थ मन्त्रालयबाट स्वीकृत स्केलअनुसारको १२ महिनाको तलब | अर्थ मन्त्रालयबाट स्वीकृत स्केलअनुसारको १२ महिनाको तलब (माध्यमिक तह द्वितीय श्रेणी सरहको) | प्रशिक्षकले अर्थ मन्त्रालयबाट स्वीकृत स्केल अनुसार प्रशिक्षकले माध्यमिक तह तृतीय श्रेणीको सुरू तलव सरह र सहायक प्रशिक्षकले निम्न माध्यमिक तह तृतीय को सुरु तलव स्केल अनुसार श्रेणी १२ महिनाको सुरु स्केलअनुसारको तलब | माध्यमिक तह द्वितीय श्रेणीको सुरू तलव स्केल सरह १२ महिना | अर्थ मन्त्रालयबाट स्वीकृत सम्वन्धित तहको तलब स्केलअनुसारको १२ महिनाको तलब |
| **ग्रेड** | नियमानुसारको ग्रेड रकम | - | - | - | - | - | संस्थाबाट स्थायी नियुक्ति पाएकालाई नियमानुसारको ग्रेड रकम |
| **सञ्चय कोष थप** | मासिक १० प्रतिशत सञ्चय कोष थप | - | - | - | - | - | मासिक १० प्रतिशत सञ्चय कोष थप |
| **बीमा कोष थप** | बीमा कोष थप | - | - | - | - | - | - |
| **चाडपर्व खर्च** | खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम | खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम | खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम | खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम | खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम | खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम | खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम |
| **महँगी भत्ता** | तोकिएअनुसार | तोकिएअनुसार | तोकिएअनुसार | तोकिएअनुसार | तोकिएअनुसार | तोकिएअनुसार | तोकिएअनुसार |
| **पोसाक सुविधा** | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च |


कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/०८२ | १६

| सुविधा/ शिक्षक | सबै तहका स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक | सबै तहका स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार शिक्षक | सबै तहका स्वीकृत राहत अनुदान कोटामा कार्यरत शिक्षक | साविकको उच्च माध्यमिक तह (कक्षा ११-१२) अनुदान कोटामा कार्यरत शिक्षक | प्राविधिक धारमा कक्षा ९-१० मा कार्यरत प्रशिक्षक, सहायक प्रशिक्षक | प्राविधिक धारमा कक्षा ११-१२ मा कार्यरत प्रशिक्षक | विशेष शिक्षा परिषद्‌मुना सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारी |
|---|---|---|---|---|---|---|---|
| **स्थानीय भत्ता** | स्थानीय भत्ता पाउने जिल्लामा भए वर्षभरिको जम्मा १०.५ महिनाको | स्थानीय भत्ता पाउने जिल्लामा भए वर्षभरिको जम्मा १०.५ महिनाको | - | - | स्थानीय भत्ता पाउने जिल्लामा भए वर्ष भरिको जम्मा १०.५ महिनाको | स्थानीय भत्ता पाउने जिल्लामा भए वर्ष भरिको जम्मा-१०.५ महिनाको | - |
| **प्राविधिक भत्ता** | - | - | - | - | प्रति महिना ३ हजारका दरले १० महिनाको मात्र | प्रति महिना ३ हजारका दरले १० महिनाको मात्र) | - |
| **प्र.अ. भत्ता** | प्राथमिक : मासिक रू २००।, निम्नमाध्यमिक: मासिक रू ३००, माध्यमिक : मासिक रू ५००) | | | | | | |

**द्रष्टव्य :**

१. उल्लिखित क्रियाकलाप नं. १.१.३.३ र क्रियाकलाप नं. १.१.३.४ को शीर्षक ससर्त अनुदानका रूपमा आएको हुनाले उक्त रकमबाट तलब भत्ता बाहेक अन्य शीर्षक (जस्तै शिक्षक सञ्चित बिदा, औषधी उपचार खर्चको भुक्तानी र अन्य प्रयोजन) मा अनुदान तथा खर्च लेख्न पाइने छैन।

२. बउशीनं. ३५०००१४ र ३५०००१५ बाट पोसाक खर्च उपलब्ध गराउँदा तोकिएको उच्च हिमाली जिल्लामा (गोरखा जिल्लाको सिर्दिवास उत्तर, सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट) कार्यरतका लागि वार्षिक रू १५ हजार तथा अन्य जिल्लाका लागि वार्षिक रू १० हजार पोसाक खर्च उपलब्ध गराउने।

३. शिक्षक कर्मचारीको पोसाक भत्ता चैत्र महिनाको तलबसँगै उपलब्ध गराउनुपर्ने छ। यस आ.व. को २०८१ चैत्रमा दिइने पोसाक सुविधा आगामी शैक्षिक सत्र २०८२ मा विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि भएकाले दोहोरो नपर्ने गरी वितरण गर्ने।

४. स्थानीय तहका लागि आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षकको तलबभत्ता निकासा गर्दा सबैका लागि शिक्षा -आधारभूत तह र माध्यमिक तह उपशीर्षकमध्ये कुनै एक बजेट उपशीर्षकमा बचत र अर्को उपशीर्षकमा अपुग भए बचत हुने उपशीर्षकबाट प्रक्रियागत रूपमा निर्णय गराई शिक्षकको तलब भत्ता निकासा दिन सकिनेछ।

५. विद्यालयले शिक्षक र कर्मचारीको तलब भत्ता बैङ्कमार्फत् भुक्तानी हुने व्यवस्था मिलाउनुपर्ने छ। विद्यालयले त्रैमासिकको पहिलो महिनामा ३ महिनाका लागि नियमानुसार आवश्यक तलब भत्ता स्थानीय तहमा माग गर्ने र सोका आधारमा स्थानीय तहले विद्यालयलाई निकासा दिई विद्यालयले शिक्षकलाई नियमानुसार मासिकरूपमा तलब भत्ता भुक्तानी हुने व्यवस्था मिलाउने।

६. यस अगाडि कक्षा ११ र १२ मा निकासा भएको दरबन्दीमा कार्यरत शिक्षकहरू मध्ये विद्यालयमा सम्बन्धित विषयको पाठन नभएको अवस्थामा ती शिक्षकहरूलाई विषय अनुसारको कार्यजिम्मेवारी तोकी अन्य विद्यालयमा व्यवस्थापन गर्ने। सो अनुसार स्थानीय तहभित्र व्यवस्थापन हुन नसकेमा केन्द्रमा तत्काल जानकारी गराउने।

## २.३ *विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत का क्रियाकलापको कार्यान्वयन प्रक्रिया:*

### २.३.१ क्रियाकलाप नं. १.१.४.१ प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १.१ **प्रारम्भिक बालविकास सहजकर्ता/शिक्षकको पारिश्रमिक :**<br>प्रारम्भिक बालविकास शिक्षकको पारिश्रमिक वितरण गर्नुपूर्व साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुदान प्राप्त गरेका स्थानीय तहका लागि स्वीकृत कोटा र स्थानीय तहको आफ्नै स्रोतबाट सञ्चालनको अनुमति प्राप्त बालविकास केन्द्रको छुट्टाछुट्टै अभिलेख यकिन गरी शैक्षिक सूचना व्षवस्थापन प्रणाली (Education Management Information System) मा अद्यावधिक गरी सो को प्रतिवेदनका आधार अनुदान निर्धारण गर्ने । यस क्रियाकलापमा विनियोजित रकम अनुदान दिँदा सङ्घीय सरकारबाट स्रोत व्यवस्थापन हुने विद्यालयगत बालविकास केन्द्र सङ्ख्या यकिन गर्ने । पारिश्रमिक अनुदान दिँदा सम्बन्धित विद्यालयसँग प्रमाणित हाजिरी र सिफारिस माग गरी स्थानीय तहबाट रुजु गर्ने । स्थानीय तहले विद्यालय र विद्यालयसँग मातृसम्बन्ध स्थापना गरी सञ्चालनमा रहेका प्रारम्भिक बालविकास शिक्षकको पारिश्रमिक प्रति महिना रू १०,०००।- का दरले १२ महिना र चाडपर्व खर्चका लागि हुन आउने रकम विद्यालयको खातामा अनुदान दिने । सम्बन्धित विद्यालयले शैक्षिक तथ्याङ्क EMIS मा भर्दा प्रारम्भिक बालविकास केन्द्रसम्बन्धी तथ्याङ्क अनिवार्यरूपमा भर्नुपर्नेछ । समुदायमा सञ्चालित प्रारम्भिक बालविकास शिक्षकको पारिश्रमिक अनुदान दिँदा मातृ विद्यालयले शैक्षिक तथ्याङ्क २०८१ भरी प्रमाणित भएको विवरणका आधारमा अनुदान दिने । स्थानीय तहबाट आफ्नो स्रोतले खर्च व्यहोर्ने गरी अनुमति दिएका बालविकास केन्द्रलाई EMIS फाराम भर्दा स्थानीय स्रोतबाट सञ्चालित खण्डमा अनिवार्यरूपमा उल्लेख गर्ने । यस प्रकारका प्रारम्भिक बालविकास कक्षामा कार्यरत शिक्षक पारिश्रमिक यस शीर्षक समावेश नभएकोले यो रकमबाट विद्यालयमा स्थानीय तहबाट आफ्नो स्रोतले खर्च व्यहोर्ने गरी अनुमति पाइ सञ्चालनमा रहेका बालविकास केन्द्रलाई अनुदान नदिने । स्थानीय तहले सामुदायिक विद्यालयमा १ भन्दा वढी वाल विकास केन्द्र भएमा अधिकतम २५ सम्म विद्यार्थी बराबर १ केन्द्र रहने गरी प्रत्येक विद्यालयमा न्यूनतम १ ओटा वालविकास केन्द्र हुने गरी बालविकास कोटालाई पुननर्वितरण गर्ने । यसरी पुनर्वितरण गर्दा केन्द्रबाट स्वीकृत भई कार्यान्वयनमा रहेका कोटा सङ्ख्यामा नवढ्ने गरी पुनर्वितरण गर्ने ।<br>**१.२ विद्यालय कर्मचारी व्यवस्थापन अनुदान**:<br>विद्यालयबाट अद्यावधिक शैक्षिक सुचना व्षवस्थापन प्रणालीमा यकिन भएका आधारभूत तथा माध्यमिक तह सञ्चालित विद्यालयमा तपसिलको सङ्ख्या र दरमा विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारी व्यवस्थापनका लागि यस क्रियाकलापबाट देहायअनुसारको पारिश्रमिक सम्बन्धित विद्यालयसँग प्रमाणित हाजिरी र सिफारिस माग गरी स्थानीय तहबाट रुजु गर्ने गरी पारिश्रमिकका रूपमा अनुदान दिने :<br>क) प्रत्येक सामुदायिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रू ८०००।- का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्चका लागि अनुदान उपलब्ध गराउने,<br>क) प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा थप एक जना विद्यालय सहायक कर्मचारीका लागि मासिक रू १३,५००। का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्चका लागि अनुदान उपलब्ध गराउने ।<br>१.३. स्थानीय तहले प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारण गरेबमोजिमको मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप गर्नुपर्ने छ । यसरी पारिश्रमिक उपलब्ध गराउदा स्थानीय | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• बालविकास केन्द्र व्यवस्थापन समिति<br>• विद्यालय<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • पारिश्रमिक अनुदान आदेश<br>• हाजिरी प्रतिवेदन<br>• विद्यालयले भरेको शैक्षिक तथ्याङ्क<br>• अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• पारिश्रमिक बुझेको भरपाइ |

| क्रियाकलाप  र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| तहले बाल विकासका शिक्षकलाई र विद्यालय सहायक कर्मचारीलाई आफ्नो स्रोतबाट व्यहोर्नेगरी  उल्लेखित न्यूनतम पारिश्रमिकभन्दा बढी हुने व्यवस्था मिलाउन समेत सकिनेछ,<br>१.४. स्थानीय तहले प्रारम्भिक बाल विकास केन्द्र तथा विद्यालय समायोजन/एकीकरण गर्दा सार्वजनिक विद्यालय सामायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ८ को उपदफा ४ मा उल्लेख भए अनुसार गर्ने । विद्यालय समायोजन भई कर्मचारी व्यवस्थापन गर्दा केन्द्रको  च. नं. २४३ मिति २०७८।१२।२२ को परिपत्र अनुसार गर्ने । यसको अभिलेख विद्यालय तथा स्थानीय तहमा छुट्टै राखी तोकिए बमोजिमको परिश्रमिक विद्यालयले स्थानीय तहमा माग गर्ने । स्थानीय तहले हाजिरी र पारिश्रमिक रुजु गरी यस शीर्षकबाट विद्यालयलाई थप अनुदान उपलब्ध गराउने । यसरी अनुदान उपलब्ध गराउदा यस क्रियाकलापमा विनियोजित रकम अपुग भएमा आधार र प्रमाण सहित केन्द्रमा माग गरी पठाउने,<br>**१.५.** प्रारम्भिक बालविकास शिक्षक/**सहजकर्ता, विद्यालय सहयोगी एवम् विद्यालय कर्मचारीलाई तोकिएको उच्च हिमाली जिल्ला (गोरखा जिल्लाको सिर्दिवास उत्तर, सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट) मा कार्यरतका लागि वार्षिक रू १५ हजार तथा अन्य जिल्लाका लागि वार्षिक रू१० हजार अरू शिक्षकले पाए सरह पोसाक खर्च उपलब्ध गराउने,**<br>**१.६. वाल विकास शिक्षक तथा** विद्यालय कर्मचारीका लागि अनुदान दिनुअगाडि नै सबै विद्यालयले सोको विवरण अनिवार्यरूपमा EMIS मा अद्यावधिक गर्नुपर्ने र सोको  अभिलेख स्थानीय तहमा पनि राख्ने व्यवस्था मिलाउने । | | |

**२.३.२ क्रियाकलाप नं. २.७.१३.५० प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान**

| उपक्रियाकलाप  र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| २.१. यस शीर्षकमा निम्नानुसारका उपक्रियाकलापको बजेट समावेश गरिएको छ । विद्यालयबाट भरिएको EMIS  प्रतिवेदनमा उल्लेखित विद्यार्थी सङ्ख्याका आधारमा स्थानीय तहले बजेट बाँडफाँड गरी विद्यालय (विशेष र एकीकृत विद्यालयसमेत) लाई अनुदान दिने :<br>प्रारम्भिक बाल विकास / पूर्व प्राथमिक कक्षामा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी इकाइ लागतका आधारमा  अनुदान — प्रति विद्यार्थी वार्षिक रू५००<br>सिकाइका लागि आन्तरिक विद्यार्थी मूल्याङ्कन: आबश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि — प्रति विद्यार्थी वार्षिक रू१००<br>शिक्षण सिकाइ  सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर  व्यवस्थापनका लागि  प्रति विद्यार्थी लागत अनुदान  (कक्षा १-५) — प्रति विद्यार्थी वार्षिक रू१५०<br>शिक्षण सिकाइ  सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि  प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) — प्रति विद्यार्थी वार्षिक रू२०० | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालय<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • निकासा आदेश<br>• अनुदान प्राप्त गर्ने विद्यालय/विद्यार्थी सख्या<br>• निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि तयार भएको पोर्टफोलियो<br>• OJT गर्ने विद्यार्थी सङ्ख्या<br>• प्रगति प्रतिवेदन<br>• विद्यालयले भरेको शैक्षिक तथ्याङ्क |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|

| | |
|---|---|
| शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) | प्रति विद्यार्थी वार्षिक रू२०० |
| राष्ट्रिय प्राविधिक सेवामा खटिएका जनशक्तिको निर्वाह खर्च | तोकिए अनुसार |
| प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | प्रति विद्यार्थी वार्षिक १५ हजार |
| शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) | प्रति विद्यार्थी वार्षिक रू२५० |

**२.२. शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान**:

प्रत्येक सामुदायिक विद्यालयले बालविकास कक्षा, कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ का विद्यार्थी सङ्ख्या EMIS बाट प्राप्त प्रतिवेदनबाट प्राप्त गरी उल्लेखित दरका आधारमा आवश्यक पर्ने रकम यकिन गरी स्थानीय तहमा माग गर्ने । विद्यालयबाट माग भएको रकम तथा तथ्याङ्क सत्यापन/रुजु गरी यकिन विद्यार्थी सङ्ख्या आधारमा उल्लेखित शीर्षक र इकाइ लागत अनुसार रकम हिसाव गरी प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अङ्क बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान दिने ।

२.३. विद्यालय व्यवस्थापन समितिले प्राप्त अनुदान रकमको परिधिभित्र रहेर यस कार्यक्रम कार्यान्वयन कार्यविधिमा तोकिएका क्रियाकलापहरू कार्यान्वयन गर्दा सघन कार्यक्रम कार्यान्वयनका लागि तोकिएका स्थानीय तहमार्फत विद्यालयका लागि निर्धारण गरिएका क्रियाकलापमा विनियोजित रकम अपुग भएमा सो विषयसमेतलाई आधार मानी विद्यालयले आवश्यकताको प्राथमिकीकरण गरी विद्यालय सुधार योजना कार्यान्वयन गर्न देहायका क्षेत्रमा निर्णय गरी अनुदान उपयोग गर्ने गरी स्थानीय तहले विद्यालयलाई कार्यान्वयन गर्न लगाउने :

२.३.१ विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न आधारभूत शिक्षा (कक्षा १-५) मा बुक कर्नरको व्यवस्था गर्ने । यसरी बुक कर्नरको व्यवस्था गर्दा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका गणित र पढाइ सीपसँग सम्बन्धित सन्दर्भ सामग्री प्रति कक्षा कम्तीमा १ सेट राख्ने,

२.३.२ प्रविधिमैत्री बैकल्पिक सिकाइका लागि आवश्यक पूर्वाधार, सामग्री र प्रविधिको प्रयोग (इन्टरनेट र विद्युत- जडान र महसुल, डिजिटल सिकाइ सामग्रीको व्यवस्था र उपयोग ) गर्ने,

२.३.३. विद्यालयमा सामान्य मर्मत सम्भार र दैनिक अत्यावश्यकीय सेवा/वस्तुको व्यवस्था (पिउने पानी, टेलिफोन, कम्प्युटर, इ-हाजिरी, सोलार, ल्याब, मेसिनरी सामान मर्मत, फर्निचर लगायत विद्यालयको सामान्य खालका मर्मत सम्भार आदि)

**२.४ प्रारम्भिक बालविकास कक्षामा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी इकाइ लागतका आधारमा अनुदान**

यो अनुदान शीर्षकबाट रकम उपलब्ध गराउदा शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापन तथा बालबालिकाको पोर्टफोलियो निर्माण गर्नका लागि शैक्षिक तथ्याङ्क २०८१ मा विवरण भरेका विद्यार्थीका लागि प्रति विद्यार्थीरू५००। का दरले हिसाब गरी प्रत्येक प्रारम्भिक बालविकास कक्षालाई एकमुष्ठ अनुदान दिने । विद्यालयले बालविकास शिक्षक/सहजकर्ताको राय परामर्शमा राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्री र वालविकास केन्द्रका लागि निर्धारित प्राथमिकता प्राप्त न्यूनतम मापदण्ड (Prioritorised Minimum Enabling Condition-PMEC) मा उल्लेखित (योग्यता एवम् तालिम प्राप्त शिक्षक, ६ सिकाइ क्षेत्र, बालमैत्री धारा, साबुन पानीसहितको शौचालय, चिसो र धुलोरहीत

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| बसाइ व्यवस्थापन) क्षेत्रमा वालविकास केन्द्रमा पूरा नभएका क्षेत्र पहिचान गरी उक्त क्षेत्र पूरा हुने गरी रकम खर्च गर्ने । केन्द्रमा प्रारम्भिक बालविकास तथा शिक्षाको राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्री तथा बालविकास केन्द्रका लागि तय भएका ६ ओटा सिकाइ क्षेत्र (भाषा,गणित,विज्ञान, सिर्जनात्मक कला, निर्माण र भूमिका अभिनय) का लागि कम्तीमा १०/१० सेट सामग्रीको व्यवस्था गर्ने । बालविकास केन्द्रले यस्ता सामग्री प्रत्येक वर्ष थप्दै जाने र प्रत्येक वर्ष खरिद एवम् सङ्कलन गरिएका सामग्रीको अभिलेख खडागरी प्रधानाध्यापकले प्रमाणित गरी राख्ने व्यवस्था मिलाउने । यसका लागि स्थानीय तहबाटसमेत बजेट व्यवस्थापन गर्न सकिने । यसअनुसारका मापदण्ड पूरा गरेका बालविकास केन्द्रको विवरण EMIS मा अद्यावधिक गर्न लगाउने ।<br>**२.५. सिकाइका लागि आन्तरिक विद्यार्थी मूल्याङ्कन, आवश्यक सामग्री तथा सुधारात्मक शिक्षण अनुदान:**<br>स्थानीय तहले कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थी रू.१००। का दरले विद्यालयलाई रकम उपलब्ध गराउने । सो रकमबाट विद्यालयले कक्षा १ देखि ३ सम्म अध्ययनरत प्रत्येक विद्यार्थीको पाठ्यक्रममा तोकिएबमोजिमको पोर्टफोलियो तयार गर्ने । कक्षा ४ देखि ८ सम्मका विद्यार्थीका हकमा यस अघिदेखि तयार भएको पोर्टफोलियोलाई नै अद्यावधिक गरी निरन्तर उपयोग गर्ने । कक्षा १-८ का विद्यार्थीको व्यक्तिगत सिकाइ योजना निर्माण र कार्यान्वयन गर्ने । सिकाइका लागि मूल्याङ्कन गर्न तोकिएका सिकाइ उपलब्धि र विद्यार्थीको व्यक्तिगत सिकाइ योजनाअनुसार सिकाइको लेखाजोखा र उपचारात्मक शिक्षण गर्ने । विद्यार्थीको फाइलमा आवश्यकताअनुसार विद्यार्थीका सिर्जनात्मक कार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, कक्षा सहभागिता, हाजिरी जस्ता विभिन्न अभिलेखसमेत राखी तिनीहरूको आधारमा मूल्याङ्कन गर्ने र उक्त फाइल माथिल्लो कक्षामासमेत उपयोग गर्ने । आन्तरिक विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम पाठ्यक्रममा उपलब्ध छ ।<br>**२.६. प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान :** स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ७ मा उल्लेखित विद्यालय तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने । यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थीहरूको विवरण EMIS मा अद्यावधिकमा अद्यावधिक गर्न लगाउने र EMIS मा अद्यावधिक सङ्ख्याको यकीन गरी शिक्षण सिकाइ सामग्री, ल्याब असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू.१५,०००।– का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने ।<br>**स्थानीय तहबाट प्राप्त अनुदान रकम विद्यालयले प्राथमिकताका आधारमा निम्नानुसार गर्ने :**<br>क) प्राथमिक तह तृतीय श्रेणीका शिक्षक सरहको १ जना ल्याब असिष्टेण्टका लागि १३ महिना पारिश्रमिकको व्यवस्था गर्ने ।<br>ख) प्रावधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३, प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा गरिएको दुबै ढाँचा अर्थात् कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना, कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यावहारिक अभ्यास गराउने । यसको व्यवस्थापन तपसिलअनुसार गर्नेः | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १. **विद्यार्थी निर्वाह खर्च :** व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने,<br>२. **आन्तरिक अनुगमन सहजीकरण :** सम्बन्धित विद्यालयका प्रशिक्षकबाट अनुगमन गर्ने व्यवस्था मिलाउने। सहजीकरण बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्ने। अनुगमनमा खटिने प्रशिक्षकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने,<br>३. **वाह्य अनुगमन मूल्याङ्कन :** व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचाअनुसार वर्षमा एकपटक गर्ने । यसका लागि अनुगमन मूल्याङ्कन निर्देशिकामा उल्लेख भएको आधार लिई जिल्लाभित्रकै रोस्टर प्रशिक्षकलाई परीक्षा बोर्डले तोक्नेछ । जिल्लाभित्र प्रशिक्षक नपाइएमा नजिकको जिल्लाबाट पठाइने छ । अनुगमनमा खटिने प्रशिक्षकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसारको दैनिक भ्रमण भत्ता विद्यालयले प्राप्त रकमबाट उपलब्ध गराउने।<br>ग) उल्लेखित क्षेत्रमा खर्च गरी रकम वचत भएमा विद्यालयले कार्ययोजना बनाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार ल्याबको सुदृढीकरण, ल्यावमा प्रयोग हुने दैनिक सामग्रीको प्रवन्ध, पुस्तकालयमा पाठ्यपुस्तक विकास नभएका विषयहरूको हकमा विकास भएका पाठ्यसामग्री खरिद गरी पुस्तकालयमा व्यवस्था गर्ने र उक्त सामग्रीलाई विद्यार्थीले घरमा लगि अध्ययन गर्न चाहेमा विद्यालयले आलोपालो लैजाने प्रबन्ध मिलाउने, यसका अतिरिक्त पढदै कमाउदै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम कार्यक्रम कार्यान्वयनमा रहेको भए सो क्षेत्रमा समेत खर्च गर्ने।<br>**२.७. राष्ट्रिय प्राविधिक सेवामा खटिएका जनशक्तिको निर्वाह खर्च :**<br>गत शैक्षिक सत्रबाट लागत साझेदारीमा दक्ष प्राविधिक जनशक्ति विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०८० अनुसार छनोट भई माध्यमिक तहमा प्राविधिक धार सञ्चालित विद्यालय/शिक्षालयमा कार्यरत रहेका जनशक्तिहरूका लागि माध्यमिक तह तृतीय श्रेणीको सुरु तलव स्केल अनुसारको १२ महिना वरावरको निर्वाह खर्चका लागि अन्य शिक्षकको तलव भत्ता सगै छुट्टै सिटमा हिसाव गरी स्थानीय तहमा रकम माग गर्ने। स्थानीय तहले कागजात रुजु गरी विद्यालयलाई निकासा उपलब्ध गराउने। विद्यालयले कार्यरत जनशक्तिलाई निर्वाह खर्च उपलब्ध गराउने। चालु आर्थिक वर्ष २०८१।८२ मा छनोट भई विद्यालयमा खटिइएका जनशक्तिको हकमा हाजिर भएको विद्यालयगत विवरणका आधारमा आवश्यक पर्ने बजेट अलग्गै माग गरि केन्द्रमा पठाउने। | | |

२.३.३ **क्रियाकलाप न. २.४.६.२ सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत)**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **३.१. प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान** :<br>यस शीर्षकमा रहेको अनुदान रकम निम्नानुसार व्यवस्थापन गर्ने :<br>**क) स्थानीय तह :**<br>१. विद्यालयले माग गरेको विद्यार्थी सङ्ख्यासहित रकमलाई EMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय<br>**सहजीकरण/समन्वय** | • निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी सङ्ख्या<br>• पुस्तकालय अनुदान प्राप्त गर्ने माध्यमिक |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| विषयगत पाठ्ययपुस्तकको सङ्ख्या यकिन गर्ने,<br>२. यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत कक्षागत दररेटका आधारमा(कक्षा ९-१०को ऐच्छिक विषय समेतको) हिसाब गरी अनुदान उपलब्ध गराउने (स्वीकृत दररेटको सूची पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट प्राप्त गर्न सकिने छ),<br>३. अनुदान उपलब्ध गराउँदा अनुमति प्राप्त परम्परागत विद्यालयका रूपमा सञ्चालित मदरसा, गुम्बा एवम् गुरूकुलमा अध्ययनरत विद्यार्थीका लागिसमेत विद्यालयले भरेको शैक्षिक तथ्याङ्कका आधारमा उपलब्ध गराउने,<br>४. प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीका हकमा अनिवार्य विषयका लागि अन्य विद्यार्थी सरह निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने। पाठ्यपुस्तक विकास नभएका विषयको हकमा पाठ्यसामग्री पुस्तकालयमा व्यवस्था गर्ने। यस सम्वन्धमा प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान उपक्रियाकलापमा उल्लेखित प्रक्रिया बमोजिम गर्ने,<br>५. विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि शैक्षिक सत्र सुरु हुनुभन्दा ३ महिना अगावै विद्यालयको खातामा अनुदान दिने। यसरी अनुदान दिंदा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई हिसाव गरी अनुदान दिने। शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गर्ने। सुरुको ७५% निकासा रकम वचत हुन आएमा विद्यालयमा निकासा हुने अन्य शीर्षकको रकमबाट कटाई स्थानीय तहले हिसाव मिलान गर्ने ,<br>६. कक्षा ११ र १२ का अनिवार्य विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट तोकिएको मूल्यअनुसारको रकम हिसाव गरी विद्यालयमा निकासा दिने। ऐच्छिक विषयका पाठ्यपुस्तकहरूको हकमा प्रतिविद्यार्थी लागत अनुदान शीर्षक आवश्यक सेट खरिद गर्न लगाई विद्यालयको पुस्तकालयमा राखी विद्यार्थीलाई आलोपालो अध्ययन गर्ने व्यवस्था मिलाउने,<br>७. **स्थानीय विषय/मातृभाषाको पाठ्य सामग्री व्यवस्थापन:** विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम स्थानीय तह/विद्यालयबाट विकास भई स्वीकृत भएको पाठ्यक्रममा आधारित स्थानीय विषय/मातृभाषाको समेत पठ्यपुस्तक/पाठ्यसामग्री स्वीकृत गरी स्थानीय तहले प्रत्येक विद्यार्थीलाई मुद्रित प्रति उपलब्ध गराउने गरी रकम वा पाठ्यसामग्री विद्यालयलाई उपलब्ध गराउने। यस प्रयोजनका लागि तोकिएको कक्षाका लागि विषयगत मूल्य सूचीमा उल्लेखित १०० पूर्णाङ्कका विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्य तोकेको विषयको मूल्यभन्दा बढी खर्च सङ्घीय अनुदानबाट नगर्ने। यसमा रकम नपुग भएमा स्थानीय तहले साझेदारी गर्न सक्ने। स्थानीय विषय/मातृभाषाका लागि अनुदान दिंदा दोस्रो भाषा वा अन्य विषयका पाठ्य पुस्तक वा पाठ्य सामग्रीका लागि रकम अनुदान दिने वा खर्च लेख्ने काम नगर्ने नगराउने,<br>८. विद्यार्थीले शैक्षिक सत्रको सुरुआतमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको हुने,<br>९. **पाठ्यपुस्तक वितरण व्यवस्थापन:** स्थानीय तहले शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तकको उपलब्धता र वितरणको सम्बन्धमा बिक्रेता र विद्यालयबिच समन्वय गर्ने । सोको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइमार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पाठ्यक्रम तथा सामग्री शाखामा जेठको पहिलो हप्ताभित्र अनिवार्य रूपमा पठाउने, | • शिक्षा विकास तथा समन्वय इकाइ | (कक्षा ११-१२) विद्यालय सङ्ख्या<br>• अनुगमन प्रतिदेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १०. पाठ्यपुस्तक व्यवस्थापनसम्बन्धी कार्य "पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९" बमोजिम गर्ने गराउने,<br>११. जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्ध भए नभएको, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने,<br>**ख) विद्यालयस्तर**<br>१. सामुदायिक विद्यालयले चालु शैक्षिक सत्रको कक्षा १-१२ का विद्यार्थी सङ्ख्या EMIS बाट प्राप्त प्रतिवेदनबाट प्राप्त गरी पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत कक्षागत दरका आधारमा आवश्यक पर्ने अनुमानित सङ्ख्यामा ७५% अनुदान हिसाव गरी शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगावै तोकिएको विवरण सहित स्थानीय तहमा माग गर्ने,<br>२. विद्यालयले आवश्यक नयाँ पाठ्यपुस्तकको कक्षागत र विषयगत यकिन विवरण स्थानीय तहमा समयमा नै उपलब्ध गराउने,<br>३. स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक उपलब्ध गराउने,<br>४. विद्यालयले कक्षा ९ र १० का विद्यार्थीका लागि हरेक कक्षामा ऐच्छिक विषयसमेत सेटमा नै नयाँ पाठ्यपुस्तक खरिद गरी वितरण गर्ने र कक्षा कक्षा ११ र १२ का ऐच्छिक विषयका पाठ्यपुस्तकहरू विद्यालयको पुस्तकालयमा व्यवस्था गरी विद्यार्थीलाई अध्ययन गर्ने व्यवस्था मिलाउने,<br>५. विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई विद्यालयले स्थानीय तहमा पेस गर्ने, र<br>६. निःशुल्क पाठ्यपुस्तकअन्तर्गत अनुदान प्राप्त रकमबाट स्थानीय विषय/मातृभाषा वाहेका पाठ्यपुस्तक हकमा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित पुस्तक मात्र खरिद गर्ने।<br>**३.२. स्थानीय तहले आर्थिक वर्षभित्र विभिन्न चरणमा कक्षा १-१२ मा निःशुल्क पाठ्यपुस्तकका लागि विद्यालयलाई निकासा दिइएको विद्यार्थी सङ्ख्या तथा अनुदानको एकीकृत अभिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखीकरण गर्ने।**<br>**३.३. निःशुल्क पाठ्यपुस्तकका लागि अनुदानबाट विद्यालयले पुराना पाठ्यपुस्तक प्रयोग गरी अनुदान रकम अन्य शीर्षकमा खर्च गर्नुहुदैन । साथै स्वीकृत बाहेकका अन्य पाठ्यसामग्री तथा अनुमति प्राप्त नगरेको संस्थाबाट छपाइ भएको पाठ्यपुस्तक खरिद गरी प्रयोग गर्नु हुदैन ।** | | |

२.३.४ **क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय)**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क) यस क्रियाकलापमा निम्नानुसारका छात्रवृत्ति वितरणसँग सम्वन्धित उपक्रियाकलापहरूको रकम समावेश गरिएको छ। स्थानीय तहले तपसिल अनुसारका उपक्रियाकलाप अनुसार आवश्यक पर्ने रकम EMIS मा रहेको अद्यावधिक तथ्याङ्कका आधार हिसाव गरी माग गर्न लगाउने। स्थानीय तहले मागलाई रुजु गरी कार्यक्रममा स्वीकृत रकमको बाँडफाँड गरी विद्यालयमा अनुदान उपलब्ध गराउने। यसो गर्दा स्थानीय तहले विगतदेखि आवासीय छात्रावास सञ्चालनमा रहेका तपसिलअनुसारको प्रकृति पहिचान गरी सञ्चालनको अवस्था एवम् विद्यार्थी सङ्ख्या | <u>**मुख्य जिम्मेवार**</u><br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय | • छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या<br>• निर्णय कार्यविधि<br>• छात्रवृत्ति वितरणको |

<table>
<tr><th>उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr><td>
यकिन गर्ने । छात्रवृत्तिको रकम उपलब्ध गराउँदा आवासमा बस्ने विद्यार्थीलाई प्राथमिकता दिई त्रैमासिक रूपमा उपलब्ध गराउने । अन्य गैह आवासीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने । विद्यालयले त्रैमासिक रूपमा उपलब्ध गराउनेछात्रवृत्ति बाहेक अन्य छात्रवृत्ति शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्नेछ । स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने ।<br>
ख) विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत विद्यालय तहमा अध्ययनरत विद्यार्थीका लागि मात्र छात्रवृत्ति उपलब्ध हुने भएकाले उच्च शिक्षा तर्फ मुक्त कमलहरी, द्वन्द्व पीडित, सहिदका छोराछोरी र अपाङ्गता भएका विद्यार्थी लगायतको छात्रवृत्तिका रकम यस क्रियालापबाट रकम उपलब्ध नगराउने ।<br>
४.१. आवासीय छात्रवृत्ति (कक्षा १-१२)
<table>
<tr><th>छात्रवृत्ति</th><th>दर</th></tr>
<tr><td>मुक्त कमलरी छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५० हजार</td></tr>
<tr><td>अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५० हजार</td></tr>
<tr><td>फिडर छात्रावासमा अध्यनरत छात्रालाई छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५० हजार</td></tr>
<tr><td>सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्यनररत छात्रछात्रालाई छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५० हजार</td></tr>
<tr><td>हिमाली आवासीय छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५० हजार</td></tr>
<tr><td>विद्यालयमा अध्ययनरत अति सीमान्तकृत समुदायका विद्यार्थीका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५० हजार</td></tr>
<tr><td>सडक बालबालिका तथा बालश्रमिकका लागि आवासीय शैक्षिक प्रबन्धका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५० हजार</td></tr>
<tr><td>HIV प्रभावित बालबालिका तथा वादी समुदायका विद्यार्थीका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५० हजार</td></tr>
</table>
४.१.१ सबै प्रकारका आवासीय छात्रवृत्तिका लागि विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका, २०७१ तथा विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ अनुसार हुने गरी छात्रावासमा बसी अध्ययन गर्ने विद्यार्थीको बसाइलाई व्यवस्थित गर्न रकम खर्च गर्ने ।<br>
४.१.२ आवासमा बसी अध्ययन गर्ने विद्यार्थीका लागि प्रति विद्यार्थी प्रति महिना ५ हजारको दरले हिसाब गरी दश महिनाको रू. ५०,००० (पचास हजार) सम्मको रकम अनुदान दिने ।<br>
४.१.३ आवासीय विद्यालयको छात्रावास व्यवस्थापन खर्च क्रियाकलाप नं. २.७.१३.१० मा विनियोजन भएकोले सोही बमोजिम गर्नुपर्ने छ ।<br>
४.१.४ अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति वितरणका आधारहरू:<br>
क) अपाङ्गता भएका बालबालिकाको अध्ययन अवसरमा अभिवृद्धि र सिकाइमा गुणस्तर कायम गर्नका लागि आवासीय शैक्षिक सेवा, सहयोगी सहायता सेवा, यातायात सेवा र शैक्षिक सामग्री एवम् प्रोत्साहन गरी चार प्रकारको छात्रवृत्तिको व्यवस्था गरिएको छ । विद्यालयमा रहेका अपाङ्गता भएका विद्यार्थीलाई अपाङ्गताको अवस्थाअनुसार पहुँचका आधारमा छात्रवृत्तिको प्रकार निर्धारण गरी विद्यालयगत छात्रवृत्तिको व्यवस्था मिलाई विद्यार्थीले पाउने गरी विद्यालयमा अनुदानको व्यवस्था गर्ने ।
</td><td>
• विद्यालय व्यवस्थापन समिति<br>
<u>सहजीकरण/समन्वय</u><br>
• शिक्षा विकास तथा समन्वय इकाइ
</td><td>
भरपाइ<br>
• छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसीसहितको विवरण
</td></tr>
</table>

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
| --- | --- | --- |
| ख) विगतदेखि स्रोत कक्षा सञ्चालनमा रहेका विद्यालयमा प्राप्त रकम उपयोग गरी विद्यालयबाटै आवास सञ्चालन भएको भए विद्यालयले साविकबमोजिम आवासीय शैक्षिक सुविधा व्यवस्थापन खर्चमा प्रयोग गर्ने र अभिभावकबाट समुदायमा आवास सञ्चालन गरेको भए अभिभावकको रोहवरमा विद्यार्थीलाई बुझाउने । कुनै संस्थासँग सम्झौता भई आवास व्यवस्थापन गरेको भए उक्त संस्था र आवास व्यवस्थापन नभएको अवस्थामा विद्यार्थी डेरा लिई बसेको भएमा सम्बन्धित वडा कार्यालयको सिफारिसलाई आधार मानी यस प्रकारका विद्यार्थीहरूलाई विद्यालयमार्फत तोकिएको रकम दिने ।<br>ग) स्रोत कक्षामा आवासीय रूपमा नबस्ने वा स्रोत कक्षा नभएको अन्य विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका भएका विद्यार्थीलाई छात्रवृत्ति रकम सम्बन्धित अभिभावकको रोहवरमा विद्यालयले वितरण गर्ने ।<br>घ) छात्रवृत्तिको प्रकार, विभाजनका आधारहरू र विद्यार्थीले पाउने छात्रवृत्ति देहायबमोजिम रहेका छन्ः<br><br>१. **आवासीय छात्रवत्ति**: स्थानीय तहले भौगोलिक अवस्था, विद्यालय र घरको दुरी, अपाङ्गताको गम्भीरता र समुदायमा उनीहरूलाई अध्ययनका लागि अनुकूल विद्यालय/सिकाइ केन्द्र नभएको कारणले घरबाट दैनिक रूपमा विद्यालयमा आउन जान नसक्ने एवम् अध्ययनका लागि विद्यालयले व्यवस्था गरेको आवास तथा सङ्घ संस्था वा अभिभावकले सञ्चालन गरेको होस्टेलमा बस्ने वा डेरामा बसेको भनी सम्वन्धित वडा कार्यालयबाट प्रमाणित भई आएका अपाङ्गता भएका बालबालिकाको सङ्ख्याको आधारमा प्रति विद्यार्थी प्रति महिना रू. ५,०००।- का दरले १० महिनाका लागि जम्मा रू. ५०,०००।– रकम विद्यालयलाई अनुदान दिने । विद्यालयले यस प्रकारको छात्रवृत्ति रकमबाट उल्लेख भएका लक्षित छात्र छात्राहरूका लागि खाना तथा खाजा, आवास व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने । सोमध्ये व्यक्तिगत सरसफाइका लागि आवश्यकपर्ने सामग्री (जस्तैः साबुन, काइयो, दन्त मञ्जन, बुरूस, नेलकटर, कोल्डक्रिम, स्याम्पु, रूमाल आदि) खरिद गर्न प्रति विद्यार्थी मासिक रू. ५००/- का दरले १० महिनाको जम्मा रू. ५,०००।- सम्बन्धित छात्र छात्रालाई भरपाइ गराई नगद नै अनिवार्य रूपमा उपलब्ध गराउने र बाँकी रकमबाट आवास व्यवस्थापन गर्ने । पूर्ण श्रवणदृष्टि विहीनता भई चौबिसै घण्टा अभिभावक वा संरक्षकको सहयोग चाहिने (क) श्रेणीका गैरआवासीय बालबालिका र बहुअपाङ्गताभएका निरन्तर अभिभावकको आवश्यकता पर्ने बालबालिलकालाई समेत यो छात्रवृत्ति प्रदान गर्ने ।<br>पुनश्चः कुनै सङ्घ/ संस्था/ तह/ व्यक्तिले सम्झौता गरी अपाङ्गता भएका बालबालिकाका लागि आवास व्यवस्थापन गर्न रकम उपलब्ध गराएको भएमा सोही प्रयोजनका लागि दोहोरो नपर्ने गरी आवासीय छात्रवृत्ति उपलब्ध गराउने ।<br>२. **सहयोगी सहायता सेवा छात्रवृत्ति (गैर आवासीय)**: घरबाट आउँदा जाँदा र विद्यालयमा रहँदा निरन्तररूपमा अरूको सहयोग र साधन आवश्यक पर्ने अपाङ्गता भएकालाई प्रति विद्यार्थी प्रति महिना रू.५००।- का दरले १० महिनाका लागि रू.५,०००।-<br>३. **यातायात सेवा छात्रवृत्ति (गैर आवासीय)**: घरबाट आउँदा जाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्गता भएका बालबालिकालाई प्रति विद्यार्थी प्रति महिना रू.३००।- का दरले १० महिनाका लागि रू.३,०००।-<br>४. **शैक्षिक सामग्री छात्रवृत्ति (गैर आवासीय):** घरबाट विद्यालयसम्म साथीहरूसँग वा आफै आउन जान सक्ने अवस्थाको अपाङ्गता भएकालाई प्रति विद्यार्थी प्रति महिना रू.१००।- का दरले १० महिनाको रू.१,०००।- | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ङ) कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने छ। छात्रवृत्ति वितरण गर्दा अपाङ्गता परिचय पत्र अनिवार्य रूपमा पेस भएको हुनुपर्ने छ। अपाङ्गता भएका विद्यार्थी पहिचान गरी छात्रवृत्तिको निर्धारण गर्न र अपाङ्गता भएका बालबालिकाको शैक्षिक सहुलियत तथा सुविधाहरूको उपलब्धताको सुनिश्चितता र प्रभावकारिताको विषयमा अनुगमन र निरीक्षण गर्ने लागि स्थानीय तहको आफ्नो अन्य कुनै संयन्त्र नभए शिक्षा हेर्ने प्रमुखको संयोजकत्वमा अपाङ्गता क्षेत्रमा काम गर्ने सङ्घ संस्थाका प्रतिनिधि, स्थानीय तहको स्वास्थ्य शाखाको प्रतिनिधि, स्रोत शिक्षक र सम्बन्धित क्षेत्रका विज्ञ प्रतिनिधिहरू र जिल्लाको लेखाजोखा केन्द्रको संयोजकसमेतको सहभागिता रहने गरी प्रत्येक स्थानीय तहमा विद्यार्थी लेखाजोखा प्राविधिक समिति गठन गर्ने।<br>च) अपाङ्गता भएका बालबालिकाको सामाजिक समावेशीकरणमासमेत मदत पुग्ने गरी बालबालिकालाई दैनिक रूपमा घरबाट आवतजावत गर्न प्रोत्साहित गर्ने र सोका लागि साधन (साइकल, ट्राइसाइकल, रिक्सा, ह्विलचियर वा अन्य आवश्यक सहायता सामग्री) खरिदमा आवश्यक परे निजले सो आर्थिक वर्षभरिमा पाउन सक्ने गैरआवासीय छात्रवृत्ति रकमबाट एकमुष्ट अग्रिम उपलब्ध गराउने व्यवस्था मिलाउन सकिने।<br>छ) अपाङ्गता भएका बालबालिकाका लागि सञ्चालनमा रहेका स्रोत कक्षामा विद्यार्थी घटेर वा विद्यार्थी नभएको कारण बन्द हुने अवस्थामा रहेमा स्थानीय तहले विद्यार्थी लेखाजोखा प्राविधिक समितिको सिफारिसमा आफ्नो स्थानीय तहभित्र सोही प्रकृतिको अपाङ्गता भएको स्रोत कक्षामा गाभ्न, सार्न, बन्द गर्न वा अर्को प्रकारको अपाङ्गता भएको स्रोत कक्षामा परिवर्तन गर्न सकिने छ तर एक स्थानीय तहबाट अर्को स्थानीय तहमा गाभ्न, सार्न वा परिवर्तन गर्नुपर्ने भएमा दुबै स्थानीय तहको सहमतिमा शिक्षा विकास तथा समन्वय इकाइले गर्न सक्नेछन्। यसको जानकारी इकाइले अविलम्ब केन्द्रको समावेशी शिक्षा शाखालाई गराउनुपर्नेछ।<br>ज) हाल सञ्चालनमा रहेका स्रोत कक्षाहरूमध्ये विद्यार्थी सङ्ख्या ५ जनाभन्दा कम भएका स्रोत कक्षामा तोकिएको बजेट निकासा नगरी त्यस्ता स्रोत कक्षालाई अपाङ्गताको क्षेत्र मिल्ने अर्को विद्यालयको सम्बन्धित अपाङ्गता क्षेत्रको स्रोत कक्षामा गाभ्ने। सोको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको समावेशी शिक्षा शाखामा पठाउने तर उस्तै प्रकारको अपाङ्गताको स्रोत कक्षा नभएको अवस्थामा र विद्यार्थी सङ्ख्या ५ जनाभन्दा कम भएता पनि विद्यार्थीको अध्ययनको बैकल्पिक व्यवस्था नभएसम्म अनुदानको निरन्तरता दिने।<br>४.१.५ **सडक बालबालिका तथा बालश्रमिकका लागि आवासीय शैक्षिक प्रबन्ध**: यस उपक्रियाकलापमा बजेट विनियोजन रहेका महानगरपालिकाले विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सडक बालबालिका तथा बालश्रमिक पहिचान गरी उनीहरूको पढाइ सुनिश्चिताका लागि शिक्षाका क्षेत्रमा क्रियाशील सङ्घसंस्थासँग सहकार्य गरी आवासको प्रबन्ध मिलाउन नजिकको विद्यालयसँग सहकार्य गर्न गत आर्थिक वर्षबाट सञ्चालनमा रहेका विद्यालयलाई निरन्तरतता दिने।<br>४.१.६. फिडर छात्रावासमा अध्यनरत छात्रालाई आवासीय छात्रवृत्ति, सार्वजनिक निजी साझेदारीमा सञ्चालित ६८९औ विद्यालयमा स्वीकृत कोटामा अध्ययनरत छात्रछात्रालाई छात्रवृत्ति, हिमाली आवासीय छात्रवृत्ति, विद्यालयमा अध्ययनरत अति सीमान्तकृत समुदायका विद्यार्थीका लागि आवासीय छात्रवृत्तिको अनुदान उपलब्ध गराउँदा स्वीकृत कोटा तथा विद्यालय सञ्चालनको स्थलगत निरीक्षण अनुगमन प्रतिवेदनका आधारमा यकिन गरी निकासा दिनुपर्ने छ।<br>**४.१.७. HIV प्रभावित बालबालिका तथा वादी समुदायका विद्यार्थीका लागि आवासीय प्रबन्ध** वापतको छात्रवृत्ति विद्यार्थीलाई उपलब्ध गराउँदा देहायबमोजिमको प्रक्रिया अबलम्बन गर्नुपर्नेः | | |

<table>
<tr><th>उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr><td>
HIV सङ्क्रमित वा प्रभावित बालबालिकाका लागि छात्रवृत्तिको रकम निकासा भएको स्थानीय तहले आफ्नो स्थानीय तह वा सोभन्दा बाहिर स्थानीय तह वा जिल्लाका विद्यार्थी त्यस स्थानीय तहअन्तर्गत का विद्यालयमा अध्ययनरत रहेको अवस्थामा त्यस्ता प्रकृतिका विद्यार्थी विद्यालयमा अध्ययनरत रहेको सुनिश्चितता हुने आधार प्रमाण राखेर छात्रवृत्ति वापतको रकम निकासा गर्ने,<br>
क. सम्बन्धित विद्यार्थीको जन्मदर्ता, विद्यालयमा अध्ययनरत रहेको व्यहोरा खुल्ने सम्बन्धित विद्यालयको पत्र, अभिभावकको स्थायी र अस्थायी ठेगानासहितको विवरण – HIV संक्रमित पुष्टि भएको अस्पताल/ चिकित्सकको प्रमाणित विवरणसमेतको अभिलेख राख्ने,<br>
ख. यस प्रकृतिका बालबालिकालाई आवासीय सुविधासमेत उपलब्ध गराउने गरी प्रत्यक्ष निगरानीसमेत गर्ने कार्य गर्ने सङ्घ संस्थाहरूबाट आवश्यक विवरणसहित छात्रवृत्ति वापतको रकम माग भई आएमा स्वीकृत बजेटको परिधिभित्र रही छात्रवृत्ति वापतको रकम उपलब्ध गराउन सकिने,<br>
ग. यस प्रकृतिका बालबालिकाको विवरणको गोपनीयता कायम हुने गरी विवरण सङ्कलन गर्ने र गोप्य रूपमा राख्ने व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने।<br>
घ. यस्ता प्रकृतिका विद्यार्थी अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्न चाहेमा अन्य आवासीय विद्यार्थी सरहको छात्रवृत्ति अनुदान उपलब्ध गराउने।<br>
ङ. विद्यार्थीको गोपनीयता कायम गरी बैङ्कखातामार्फत रकम उपलब्ध गराउने।<br>
४.१.८. फिडर छात्रावासमा नयाँ विद्यार्थी भर्ना गर्दा कक्षा ११ र १२ मा भौतिक रसायन र जीव विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई प्राथमिकता दिने । सो नभएको अवस्थामा फिडर छात्रावास रहेको विद्यालयमा प्राविधिक धारमा अध्ययनरत विद्यार्थीलाई पनि प्रथामिकताक्रममा राख्ने।<br>
४.१.९. फिडर छात्रावासमा छात्रबृति कोटामा विद्यार्थी छनोट गर्दा मौजुदा व्यवस्थामा उल्लेख भएका विषयका अतिरिक्त अभिभावक विहीन, अनाथ बालिका तथा अति विपन्न छात्रालाई छनोट गरी छात्रावासमा बसी अध्ययन गर्ने व्यवस्था मिलाउने।<br>
४.२ गैरआवासीय छात्रवृत्ति : EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयलाई तपसिलअनुसार छात्रवृत्ति रकम अनुदान दिने :
<table>
<tr><th>छात्रवृत्ति</th><th>दर</th></tr>
<tr><td>छात्रा छात्रवृत्ति कक्षा १-५ कर्णाली प्याकेजसमेत</td><td>क) मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाको हकमा १-५ मा अध्ययनरत छात्राका लागि वार्षिक रू .१०००। (एक हजार)<br>ख) अन्य जिल्लाको हकमा प्रति विद्यार्थी वार्षिक रू ४००।- का दरले।</td></tr>
<tr><td>दलित छात्रवृत्ति (कक्षा १-५)</td><td>प्रति विद्यार्थी वार्षिक रू ४०० ।</td></tr>
<tr><td>आधारभूत तह (कक्षा १-५) मा अध्ययनरत लक्षित समूह विद्यार्थीका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रू ५०० ।</td></tr>
<tr><td>मुक्त कम्लहरीका लागि छात्रवृत्ति गैर आवासीय</td><td>४.२.१ अनुसार</td></tr>
</table>
</td><td></td><td></td></tr>
</table>

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय — ४.१.४अनुसार<br>**४.२.१ मुक्त कम्लहरीका लागि छात्रवृत्तिः**<br>विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम घरबाट आवतजावत गर्ने मुक्त कम्लहरीहरूलाई स्पष्ट पहिचान गरी देहायबमोजिम छात्रवृत्ति प्रदान गर्ने :<br>क) आधारभूत तह (कक्षा १-८) का लागि प्रति विद्यार्थी मासिक रू १५०/- का दरले १० महिनाको वार्षिक रू १,५००/-<br>ख) माध्यमिक तह (कक्षा ९-१०) का लागि प्रति विद्यार्थी मासिक रू १८०/- का दरले १० महिनाको वार्षिक रू १,८००/-<br>ग) माध्यमिक तहको छात्रवृत्ति (कक्षा ११-१२) का लागि प्रति विद्यार्थी मासिक रू ५००/- का दरले १० महिनाको वार्षिक रू ५,०००/-<br>**४.२.२ अपाङ्गता भएका विद्यार्थीका लागि गैर आवासीय छात्रवृत्ति (कक्षा १-१२):**<br>आवासीय छात्रवृत्तिमा उल्लेखित छात्रवृत्ति वितरणका आधारमा अपाङ्गता भएका बालबालिकालाई (आवासीय बाहेक) पहुँचका आधारमा विद्यार्थी वर्गीकरणको दररेटअनुसार यस शीर्षकबाट छात्रवृत्ति वितरण गर्ने। छात्रवृत्ति व्यवस्थापन गर्दा विद्यालयले :<br>क) यस शीर्षकमा उल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृत्ति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दरअनुसारको शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने।<br>ख) छात्रवृत्ति अनुदान प्राप्त विद्यालयको विव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरूलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घसमेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान (छात्रवृत्ति)मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरू तय गरी छात्रवृत्ति पाउने छात्रछात्राको नामावलीसहितको विवरण अद्यावधिक गर्ने। सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रूपमा टाँस्न लगाउने।<br>**४.२.३ आधारभूत तह** (कक्षा १-५) **मा अध्ययनरत लक्षित समूह विद्यार्थीका लागि छात्रवृत्ति**:<br>नेपाल सरकारद्वारा घोषित अति सीमान्तकृत, लोपोन्मुख जातजाति **तथा सीमान्तकृत समूह लगायत** मुसहर, चेपाङ, राउटे, डोम, दुसाद, बनकरिया, कुसुन्डा, हायु, किसान, कुसबाडिया, लेप्चा, मेचे, राजी, सुरेल, बरामु, बोटे, दनुवार, धानुक, झाँगड, लोहमी, माझी, सतार/सन्थाल, सियार, थामी, थुडाम, बादी एवम् मुक्त कमैया, वादी, हलिया, चरूवा तथा कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्राका लागि आधारभूत तह (कक्षा १-५) मा अध्ययनरत विद्यार्थी सङ्ख्या यकिन गरी प्रति विद्यार्थी वार्षिक रू ५ सयका दरले विद्यालयमा अनुदान उपलब्ध गराउने। विद्यालयले अन्य छात्रवृत्तिमा दोहोरो नपर्ने गरी छात्रवृत्तिको रकम उपलब्ध गराउने सोको जानकारी स्थानीय तहको शिक्षा शाखामा गराउने।<br>**४.२.४** आवासीय छात्रवृत्ति आवासमा निरन्तर रहेर अध्ययनरत विद्यार्थीलाई आधार मानी खर्च गर्ने तथा गैर आवासीय छात्रवृत्ति (अपाङ्गता भएका बालबालिका बाहेकको हकमा) विद्यार्थीका लागि शैक्षिक सत्र सुरु भएको २ महिनाभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था मिलाउने।<br>४.२.५ छात्रवृत्तिको रकम दोहोरो पर्ने अवस्थामा भएमा विद्यार्थीको रोजाइमा कुनै एक छात्रवृत्ति मात्र प्रदान गर्ने। | | |

### २.३.५ *क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान*

<table>
<tr><th colspan="2">उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr><td colspan="2">५.१ यस क्रियाकलापमा निम्नानुसारका उपक्रियाकलापहरूको बजेट समावेश गरिएको छ। स्थानीय तहले विद्यालय सञ्चालनको अवस्था यकिन गरी तपसिलका कार्यक्रमका लागि स्वीकृत बजेटको बाँडफाँड गरी विद्यालयको मागका आधारमा अनुदान उपलब्ध गराउने:</td><td rowspan="16"><u>मुख्य जिम्मेवार</u><br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br><u>सहजीकरण/समन्वय</u><br>• शिक्षा विकास तथा समन्वय इकाइ</td><td rowspan="16">• अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• विद्यालयमा उपलब्ध शैक्षिक सामग्री र प्रयोगको अवस्था<br>• विद्यालयमा दिएको निकासा पत्र<br>• निर्माण तथा अद्यावधिक भएका विद्यालय सुधार योजना सङ्ख्या<br>• विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन<br>• सञ्चालनमा रहेका MGML तथा वहुभाषिक विद्यालय सङ्ख्या<br>• इन्टरनेट प्रयोग गर्ने विद्यालय सङ्ख्या</td></tr>
<tr><td>विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५</td><td>प्रति विद्यालय वार्षिक रू. १५ हजार</td></tr>
<tr><td>विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८</td><td>प्रति विद्यालय वार्षिक रू. २० हजार</td></tr>
<tr><td>विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१०</td><td>प्रति विद्यालय वार्षिक रू. २५ हजार</td></tr>
<tr><td>विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२</td><td>प्रति विद्यालय वार्षिक रू. ३० हजार</td></tr>
<tr><td>आधारभूत विद्यालयलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. १५ हजार</td></tr>
<tr><td>आधारभूत तह सञ्चालित विद्यालयलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. १० हजार</td></tr>
<tr><td>माध्यमिक विद्यालयलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. २० हजार</td></tr>
<tr><td>माध्यमिक तह सञ्चालित विद्यालयलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. १५ हजार</td></tr>
<tr><td>विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च</td><td>प्रति विद्यालय तोकिए अनुसार</td></tr>
<tr><td>आवासीय छात्रवृत्ति प्राप्त बालबालिकालाई आवास सञ्चालन गर्न विद्यालयलाई अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. २ लाख ५० हजार</td></tr>
<tr><td>स्रोत कक्षा व्यवस्थापन अनुदान</td><td>प्रति कक्षा वार्षिक रू. २ लाख ३५ हजार</td></tr>
<tr><td>अपाङ्गता भएका विद्यार्थी अध्ययनरत विद्यालयलाई अनुदान (दृष्टिविहीनका लागि विद्यालय, बहिरा कक्षा सञ्चालित विद्यालय)</td><td>प्रति विद्यार्थी वार्षिक रू. ४ हजार</td></tr>
<tr><td>विशेष शिक्षा परिषद्नमुना सञ्चालित विद्यालयका लागि शैक्षिक सामग्री तथा मसलन्द खर्च</td><td>निर्देशिकाअनुसार अनुसूची २ मा उल्लेख भएअनुसार</td></tr>
<tr><td>प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामग्री सहयोग अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. २ लाख</td></tr>
<tr><td>हाल सञ्चालनमा रहेका बहुकक्षा बहुस्तर (MGML) सञ्चालन अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. ५० हजार</td><td></td><td></td></tr>
<tr><td>हाल सञ्चालनमा रहेका बहुभाषिक शिक्षा विद्यालय अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. ५० हजार</td><td></td><td></td></tr>
</table>

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **५.२. विद्यालय सञ्चालन तथा व्यवस्थापन:**<br>यस उपक्रियाकलापमा विनियोजित बजेटबाट विद्यालयका लागि आवश्यक मसलन्द सामग्री व्यवस्थाका लागि उल्लेखित दरमा विद्यालयलाई अनुदान उपलब्ध गराउने । यस क्रियाकलापबाट विद्यालयले अनुदान प्राप्त गरेपश्चात तोकिएका कार्यका अतिरिक्त सबै विद्यालयले कालोपाटी तथा चकको सट्टा White Board/Green Board मा मार्कर प्रयोग गरी धुलोरहीत शिक्षण सिकाइको प्रबन्ध गर्ने । यसका लागि रकम नपुग भएमा प्रतिविद्यार्थी लागत वापत प्राप्त हुने रकमसमेत प्रयोग गर्न सकिने छ ।<br>**५.३. आधारभूत तथा माध्यमिक विद्यालयलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान:**<br>क) विद्यालय सुधार योजना निर्माण सहयोगी कार्यविधि, २०८० बमोजिमको प्रक्रिया अवलम्वन गरी विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गरेको मिति EMIS को विवरणमा प्रविष्ट गरेका विद्यालयलाई मात्र उपलब्ध गराउने । विद्यालयले यस क्रियाकलाप अन्तर्गत प्राप्त रकमबाट सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजनाका आधारमा तयार गरिएको वार्षिक कार्यान्वयन योजनाअनुसारको प्रगति त्रैमासिक रूपमा समीक्षा गर्ने । विद्यालय सुधार योजनामा विद्यालय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एवम् शिक्षण सिकाइ प्रक्रियालाई निरन्तरता दिने आपतकालीन योजना विषय समेत समावेश गरी योजना निर्माण/अद्यावधिक गर्नुपर्ने छ । यसै गरी विद्यार्थीको प्रतिभा विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने ।<br>ख) कक्षा ९-१२ सञ्चालित माध्यमिक विद्यालयले विद्यालय भौतिक सुधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार विद्यालय भौतिक सुधारको गुरुयोजनामा लैङ्गिक सवाल, जलवायु परिवर्तन, विद्यालय भौतिक निर्माण कार्यक्रम तथा विज्ञान विषय अध्यापन हुने विद्यालयले विद्यालयमा भौतिक विज्ञान, रसायन विज्ञान तथा जीव विज्ञानको छुट्टाछुटै प्रयोगशाला तथा प्रयोगशालामा सामग्री व्यवस्था गर्ने तथा विषयगत शिक्षक व्यवस्थापन गर्नेसहितको विद्यालय विकास योजना निर्माण गरी स्वीकृत गरी प्रकाशन गर्ने ।<br>ग) कक्षा ११ र १२ मा भौतिक, रसायन तथा जीव विज्ञान विषय अध्ययन गर्न चाहने ईच्छुक विद्यार्थीका लागि अध्ययन अवसर बृद्धि गर्न र भौतिक, रसायन तथा जीव विज्ञान विषयको पठनपाठनलाई योजनाबद्ध रूपमा अगाडि बढाउनका लागि पहिलोचरणमा पहिचान भएका विद्यालयले विद्यालय सुधार योजनाको पूरक योजनाको रूपमा विज्ञान विषय प्रबर्द्धनका लागि विद्यालय विकास योजना बनाइ स्वीकृत गर्ने र स्वीकृत योजनाको एक प्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने व्यवस्था मिलाउने र विद्यालय तथा स्थानीय तहको वेबसाइटमार्फत प्रकाशन गर्ने ।<br>५.४. **आधारभूत तथा माध्यमिक तह सञ्चालित विद्यालयलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी परिचय पत्र, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान:**<br>प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार अनिवार्य रूपमा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाउने । सामाजिक परीक्षण गर्दा विद्यालयले EMIS बाट विद्यालय रिपोर्ट कार्ड प्रिन्ट गरी सोको विवरण अभिभावकहरूलाई जानकारी गराउने । यसरी सामाजिक परीक्षण गरिएको मिति EMIS मा अद्यावधिक गर्न लगाउने । सो कार्य नगर्ने विद्यालयलाई यस क्रियाकलाप वापतको रकम | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| उपलब्ध नगराउने । यसका साथै विद्यालयले हासिल गरेका मुख्य मुख्य सूचकसहितका उपलब्धिहरू बुलेटिनमार्फत सार्वजनिक गर्ने । सामाजिक परीक्षणको प्रतिवेदन स्थानीय तहमा पेस गर्दा उक्त विद्यालय रिपोर्ट कार्डसमेत संलग्न राखी पेस गर्ने । विद्यालयले आर्थिक लेखा परीक्षण स्थानीय तहको अन्तिम लेखपरीक्षण हुनु अगावै गराउने सोको प्रतिवेदन स्थानीय तहमा पठाउने । स्थानीय तहले उच्च अंकले रकम निकासा हुने तथा आर्थिक हिसावले जोखिम हुन सक्ने/भएका विद्यालय पहिचान गरी विद्यालयको आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था गर्न सक्नेछ ।<br>**५.५. विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान:**<br>सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्न सबै सामुदायिक विद्यालयमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनले आधारभूत तह (कक्षा १-५ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू.१२ हजार, आधारभूत तह आधारभूत तह (कक्षा १-८ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू.१५ हजार, र माध्यमिक तह (कक्षा १-१० र १-१२) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू.२० हजारका दरले अनुदान उपलब्ध गराउने । विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्ने । विद्यालयको इन्टरनेट क्षमता विस्तारका लागि स्थानीय तहले थप अनुदान उपलब्ध गराउन सक्ने छन् । इन्टरनेटको प्रयोग गरेका विद्यालयको विवरण EMIS मा अनिवार्य अद्यावधिक गर्न लगाउने ।<br>**५.६. स्रोत कक्षा सञ्चालनका लागि अनुदान:**<br>स्थानीय तहले प्रति स्रोत कक्षामा न्यूनतम ५ जना आवासमा बस्ने विद्यार्थी अध्ययनरत रहेका स्रोत कक्षा सञ्चालनमा रहेका कक्षालाई मात्र यस प्रकारको अनुदान उपलब्ध गराउने । स्रोत कक्षाहरूको व्यवस्थापनका लागि सम्बन्धित स्रोत कक्षा रहेको विद्यालयमा अनुदान उपलब्ध गराउने । स्रोत कक्षा सन्चालन गर्ने विद्यालयले प्राप्त रकम व्यवस्थापन गर्दा तपसिलअनुसार खर्च गर्ने :<br>क) स्रोत शिक्षक वा घुम्ती शिक्षकले अपाङ्गता भएका बालबालिकाका लागि बिहान साँझसमेत अतिरिक्त सहयोग गरेवापत विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार थप सुविधा मासिक रू.५००।–का दरले वार्षिक रू ६,०००।–<br>ख) स्रोत कक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापन, विद्यार्थीद्वारा निर्मित सामग्री प्रदर्शनी आदिका लागि प्रति स्रोतकक्षा वार्षिक रू. १०,०००।–<br>ग) आयाको पारिश्रमिकका लागि मासिक रू. १५,००० ।- का दरले १३ महिना (चाडपर्व खर्च सहित) र पोशक खर्च १० हजार सहित वार्षिक रू.२०५०००।- प्रदान गर्ने । नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम स्थानीय तहले थप गर्न सक्ने छन् ।<br>घ) स्रोतकक्षाका लागि व्यवस्थापन सामग्री अनुदान (लुगाफाटा, भाँडाकुडा, औषधी आदि) का लागि रू. १०,०००।-<br>ङ) अतिरिक्त क्रियाकलापका लागि सामग्री खरिद र पुरस्कार वितरण गर्न वार्षिक रू. ४०००।–<br>**५.७ आवासीय छात्रवृत्ति प्राप्त बालबालिकालाई आवास सञ्चालन अनुदान:**<br>छात्रावास सञ्चालन खर्च न्यूनतम २० जना आवासीय विद्यार्थी भएका माथि उल्लेखित प्रकृतिका छात्रावासमा सञ्चालन व्यवस्थापनका लागि स्रोत कक्षा सञ्चालनमा रहेका विशेष प्रकृतिका विद्यालय (अपाङ्गता भएका बालबालिकाका लागि ) बाहेकका आवासीय छात्रवास सञ्चालनमा रहेका विद्यालयले २५ जना बराबरको १ समूह मानी प्रति समूह रू.२ लाख ५० हजार रकम हिसाब गरी विद्यालयलाई एकमुष्ठ | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| अनुदान उपलब्ध गराउने । छात्रावास व्यवस्थापन/ सञ्चालनका लागि विद्यालय सञ्चालन तथा व्यवस्थापन सञ्चालन अनुदान शीर्षकबाट एकमुष्ठ अनुदान दिने । उक्त रकम देहायअनुसार विद्यालयले खर्च गर्ने :<br>क) प्रत्येक छात्राबासका लागि प्रति समूह प्रति महिना वार्डेनका लागि रू. ३,०००।–, भान्सेका लागि रू. ६,०००।– र पालेका लागि रू.३०००।– का दरले १२ महिनाको रकम उपलब्ध गराउने ।<br>ख) विषय शिक्षक, प्रअ तथा वार्डेनको सहभागितामा विषयगत तालिका बनाई विद्यालय समयका अतिरिक्त समयमा अङ्ग्रेजी, गणित, विज्ञान विषयमा कोचिङ कक्षा सञ्चालन गर्न प्रति दिन प्रति विषय १ घण्टाका दरले हप्तामा कम्तीमा ४ दिन अध्यापन गर्ने गरी प्रति महिना प्रति शिक्षक रू. २,५००। का दरले ६ महिनाका लागि रू. ४५,०००।–<br>ग) विद्यालय व्यवस्थापन समिति को निर्णयानुसार सञ्चालन हुने अतिरिक्त क्रियाकलापका लागि एकमुष्ठ रूपमा रू. ५,०००।–<br>घ) धारा पानी, बिजुली बत्ती, मर्मत सम्भार र प्राथमिक उपचार लगायतका खर्चका लागि एकमुष्ठ रूपमा रू.१६,०००।–<br>ङ) सम्बन्धित विद्यालयमा विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार सिकाइ सुधारमा टेवा पुऱ्याउने सन्दर्भ सामग्री, श्रव्यदृश्य सामग्री, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका लगायतका सामग्रीसहितको पुस्तकालय सुदृढीकरणका लागि रू. १५,०००।–<br>च) छात्राहरूका लागि सिप तालिम सञ्चालन एवम् सामग्री खरिद गर्न एकमुष्ठ रूपमा रू. २०,०००।–<br>छ) छात्रावास व्यवस्थापन समितिको बैठक खर्च (बढीमा वार्षिक ६ ओटा) रू. ५,०००।–<br>ज) नयाँ छनोट भई आएका विद्यार्थीका लागि पलङ, सिरक, डसना लगायतका बसाइ व्यवस्थापन गर्न एक पटकका लागि प्रति विद्यार्थी एकमुष्ठ रू. ६ हजार विद्यालयलाई उपलब्ध गराउने ।<br>**५.८ अपाङ्गता भएका विद्यार्थी अध्ययनरत विद्यालयलाई अनुदान (दृष्टिविहीनका लागि विद्यालय, बहिरा कक्षा सञ्चालित विद्यालय):**<br>यस शीर्षकबाट प्राप्त अनुदान बाँडफाँड गर्दा यस प्रकृतिको केन्द्रबाट स्वीकृत भई सञ्चालन भएको यकिन गर्ने । विद्यालयबाट अनुदान माग गर्न लगाई उल्लेखित नर्म्सका आधारमा बजेट हिसाब गरी विद्यालयलाई अनुदान उपलब्ध गराउने । सोअनुसार विद्यालयलाई प्राप्त हुने अनुदानबाट स्वीकृत तलबमानको परिधिभित्र रहेर शिक्षक तलब तथा अन्य क्षेत्र विद्यालय व्यवस्थापन समितिको निर्णयबाट तोकिएको नर्मस्अनुसार दोहोरो नपर्ने गरी छात्रवृत्तिमा खर्च गर्न सकिने छ ।<br>**५.९ विशेष शिक्षा परिषद् अन्तर्गत सञ्चालित विद्यालयका लागि शैक्षिक सामग्री तथा मसलन्द खर्च अनुदान:**<br>यस प्रकृतिका विद्यालय सञ्चालनको अवस्था यकिन गरी अनुसूची-२ मा उल्लेखित अनुदान वितरणका आधारमा रकम उपलब्ध गराउने ।<br>**५.१० बहुकक्षा बहुस्तर (MGML Methodology) विद्यालयलाई सामग्री अनुदान:**<br>विगतदेखि नै बहुकक्षा बहुस्तर शिक्षण विधिबाट पठन पाठन गरी कार्यक्रम सञ्चालनको निरन्तरता पाएको सुनिश्चित गरी त्यस्ता विद्यालयलाई अनुदान उपलब्ध गराउने । स्थानीय तहले विद्यालयलाई अनुदान माग गर्न लगाउने । कुनै विद्यालयलाई अन्य सङ्घ/संस्थाबाट अनुदान प्राप्त भएको भए दोहोरो नपर्ने गरी अनुदान उपलब्ध गराउने । तर लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने चाहेमा सोको अनुपात हेरी रकम | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| निकासा गर्ने । विद्यालयले सो रकमबाट सिकाइका सामग्री मुख्यतयाः वर्कबुक (Work Book) को व्यवस्था गर्ने । सिकाइका लागि अन्य सामग्री नपुग भएमा वा च्यातिएमा सो सामग्रीको व्यवस्था गर्ने । यसका लागि फोटोकपी, लेमिनेसन आदि जस्ता व्यवस्थापन लगायत सिकाइ सामग्री निर्माण कार्यशालामासमेत खर्च गर्न सकिने गरी निर्देशन दिने । यस प्रकारको शैक्षिक कार्यक्रम गर्ने विद्यालयलाई यससम्बन्धी विषय अनिवार्यरूपमा EMIS मा अद्यावधिक गर्न लगाउने ।<br>**५.११, बहुभाषिक शिक्षा अभ्यासरत विद्यालयलाई शिक्षण सामग्री अनुदान:**<br>स्थानीय तहले मातृभाषामा आधारित बहुभाषिक शिक्षा विगतदेखि सञ्चालन गरिरहेको यकिन गरी सञ्चालनमा रहेका विद्यालय भएमा सो विद्यालयलाई नै निरन्तरता दिने गरी विद्यालयबाट मागगर्न लगाई अनुदान दिने । अनुदानका लागि तोकिएको सङ्ख्याभन्दा यदि विद्यालय बढी भएमा उत्कृष्ठ तवरमा सञ्चालन गरेका विद्यालयलाई प्राथमिकता दिई तोकिएको रकम अनुदान दिने । ससर्त अनुदानको रकम अपुग भएमा स्थानीय तहले आफ्नो स्रोतबाट पनि अनुदान उपलब्ध गराउन सक्नेछ । विद्यालयले कक्षाकोठामा मातृभाषालाई माध्यमका रूपमा प्रयोग गरी पठनपाठन गराउनका लागि बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६ (संशोधन सहित) अनुसार विषय विज्ञको सहभागितामा थप सामग्री विकास गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाउने । विस्तृत विवरणसहितको प्रतिवेदन केन्द्रमा पठाउने व्यवस्था मिलाउने ।<br>**५.१२ प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामग्री सहयोग अनुदान:**<br>स्थानीय तहले शैक्षिक सत्र २०७९ बाट कक्षा ९ मा प्राविधिक धार सञ्चालन गर्न केन्द्रबाट अनुदान प्राप्त गर्ने गरी छनोट भएका विद्यालय बाहेक साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने गरी निर्णय भई सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयका लागि प्रयोगशालाको स्तरोन्नति गर्न प्रति विद्यालय रू २ लाख रकम उपलब्ध गराउने । विद्यालयले नियमितरूपमा ल्याब सञ्चालन गर्न मर्मत, सम्भार एवम् सामग्रीको व्यवस्था गरी शिक्षक एवम् विद्यार्थीको प्रयोगको व्यवस्था मिलाउने । | | |

## २.३.६ क्रियाकलाप न. २.७.१३.११ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ६.१. यस क्रियाकलापमा निम्नानुसारका उपक्रियाकलापको बजेट समावेश गरिएको छ । कार्यक्रमका लागि स्वीकृत बजेट बाँडफाँड गर्दा सम्वन्धित निकायबाट रकम माग गर्न लगाई रुजु गरी अनुदान उपलब्ध गराउने । प्रत्येक स्थानीय तहले EMIS मा अद्यावधिक विवरणसहित तपसिलअनुसारका आधारमा कार्यक्रम सञ्चालन रहेका विद्यालय तथा शैक्षिक संस्था यकिन गर्ने । संस्था/ विद्यालयबाट रकम माग गर्न लगाई विद्यालयलाई अनुदान दिने : | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • अनुदान प्राप्त गर्ने विद्यालय<br>• भर्ना भएका विद्यार्थी सङ्ख्या<br>• सञ्चालन भएका साक्षरता कक्षा<br>• साक्षर भएको जनसङ्ख्या<br>• अनुदान प्राप्त गर्ने |

| कार्यक्रम | दर |
|---|---|
| परम्परागत विद्यालय अनुदान | क) कक्षा १-५ सञ्चालित विद्यालयका लागि एकमुष्ठ :रू. ३ लाख<br>ख) कक्षा ६-८ सञ्चालित विद्यालयका लागि एकमुष्ठ : रू. ५ लाख<br>ग) कक्षा ९-१० वा ९-१२ सञ्चालित विद्यालयका लागि एकमुष्ठ : रू.१० लाख |

| उपक्रियाकलाप | र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| | घ) कक्षा १-८ सञ्चालन भएका विद्यालयलाई ८ लाख, कक्षा ६-१० वा कक्षा ६-१२ मात्र सञ्चालन भएका विद्यालयलाई १५ लाख र कक्षा १-१० वा कक्षा१-१२ सञ्चालन भएका विद्यालयलाईरू१८ लाख अनुदान उपलब्ध गराउने तर कुनै एक तह मात्र सञ्चालन भएको छ भने सोही तहको मात्र अनुदान उपलब्ध गराउने। | | सामुदायिक सिकाइ केन्द्र<br>• साक्षर धोषणा भएका स्थानीय तह सङ्ख्या<br>• कार्यक्रम प्रगति प्रतिवेदन |
| अति विकट हिमाली जिल्लाका लागि घुम्ती विद्यालय अनुदान | प्रति विद्यालय वार्षिक रू. ३ लाख ५० हजार | | |
| खुला विद्यालय (कक्षा ६-८) सञ्चालन अनुदान | प्रति विद्यालय वार्षिक रू. १ लाख १० हजार | | |
| अनौपचारिक प्रौढ विद्यालय सञ्चालन अनुदान | a. कक्षा १-५ सञ्चालित विद्यालयका लागि एकमुष्ठ :रू. ३ लाख<br>b. कक्षा ६-८ सञ्चालित विद्यालयका लागि एकमुष्ठ : रू. ५ लाख<br>c. कक्षा ९-१० वा ९-१२ सञ्चालित विद्यालयका लागि एकमुष्ठ : रू.१० लाख<br>d. कक्षा १-८ सञ्चालन भएका विद्यालयलाई ८ लाख, कक्षा ६-१० वा कक्षा ६-१२ मात्र सञ्चालन भएका विद्यालयलाई १५ लाख र कक्षा १-१० वा कक्षा १-१२ सञ्चालन भएका विद्यालयलाईरू१८ लाख अनुदान उपलब्ध गराउने। तर कुनै एक तह मात्र संञ्चालन भएको छ भने सोही तहको मात्र अनुदान उपलब्ध गराउने। | | |
| खुला विद्यालय (कक्षा ९-१०) सञ्चालन अनुदान | प्रति विद्यालय वार्षिक रू. १ लाख ५२ हजार | | |
| विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना र सिकाइ निरन्तरताका लागि अनुदान | तोकिएका स्थानीय तहमा विद्यार्थी सङ्ख्या अनुसार | | |
| लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/ आजीवन सिकाइ कार्यक्रम सञ्चालन | स्थानीय तह अनुसार | | |
| सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | प्रति केन्द्र वार्षिक ३ लाख | | |

**६.२. परम्परागत विद्यालयलाई अनुदान :**

क) अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र हरेक वर्ष विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क भरेका परम्परागत विद्यालय (गुरूकुल/आश्रम,गुम्बा/बिहार, मदरसा) को विवरण र विद्यार्थी सङ्ख्या यकिन गरी पाठ्यपुस्तक,छात्रवृत्ति, सेनिटरी प्याड एवम् दिवा खाजा वापतको रकम सम्बन्धित शीर्षकहरूबाट अनुदान दिने ।

ख) शिक्षक दरबन्दी वा राहत अनुदान कोटा प्राप्त गरेका परम्परागत विद्यालयलाई अन्य सामुदायिक विद्यालय सरह र शिक्षक दरबन्दी/कोटा प्राप्त नगरेका विद्यालयलाई परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ बमोजिम तहगत विद्यार्थी सङ्ख्याको आधारमा उल्लेखित तहगत एकमुष्ट अनुदान उपलब्ध गराउने।

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ग) स्थानीय तहले अनुदान रकम कुन कुन विद्यालयलाई निकासा दिएको हो ? सोको विवरण र विद्यार्थी सङ्ख्यासमेत अनिवार्यरूपमा शिक्षा विकास तथा समन्वय इकाइमार्फत यस केन्द्रको अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखामा पठाउने ।<br>घ) अन्य व्यवस्थापकीय कार्य परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ बमोजिम गर्ने ।<br>ङ) यस उपक्रियाकलाप अनुसार अनुदान प्राप्त गर्ने विद्यालयले विद्यालय व्यवस्थापन समितिले निर्णय गरेका आवश्यक क्षेत्रमा खर्च गर्ने ।<br>**६.३. घुम्ती विद्यालय सञ्चालनका लागि अनुदान:**<br>अति दुर्गम क्षेत्र र विकट हिमाली क्षेत्रमा सञ्चालित विद्यालयका बालबालिकाका लागि उनीहरूलाई पायकपर्ने स्थानमा निश्चित समयका लागि अध्ययन गर्ने व्यवस्था मिलाउन विद्यालयलाई एकमुष्ट रू. ३ लाख ५० हजार रकम अनुदान दिने ।<br>**६.४. अनौपचारिक विद्यालयका लागि अनुदान :**<br>क) स्थानीय तहमा सञ्चालित अनौपचारिक विद्यालयको (स्थापना मिति, सञ्चालन मिति, सञ्चालित कक्षा, विद्यार्थी सङ्ख्या र सञ्चालनको अवस्थासहितको) विवरण यकिन तथा प्रमाणित भएपछि मात्र सम्बन्धित विद्यालयको मागका आधारमा एकमुष्ट रकम विद्यालयको खातामा अनुदान दिने । अनुदान रकम निकासा दिदा आधारभूत तथा माध्यमिक तह सञ्चालन भई शिक्षा नियमावली बमोजिम तोकिएको विद्यार्थी सङ्ख्या पुगेमा तहगत अनुदान र आधारभूत वा माध्यमिक तह मात्र सञ्चालन भएको भए सोही तहको मात्र अनुदान रकम निकासा दिने,<br>ख) स्थानीय तहद्वारा सामुदायिक रूपमा सञ्चालन गर्न अनुमति पाएका अनौपचारिक विद्यालयले अनुदान प्राप्त गर्नकालागि अनिवार्य रूपमा EMIS भरेको हुनुपर्ने,<br>ग) विद्यालयले प्राप्त रकमबाट लघु पुस्तकालय, शैक्षिक सामग्री र व्यवस्थापकीय क्षेत्रमा खर्च गर्ने व्यवस्था मिलाउने । यस प्रकृतिका विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने ।<br>**६.५. खुला विद्यालय** (कक्षा ९-१०) **सञ्चालन अनुदान :**<br>स्थानीय तहले सञ्चालनमा रहेका खुला विद्यालय (कक्षा ९-१०)को अनुगमन गरी स्वीकृत विद्यालयलाई (EMIS मा विवरण अद्यावधिक गरेका) मागको आधारमा तोकिएअनुसार एकमुष्टरूपमा विद्यालयलाई अनुदान दिने । विद्यालयले कार्यक्रम सञ्चालन प्रक्रियाका सम्बन्धमा "दूर शिक्षा तथा खुला सिकाइ निर्देशिका, २०६३ र खुला विद्यालय सञ्चालन कार्यान्वयन कार्यविधिअनुसार गर्ने । विद्यालयले प्राप्त रकमलाई कार्यक्रम सञ्चालनका लागि देहायअनुसार खर्च गर्ने:<br>१. संयोजकका लागि मासिक रू. ७००।- का दरले १२ महिनाको जम्मा रू. ८,४००।–<br>२. सहजकर्ताका लागि प्रति सेसन रू. ३००।- का दरले दैनिक ४ सेसन ३५ दिनका लागि जम्मा रू. ४२,०००।–<br>३. सहायक कर्मचारीका लागि मासिक रू. ८००।– का दरले १२ महिनाको रू. ९,६००।–<br>४. विद्यालय सहयोगीका लागि मासिक रू.५००। का दरले १२ महिनाको रू.६०००।<br>५. शैक्षिक सामग्रीका लागि मासिक रू ६००।– का दरले १२ महिनाको रू.७,२००।–<br>६. सञ्चालन खर्च (पानी, बिजुली, सरसफाइ) का लागि मासिक रू. ५०० का दरले वार्षिक रू. ६,०००।–<br>७. इन्टरनेट/मिडियाको प्रयोगका लागि मासिक रू. १,५००।- का दरले ९ महिनाको रू. १३,५००।– | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ८. गृहकार्य परीक्षणका लागि रू. ३,२००।– प्रति पटकका दरले ४ पटकको रू. १२,८००।- कापी प्रति विषय रू.८।- का दरले<br>९. परीक्षा सञ्चालन (मध्यावधि र बाह्य) रू. ६४००।– प्रति पटकका दरले २ पटकको रू. १२,८००।– (प्रश्नपत्र निर्माण रू.३००।–प्रति सेट, उ.पु. परीक्षण रू. ८।– प्रति कापी प्रति विषय)<br>१०. पुस्तकालयका लागि एकमुष्ठ रू. १०,०००।-<br>११. स्थानीय तहबाट अनुगमनका लागि एकमुष्ठ रू. १०,०००।-<br>उल्लेखित बाँडफाँडमा नघट्ने गरी विद्यालयले आवश्यक अन्य क्षेत्रहरूमा खर्च गर्न सक्ने ।<br>**६.६. खुला विद्यालय (कक्षा ६-८) सञ्चालन अनुदानः**<br>स्थानीय तहले सञ्चालनमा रहेका विद्यालय यकिन गरी अनुदान माग गर्न लगाउने । विद्यालयलाई तोकिएअनुसारको अनुदान उपलब्ध गराई विद्यालयले निम्नानुसार खर्च गर्ने,<br>क) **स्रोत शिक्षकका लागि पारिश्रमिकः** प्रति घण्टा रू.२००।- का दरले दैनिक २ घण्टा सम्पर्क कक्षाका लागि मासिक २४ दिनको दरले जम्मा रू.९,६००। विद्यालयले स्रोत कक्षा लिने शिक्षकलाई पारिश्रमिक उपलब्ध गराउने ।<br>ख) **प्रधानाध्यापकका लागि भत्ताः** मासिक रू. ५०० का दरले १२ महिना बराबर हुन आउने रकम रू. ६,०००।- विद्यालयको खातामा अनुदान दिने । विद्यालयले सम्बन्धित प्रधानाध्यापकलाई नियमानुसार मासिक रूपमा उपलब्ध गराउने ।<br>ग) **सहायक कर्मचारीको लागि पारिश्रमिक**: प्रति व्यक्ति मासिक रू. ३००।- का दरले १२ महिनाको रू. ३,६००।- पाउने गरी प्रति केन्द्र २ जनाका लागि हुन आउने एकमुष्ट रकम रू. ७,२००।- सम्बन्धित विद्यालयको खातामा निकासा दिने । विद्यालयले काम गर्न तोकिएका सहायक कर्मचारीलाई नियमानुसार मासिक रूपमा उपलब्ध गराउने ।<br>घ) **विद्यार्थीका लागि सामग्री खर्चः** प्रति विद्यार्थी मासिक रू.५०।- ले २० जनाका लागि कापी, डटपेन, पेन्सिल कटर, स्केल, इरेजर, ज्यामिति बक्स आदि शैक्षिक सामग्रीको व्यवस्था गर्न रू. १,०००।- का दरले प्रति केन्द्र १० महिनाको जम्मा रू.१०,०००।-<br>ङ) **विद्यालयका लागि मसलन्द खर्चः** कक्षा सञ्चालनका लागि मसलन्द प्रति महिना (चक, डस्टर, मार्कर, रजिष्टर, फोटोकपी आदि) रू.५००।- का दरले प्रति केन्द्र १० महिनाको रू.५,०००।-<br>च) **शैक्षिक सामग्री व्यवस्थापन खर्चः** विभिन्न विषयगत सिकाइ क्रियाकलापका लागि आवश्यकपर्ने शैक्षिक सामग्री व्यवस्थापन गर्न प्रति विद्यालय प्रति महिना (सिकाइ सहयोगी सामग्री ग्लोब, चार्ट, नक्सा, मार्कर, फोटोकपी आदि) रू.५००।- का दरले प्रति केन्द्र १० महिनाको जम्मा रू. ५,०००।-<br>छ) **विद्यालयका लागि पुस्तकालय**: स्थानीय तहले प्रत्येक विद्यार्थीलाई पाठ्यपुस्तक पहुँचको सुनिश्चितता गर्न पुस्तकालय व्यवस्थापनका लागि खुला विद्यालय तह एक र दुईमा अध्ययनरत विद्यार्थीका लागि पाठ्यपुस्तक लगायत अन्य सन्दर्भ सामग्रीको व्यवस्था पुस्तकालयमार्फत गर्न प्रति केन्द्र प्रति तहका लागि एकमुष्ट रू. १०,०००।- का दरले दुई तहका लागि रू.२०,०००।- रकम उपलब्ध गराउने । यस रकमबाट विद्यालयले नियमानुसार पुस्तकालयको व्यवस्थापन गर्ने । विद्यार्थीले पुस्तकालयबाट पुस्तक लिई अध्ययन गर्ने र अध्ययनपश्चात पुस्तकालयमा फिर्ता गर्ने व्यवस्था मिलाउने । पुस्तकालयमा खरिद गरिएका पुस्तकको सूची स्थानीय तहको शिक्षा शाखामा उपलब्ध गराउने । | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **६.७. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान:**<br>क) स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका र देहाय बमोजिम मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रलाई एकमुष्ठरू३ लाख अनुदान उपलब्ध गराउने :<br>१. वार्षिक साधारण सभा भएको र साधारण सभाबाट आगामी वर्षको बजेट तथा कार्यक्रम स्वीकृति वा पारित गरेको,<br>२. साधारण सभाको बैठकबाट गत आर्थिक वर्षको खर्चको विवरण स्वीकृत गरेको,<br>३. लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको, र<br>४. शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग गरी नियमितरूपमा प्रतिवेदन पेस गरेको ।<br>ख) उक्त अनुदान रकमबाट सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रू. १०,०००।- का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्क मार्फत भुक्तानी गर्ने ।<br>ग) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकबमोजिम नपुग हुने रकम स्थानीय तहबाट थप हुन सक्नेछ ।<br>घ) पारिश्रमिक भुक्तानीपश्चात बाँकी अनुदानबाट सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ ले उल्लेख गरेबमोजिमका वार्षिक कार्यक्रमहरू तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने छ । सामुदायिक सिकाइ केन्द्रले पेस गरेको प्रस्तावनाका आधारमा स्थानीय तह तथा अन्य सङ्घ संस्थाहरूबाट थप बजेट उपलब्ध गराउन सकिने छ ।<br>ङ) स्थानीय तहले प्रभावकारी रूपमा सञ्चालनमा नरहेका सामुदायिक सिकाइ केन्द्रहरूलाई सामुदायिक सिकाइ केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ बमोजिम स्थानान्तरण गरी सञ्चालनमा ल्याउन सक्ने छन् ।<br>च) सामुदायिक सिकाइ केन्द्रहरूले गरेका नियमित कार्यहरूको प्रतिवेदन स्थानीय तहमार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौचारिक तथा बैकल्पिक शिक्षा शाखामा पठाउने व्यवस्था मिलाउने ।<br>छ) सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ बमोजिम काम नगरेका तथा विद्यालय वा अन्यत्र कार्यरत रहेका सामुदायिक सिकाइ केन्द्रका परिचालकलाई कुनै पनि प्रकारको अनुदान उपलब्ध नगराउने ।<br>**६.८. विद्यालयबाहिर रहेका बालबालिकालाई लक्षित गरी विद्यालय शिक्षामा भर्ना तथा निरन्तरताका लागि शैक्षिक कार्यक्रमका लागि अनुदान:**<br>यस कार्यक्रमका लागि समता सूचक (Equity Index) का आधारमा छनोट भएका अनुसूची-३ मा उल्लेखित स्थानीय तहले सबै बालबालिकालाई विद्यालय शिक्षा सुनिश्चित गर्न विद्यालयबाहिर रहेका बालबालिकाको विस्तृत सर्वेक्षण गर्ने । विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने सुनिश्चितता, सिकाइ निरन्तरता र सिकाइ उपलब्धि अभिवृद्धि लगायतका रणनीतिहरू तय गरी समता रणनीति कार्यान्वयन योजना (Equity Strategy Implementation Plan-ESIP) गाउँ/नगर शिक्षा योजनाको अभिन्न अंगका रूपमा निर्माण गरी स्वीकृत गर्ने । स्वीकृत समता रणनीति कार्यान्वयन योजना अनुरूप विद्यार्थी भर्ना सुनिश्चितता, सिकाइ निरन्तरता तथा सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । यस कार्यक्रमका लागि स्थानीय तहलेसमेत बजेट थप गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय शिक्षा सुनिश्चितता भएको घोषणा गर्ने । | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **६.७. लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा तथाआजीवन सिकाइ कार्यक्रम सञ्चालनः**<br>**क)** केन्द्रको च नं ३६७ मिति २०८१।०३।०५ को पत्रमा उल्लेख भए अनुसार यस शीर्षकमा विनियोजित बजेटबाट साक्षर घोषणा हुनबाँकी रहेका स्थानीय तहले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विद्यार्थी, राजनैतिक दल, नागरिक समाज, विकास साझेदार संस्था लगायतको सहभागितामा कार्ययोजना निर्माण गरी साक्षरता कार्यक्रम सञ्चालन गरी साक्षर स्थानीय तह घोषणा गर्ने र सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइमार्फत यस केन्द्रको अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखामा जानकारी गराउने ।<br>**ख)** साक्षर घोषणा भएका स्थानीय तहले समुदायको आवश्यकताको आधारमा विभिन्न सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान सामुदायिक संरचना (शिक्षा, स्वास्थ्य, कृषि, वन तथा वातावरण सम्वन्धी समुदायमा आधारित संस्था) समेतको समन्वयमा सामुदायिक सिकाइ केन्द्रमार्फत बैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक शिक्षा तथा खुला सिकाइ र आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने । | | |

## २.३.७ क्रियाकलाप न. २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क. स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवाखाजा उपलब्ध गराउन तपसिलमा उल्लेखित दरका आधारमा आवश्यक पर्ने रकम हिसाव गरी स्थानीय तहमा माग गर्ने,<br>ख. दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयमा एकरूपता कायम हुने गरी उपलब्ध भएसम्म स्थानीय उत्पादनमा आधारित दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गरी सार्वजनिक गर्ने,<br>ग. खाजा व्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण कार्यविधि, २०७६(परिमार्जन सहित) मा उल्लेखित मापदण्डबमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरू विशेषतः आमा समूह बनाएर वा नियमित क्यान्टिनबाट वा विद्यालयबाहिरबाट क्याटरिङको व्यवस्था गरेर, एकीकृत भान्सा वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था मिलाउने,<br>घ. स्थानीय तहभित्रका विद्यालयका प्रधानाध्यपकको बैठकमा स्वास्थ्य र कृषि शाखाका प्रमुखलाई समेत सहभागी गराई आपसी सहयोग, समन्वय एवम् सहकार्यका क्षेत्र पहिचान गरी कार्ययोजना बनाउने र केन्द्रको वेबसाइटमा रहेको दिवा खाजा व्यवस्थापन सहयोगी कार्यविधि, २०७७ (परिमार्जन सहित) कार्यविधिका विषयमा जानकारी गराई कार्यान्वयन गर्न लगाउने,<br>ङ. सङ्घीय सरकारबाट तोकिए बाहेकका अन्य कक्षाका विद्यार्थीका लागि स्थानीय तहले आफ्नै स्रोतबाट खाजा व्यवस्थापन गर्न सक्नेछ । यसरी स्थानीय तहबाट खाजा व्यवस्थापन भएको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय मापदण्ड शाखामा पठाउने,<br>च. गुणस्तरीय खाजाको व्यवस्थापनका लागि सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित रकम अपर्याप्त भएमा स्थानीय तहबाट थप स्रोतको व्यवस्थापन गर्न एवम् विद्यालयका अभिभावक/गैरसरकारी सङ्घ संस्थासँग वा अन्य निकायसँग लागत साझेदारी गर्न सकिने छ । लागत साझेदारी गर्दा स्थानीय तहले विकास गरेको कार्यविधि र साझेदारी भएको कार्यक्रमको जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई गराउने, | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br>• सामुदायिक सिकाइ केन्द्र<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • दिवा खाजा प्राप्त गर्ने विद्यार्थी सङ्ख्या<br>• विद्यार्थीको हाजिरी<br>• प्रगति प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| छ. सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी औसतरूपमा प्रति विद्यार्थी वार्षिकरूपमा १८० दिनका दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजा व्यवस्थापनका लागि सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि बजेट हिसाव भएको छ, | | |
| ज. विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा समावेश भई सत्यापन भएको विद्यार्थी सङ्ख्याको आधारमा कर्णाली प्रदेशका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २५।– का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. १५।– का दरले विद्यार्थीलाई नियमितरूपले दिवा खाजा प्राप्त गर्ने वातावरणको सुनिश्चितता गर्न पहिलो त्रैमासिकको सुरुमा नै बजेट निकासा गर्ने र स्थानीय तहले दोस्रो त्रैमासिकदेखि विद्यालयमा बजेट निकासा गर्दा विद्यालयमा विद्यार्थीको भौतिक उपस्थितिमा पूरा समय विद्यालय सञ्चालन भएको दिन (परीक्षामा सामेल भएको दिनसमेत ) खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन गरी दिवा खाजा कार्यक्रमलाई प्रतिकूल असर नपर्ने गरी समयमा नै थप अनुदान दिने व्यवस्था मिलाउने। यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने, | | |
| झ. विद्यालयले विद्यालय सञ्चालन भएका दिनमा तोकिएको मापदण्डमा रही उपलब्ध भएसम्म स्थानीय कृषि उत्पादनमा आधारित खाजा विद्यार्थीलाई खुवाउँने व्यवस्था मिलाउने, | | |
| ञ. अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा बढी भीडभाड नहुने गरी विद्यालयले खाजा समय तोक्ने, खाजा खुवाउँदा अपाङ्गता भएका बालबालिकाकालाई प्राथमिकता दिई अनुकुलन हुने वातावरण मिलाउने गरी व्यवस्थापन गर्ने, | | |
| ट. दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गर्ने। ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समुहबाट खरिद गर्ने। स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बिलभरपाई सुरक्षितरूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने, विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने, | | |
| ठ. विश्व खाद्य कार्यक्रमको सहयोगमा विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भईरहेका जिल्ला दार्चुला, बझाङ र बाजुरामा बाल विकासदेखि कक्षा ८ सम्मका सबै विद्यार्थीका लागि उक्त कार्यक्रममा तोकिएको प्रावधान अनुसार सबै विद्यार्थीलाई दिवा खाजा उपलब्ध हुने, | | |
| ड. विश्व खाद्य कार्यक्रमले वस्तुगत सहायताकारूपमा प्रदान गर्ने खाद्यान्न सम्बन्धित स्थानीय तहमा रहेका गोदामसम्म ढुवानी गर्ने जिम्मेवारी विश्व खाद्य कार्यक्रम नेपालको हुनेछ। उक्त खाद्यान्न स्थानीय खाद्य गोदामबाट सम्बन्धित विद्यालयसम्म ढुवानीका लागि प्रति विद्यार्थी प्रतिदिनरू१ का दरले एकाइ लागत कायम गरी यस क्रियाकलापमा बजेट विनियोजन गरिएको छ। स्थानीय तहले उक्त ढुवानीका लागि विनियोजित बजेट मध्येबाट स्थानीय खाद्य गोदाम र खाद्यान्न ढुवानी गरिने विद्यालयको दुरी, उपलब्ध हुने ढुवानीका साधनको उपलब्धता एवम् स्थानीय ढुवानीको दर रेट समेतका आधारमा स्थानीय तहले ढुवानीको व्यवस्थापन गर्ने, | | |
| ढ. दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमुना अनुसूची-४ मा राखीएको छ। सोहीअनुसार कार्यान्वयन गर्ने। अन्य व्यवस्थापकीय पक्षहरू सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण कार्यविधि, २०७६ (संशोधनसहित) र दिवा खाजा व्यवस्थापन सहयोगी कार्यविधि, २०७७ (संशोधनसहित) का आधारमा गर्ने। | | |

## २.३.८ क्रियाकलाप नं. ११.१.२.२९८० केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारतर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत)

<table>
<tr><th>उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr>
<td>
८.१. यस क्रियालकाप अन्तर्गत निम्नानुसारका उपक्रियाकलाप समावेश गरिएका छन्।
<table>
<tr><th>उपक्रियाकलाप</th><th>इकाइ लागत</th></tr>
<tr><td>नमुना विद्यालय सुधार गुरुयोजना अनुरूप भौतिक निर्माण अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. १ करोड</td></tr>
<tr><td>प्राविधिक धारतर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान</td><td>तोकिएको दररेट अनुसार</td></tr>
<tr><td>अपाङ्गताको प्रकृति अनुरूप आवश्यकताको आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन</td><td>प्रति विद्यालय रू. ५० लाख</td></tr>
</table>
उपरोक्तानुसारको उपक्रियाकलाप अनुसार स्थानीय तहका लागि स्वीकृत बजेटमा केन्द्रको च.नं ३६७ मिति २०८१।०३।०५ को पत्रमा उल्लेखित उपक्रियाकलापगत विनियोजनमा रहेको बजेट अनुसार तपसिल अनुसारका उपक्रियाकलाप अनुसार कार्यान्वयन गर्ने। विद्यालयमा भौतिक निर्माण सम्वन्धी कार्य गर्दा विद्यालय भौतिक पूर्वाधार विकास मापदण्ड २०८० बमोजिम गर्ने। यस कार्यका लागि आवश्यक पर्ने निर्माण कार्यसँग सम्वन्धित कागजात तयारी, प्राविधिक निरीक्षण, निर्माण कार्यको मूल्याङ्कन जस्ता प्रावधिक कार्यमा स्थानीय तहबाट अनिवार्य रूपमा सहजीकरण गर्ने। विद्यालयमा भवन निर्माण तथा अन्य भौतिक पूर्वाधार विकास गर्दा यस कार्यविधिको मार्गदर्शन खण्डको (ग) विद्यालय भौतिक पूर्वाधार विकास सम्वन्धीको वुदा नं. १ बमोजिम विद्यालयलाई अनुदान दिँदा देहाय अनुसार गर्नेः<br>
८.२. नमुना विद्यालयको भौतिक निर्माण तथा विशेष शिक्षा आवासीय विद्यालय निर्माण सञ्चालनको भौतिक पूर्वाधार निर्माण गर्दा विगतबाट गुरुयोजना बमोजिम निर्माण कार्य पूरा हुन बाँकी रहेका संरचनाको चालु आवमा निर्माण कार्य सम्पन्न हुने गरी कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने। भौतिक निर्माण प्रक्रियामा यस कार्यविधिको क्रियाकलाप नं. ११.१.२.२९८६ मा उल्लेखित प्रक्रियालाई अवलम्वन गरी निर्माण कार्य गर्ने।<br><br>
८.३. नमुना विद्यालय सुधार गुरूयोजना अनुरूप भौतिक निर्माण अनुदान:<br>
नमुना विद्यालयले स्वीकृत गुरूयोजनाको परिधिभित्र रही न्यूनतम पूर्वाधारहरूको प्राथमिकतामा उल्लेख गरेका कार्यक्रम सञ्चालन गर्न चालु आ.व.का लागि स्वीकृत बजेटबाट निर्माण गर्ने कार्यको विद्यालय व्यवस्थापन समितिको निर्णयसहित स्थानीय तहमा पेस गर्ने। यस केन्द्रको च. नं. ३६७ मिति २०८१।०३।०५ को पत्रमा उल्लेखित स्थानीय तहमा यस उपक्रियाकलापमा बजेट विनियोजन रहेका स्थानीय तहका विद्यालयका लागि गत वर्ष भौतिक पूर्वाधार निर्माणाधीन रहेको स्वीकृत गुरूयोजना तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण सम्पन्न गर्न तथा नयाँ निर्माण गर्न चालु आर्थिक वर्षका लागि प्रति विद्यालय १ करोड रकम सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको छ। विद्यालयबाट विगत वर्षबाट निर्माण कार्यको प्रगति, स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वयन योजना र यस आ.व.मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई स्वीकृत गरी तपसिलअनुसार अनुदान उपलब्ध गराउने :<br>
१. विद्यालयसँग निर्माणको सम्झौता गरी नियमानुसार खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गर्ने लगायत सम्पूर्ण कार्यको जिम्मेबार विद्यालयलाई बनाउने गरी सशर्त अनुदानमा विनियोजित रकम विद्यालयलाई निकासा दिने।
</td>
<td>
<u>मुख्य जिम्मेवार</u><br>
• गाउँपालिका/नगरपालिका<br>
• विद्यालय<br>
• प्राविधिक जनशक्ति (इन्जिनियर/सब इन्जिनियर)<br>
<u>सहजीकरण/समन्वय</u><br>
• शिक्षा विकास तथा समन्वय इकाइ
</td>
<td>
• स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भौतिक पूर्वाधार सङ्ख्या<br>
• निर्माण भएका गुरुयोजना सङ्ख्या<br>
• नापी किताव<br>
• ल्याब सामग्री उपलब्ध गराएका विद्यालय सङ्ख्या<br>
• कार्यसम्पन्न प्रतिवेदन
</td>
</tr>
</table>

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| २. नमुना विद्यलयका रूपमा विकास भएका विद्यालयले विकासका लागि तयार गरेको भौतिक एवम् शैक्षिक गुरुयोजना विद्यालयको प्रस्तावका आधारमा स्थानीय तहले आवश्यकता एवम् औचित्यका आधारमा परिमार्जन/अद्यावधिक गर्न सक्नेछ । चालु आ.व.मा भौतिक निर्माणका लागि विनियोजन रकमबाट भौतिक पूर्वाधार विकासका कार्य सम्पन्न गर्ने गरी कार्य गर्ने ।<br>३. नमुना विद्यालयले भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको न्यूनतम मापदण्ड र शिक्षा नियमावलीको नियम ७७ मा भुगोल अनुसार तोकेको न्यूनतम विद्यार्थी सङ्ख्याका आधारमा डिजाईन ड्रईङ्ग तयार गरी स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने । यस प्रयोजनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरी वेवसाईटमा रहेका नमुना नक्साहरूलाई सन्दर्भका रूपमा लिइ नियमानुसार निर्माण कार्यगर्ने । यस सम्वन्धी लिङ्क यस प्रकार रहेको छः<br>अ. केन्द्रको परिपत्रः https://www.cehrd.gov.np/file_data/mediacenter_files/media_file-1-557927236.pdf<br>आ. हिमाली क्षेत्रः https://drive.google.com/file/d/1C5BvVioDUWGUSMLnb6BtMpLgck7gIltT/view?usp=drive_web<br>इ. पहाडी क्षेत्रः https://drive.google.com/file/d/1bPjDovaZt8pfY1lHBoLePn4p_INuz5_2/view?usp=drive_web<br>इन्जिनियरिङ तराई तथा उपत्यका क्षेत्र https://drive.google.com/file/d/1mdwgMRlYhegCnC8hnpeyREmAphBUpKJM/view?usp=drive_web<br>ई. नमुना तथा ठुला विद्यालय https://drive.google.com/file/d/14IHyhe6Irj1Aor7-t31mQfNefnJYCZA6/view?usp=drive_web<br>४. केन्द्रबाट नमुनाको तयार भएका नक्सामा उल्लेखित प्राबधानहरू प्रतिकूल नहुने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(छ) बमोजिम ड्रईङ डिजाइनिङ स्थानीय तहबाट स्वीकृत गराई कार्य गर्ने।<br>५. विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीभित्र रही निर्माण कार्य सञ्चालन गर्ने । स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइले भौतिक निर्माण तथा शैक्षिक विकासको नियमित अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा उपलब्ध गराउने ।<br>६. विद्यालयले नियमानुसार उपलब्ध रकम खर्च गर्ने गराउने र नियमले तोकेबमोजिमको अभिलेख व्यवस्थापन र लेखापरीक्षण गर्नु पर्ने छ । निर्माण कार्यको अनुगमन स्थानीय तहका अतिरिक्त शिक्षा तथा मानवस्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइबाट समेत हुने छ ।<br>७. स्थानीय तहले चालु आवको स्वीकृत बजेट अन्तर्गत ससर्त अनुदान अन्तर्गत नमुना विद्यालय लगायतका भौतिक निर्माण गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम भौतिक निर्माण कार्य गर्दा बजेट बचत भएको अवस्थामा स्वीकृत गुरूयोजना बमोजिम विद्यालयले गर्नपर्ने अन्य भौतिक निर्माणका कार्य गर्न सकिने गरी स्वीकृति दिनसक्नेछ ।<br>८. नमुना विद्यलयको भवन निर्माणको नियमित रूपमा नियमानुसार काम भए/नभएको अनुगमन गर्ने, प्राविधिक सहजीकरण गर्ने, सुझाव दिने दायित्व स्थानीय तहको हुने छ ।<br>९. नमुना विद्यालयको भौतिक निर्माण सम्वन्धी अन्य प्रकिया यस कार्यविधिको क्रियाकलाप नं. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा उल्लेख भए अनुसार गर्ने । | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **८.४. अपाङ्गताको प्रकृति अनुरूप आवश्यकताका आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन :**<br>क) छनोट भएका यस प्रकृतिका विद्यालयलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास भएको अवधारणा पत्र तथा तोकिएको मापदण्डका आधारमा विद्यालयले विकास गरेको स्थानीय तहबाट स्वीकृत गुरूयोजनाको परिधिभित्र रही विद्यालय भौतिक निर्माण कार्य बाँकी रहेको भए स्थानीय तहको प्राविधिकबाट स्थलगत अनुगमन गरी कार्य प्रगतिको अवस्था यकिन गर्ने। तोकिएको मापदण्ड अनुसार बाँकी पूर्वाधार विनियोजित रकमबाट खर्च गरी चालु आवबाट न्यूनतम २० विद्यार्थीका लागि आवासीय कक्षा सञ्चालन गर्ने। यस वर्ष विनियोजित रकम रू ५० लाख खर्च गर्न विद्यालयले कार्योजना स्वीकृत गरी कार्यान्वयन गर्ने। कार्ययोजनामा आवासीय कक्षा सञ्चालनका लागि आवश्यक पर्ने भाडाकुडा, फर्निचर, फर्निसिङ सामग्री खरिद गरी कक्षा सञ्चालन गर्ने कार्यसमेत समावेश गर्नुपर्ने छ। कक्षा सञ्चालन गर्न रकम अपुग भएमा स्थानीय तहले समेत रकम थप गर्नसक्नेछ। यस प्रकृतिको विद्यालयमा निम्नानुसारका पूर्वाधार विकास भएको हुनुपर्ने छ:<br>१. आवासीय विद्यालयमा २०० जना बालबालिका आवासमा बस्नसक्ने क्षमताको हुनुपर्ने,<br>२. विद्यालयमा Dark Room, Audio Proof Room, Counseling Room, प्रशासनिक भवन,वार्डेन कक्ष, IT सुविधासहितको पुस्तकालय, आधारभूत उपकरणसहितको थेरापी कक्ष र विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका लागि नमुना स्रोत कक्षाको व्यवस्था गर्न सकिने गरी भवन निर्माण गर्ने,<br>३. अपाङ्गता भए अनुकूल खेलमैदान, सङ्गीत, योगाभ्यास र कर्मयोगको माध्यमबाट स्वावलम्बी बनाउन करेसाबारीको व्यवस्था गर्ने,<br>४. पूर्व व्यावसायिक सिप विकासका लागि अभ्यास गर्न आवश्यक सामग्रीसहितको कक्ष निर्माण गर्ने,<br>ग) यस उपक्रियाकलापको भौतिक निर्माणसँग बाँकी कार्य नमुना विद्यालयको भौतिक निर्माण तथा क्रियाकलाप नं. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा उल्लेख भए अनुसार गर्ने।<br>**८.५. प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान :**<br>क) यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले शैक्षिक सत्र २०७९ बाट कक्षा ९ मा प्राविधिक धार सञ्चालन गर्न केन्द्रबाट अनुदान प्राप्त गर्न स्वीकृत विद्यालयलाई स्वीकृत विषय अनुसार तपसिलमा उल्लेखित धार बमोजिमको अनुदान रकम ल्याव व्यवस्थापनका लागि विद्यालयलाई एकमुष्ठ उपलब्ध गराउने। विद्यालयले यस केन्द्रबाट स्वीकृत सूची अनुसारका ल्याव सामग्री व्यवस्थापन गरी ल्याब सञ्चालन गर्ने। प्राविधिक धारमा कुनै ल्यावका सामग्री खरिद गर्दा विद्यालयको आवश्यकताको आधारमा सूची तयार गरी सार्वजनिक खरिद ऐन तथा नियामावली बमोजिम खरिद गर्ने। उक्त सामग्रीहरूको खरिदपछि वारेन्टी/ग्यारेन्टी/फिर्ता लैजाने व्यवस्था समेत उल्लेख गरी खरिदकर्तासँग सम्झौता गर्ने। | | |

| धार | रकम | |
|---|---|---|
| बाली विज्ञान | २६ लाख | |
| पशु विज्ञान | २६ लाख | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| सिभिल इन्जिनियरिङ — ५० लाख<br>कम्प्युटर इन्जिनियरिङ — २५ लाख<br>इलोक्ट्रिकल इन्जिनियरिङ — २५ लाख<br>ख) ल्यावको निर्माण प्राविधिक धारसम्बन्धी विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका, २०६९ (संशोधन सहित) र पाठ्यक्रमले तोकेका आधारमा ल्याव सामग्री खरिद गरी सञ्चालनमा ल्याउने। | | |

## २.३.९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ९.१. यस क्रियाकलापमा निम्नानुसारका उपक्रियाकलापको बजेट समावेश गरिएको छ। कार्यक्रम कार्यान्वयन गर्दा प्रथममत: स्वीकृत बजेटको परिधिभित्र रही निर्धारित दररेटअनुसार विद्यालयमा अनुदान दिने: | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • प्रोत्साहन अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• पुस्तकालय अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• विज्ञान अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• प्रोत्साहन भत्ता प्राप्त गर्ने प्रअ शिक्षक सङ्ख्या |

| उपक्रियाकलाप | इकाइ लागत |
|---|---|
| विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन (फिक्सिङ, किताव खरिद, तथा इ पुस्तकालय समेत) | प्रति विद्यालय वार्षिक रू६ लाख ५० हजार |
| तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान | प्रति विद्यालय वार्षिक रू२ लाख देखि ३ लाख |
| कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण | प्रति विद्यालय वार्षिक रू ९ हजार |
| शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान | प्रति विद्यालय रू१० लाख |
| नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि कार्यसम्पादनमा आधारित अनुदान<br>(कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | प्रतिविद्यालय रू १० लाखदेखि रू ६० लाखसम्म |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **९.२. तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान:**<br>स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्दतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने। उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमश: तीन लाख र दुई लाख निकासा गर्ने। विद्यालयले प्राप्त गरेको अनुदानबाट विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास,अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिनेगरी विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्ने। विद्यालयले सम्पादित कार्यका आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रूपमा पठाउने। स्थानीय तहले प्रस्तावअनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्ने। | गाँउपालिका/नगरपालिका<br>• विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा | • एकमुष्ठ अनुदान प्राप्त विद्यालय<br>• प्रगति प्रतिवेदनहरू<br>• EMIS प्रतिवेदन<br>• शिक्षकका लागि पेसागत सहयोग |

<table>
<tr><th>उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr><td>९.३. कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण :<br>क) यस कार्यविधिको अनूसूची-१७ मा उल्लेख (यस क्रियाकलापलाई सघनरूपमा कार्यान्वयनका लागि छनोट) भएका स्थानीय तहअन्तर्गत सञ्चालित विद्यालय (कक्षा १-३ सम्म) मा प्रति कक्षा १ सेट पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका भाषा तथा गणित विषयका स्वाध्ययन सामग्री छपाइ गरी विद्यालयमा वितरण गर्ने,<br>ख) विद्यालयमा सामग्री वितरणको जानकारी यस केन्द्रलाई अविलम्ब उपलब्ध गराउने,<br>ग) वितरित सामग्रीको प्रयोगको अवस्था स्थानीय तह तथा इकाइले नियमित अनुगमन गर्ने,<br>घ) जिल्ला नमुनाका स्थानीय तहहरूले संयुक्तरूपमा सामग्री छपाइ गरी वितरण गर्न सक्नेछन् । स्थानीय तहबाट अनुरोध भई आएमा यस कार्यमा शिक्षा विकास तथा समन्वय इकाइले समन्वय गर्नुपर्ने छ,<br>ङ) यसका कार्यक्रम कार्यान्वयनमा सहजीकरण आवश्यक परेमा यस केन्द्रको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास शाखा तथा पाठ्यक्रम विकास केन्द्रमा सम्पर्क गर्न सकिनेछ,<br>च) यस क्रियाकलाप अन्तर्गत छपाइ गरी विद्यालयमा उपलब्ध गराइएको विद्यालयगत सामग्रीको विवरण तथा प्रयोगको अवस्था EMIS मा अनिवार्य रूपमा प्रविष्ट गर्ने, र<br>छ) स्थानीय तहले एकीकृत पाठ्यक्रमको कष्टमाइज तालिम सञ्चालन गर्दा छपाइ भएका सामग्रीको प्रयोग सम्वन्धमा शिक्षक तालिममा अभिमुखीकरण सञ्चालन गर्ने ।</td><td>समन्वय इकाइ</td><td>उपलब्ध गराइएका विद्यालय/शिक्षक सङ्ख्या</td></tr>
<tr><td>९.४. विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन (फिक्सिङ, किताव खरिद, तथा इपुस्तकालय समेत):<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न. ३६७ मिति २०८१।०३।०५ को पत्रानुसार यस कार्यक्रमहरूमा तोकिएको स्वीकृत कोटा तथा बजेटको परिधिमा रही तपसिलअनुसार विद्यालय छनोट गर्ने । विद्यालय छनोट गर्दा विद्यालयबाट प्रस्ताव माग गरी देहायका आधारमा प्राथमिकता तय गरी छनोट गर्नेः<br>१. पुस्तकालय, पुस्तकालय तथा ICT को सुविधा नभएका विद्यालय<br>२. विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालय<br>३. विद्यालयमा कम्प्युटर विषय अध्यापन गर्ने विद्यालय<br>४. आवश्यक कक्षाकोठा रहेका विद्यालय<br>ख) स्थानीय तहले विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT पूर्वाधारको अवस्थाको विद्यालयगत सूची तयार गर्ने । सो सूची मध्येबाट सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयलाई अनुदान उपलब्ध गराउने गरी विद्यालयबाट प्रस्ताव माग गर्ने । विद्यालयको प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत कोटा बमोजिमका विद्यालय छनोट गर्ने,</td><td>गाँउपालिका/नगरपालिका<br>• विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br><u>सहजीकरण/समन्वय</u><br>• शिक्षा विकास तथा समन्वय इकाइ</td><td></td></tr>
</table>

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ग) छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारका दरले अनुदान दिने,<br>घ) यस कार्यक्रम कार्यान्वयनका लागि यससंग सम्वन्धित यस केन्द्रबाट विकास भएका स्पेसिफिकेसन तथा नमुना विद्यालय सञ्चालन कार्यविधिमा उल्लेखित मापदण्डलाई आधार स्थानीय तहले वियोजित बजेटबाट खरिद गर्ने सामग्रीको स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई उपलब्ध गराउने,<br>ङ) अनुदान प्राप्त विद्यालयले पुस्तकालय विस्तारका लागि छनोट भएका पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने। लाईब्रेरीका लागि आवश्यक फर्निचरहरू जस्तै: पुस्तक र्‍याक, बसाइ व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्री व्यवस्था गर्न कुल बजेटको २५% सम्म बजेट सार्वजनिक खरिद ऐनअनुसार खर्च गर्ने।<br>च) विद्यालयले खरिद गरेका पुस्तकको सूची अनिवार्यरूपले स्थानीय तहमा पेस गर्नुपर्ने छ । यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको पठनपाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्री खरिद गर्न पाइने छैन। विद्यालयले पुस्तकालयमा पुस्तक व्यवस्था गर्दा कक्षा ११ र १२ का लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सामग्री अनिवार्य रूपमा समावेश गर्नुपर्ने,<br>छ) विद्यालयमा ICT ल्याब व्यवस्थापन कार्यक्रम वितरण गर्दा स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका, कम्प्युटर ऐच्छिक विषयका रूपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण आधारमा छनोट भएका विद्यालयका लागि Networking, Internet फर्निचर,कम्प्युटर/उपकरण/सफ्टवेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृश्य सिकाइ सामग्री व्यवस्थापन गर्ने। स्थानीय तहले उल्लेखित विषय क्षेत्र समेटी स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरू पूरा गरी सामग्री खरिद गर्न लगाउने। अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वयन गरे/नगरेको नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउने।<br><br>**९.५. नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि कार्यसम्पादनमा आधारित अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत):**<br>क) नमुना विद्यालयको रूपमा छनोट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालन गरिरहेका र यसकेन्द्रबाट पहिलो चरणमा विज्ञान विषयका लागि छनोट भएका विद्यालयका लागि विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय ३० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय ४५ लाख र २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय ६० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने। यस बजेटबाट विद्यालयबाट स्वीकृत विज्ञान विषय प्रवर्द्धनका लागि स्वीकृत विद्यालय विकास योजनाका आधारमा विद्यालयले आफ्नो जिल्ला भित्रका स्थानीय तहमा विज्ञान विषयको पठनपाठन नभएका विद्यालयबाट सम्बन्धित स्थानीय तहको सिफारिस सहित आएका विद्यार्थीका लागि दोहोरो नपर्ने गरी छात्रबृति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन एवम् अद्याविधक, गूणस्तर अभिबृद्धि कार्यक्रम (क्षमता विकास, विज्ञान प्रदर्शनी, सामग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण लगायत) र स्वीकृत गुरूयोजना बमोजिम नमुना विद्यालय विकासका लागि बाँकी काम गर्न सक्नेछन। यसको अनुगमन स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइबाट हुनेछ। | <br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br>गाँउपालिका/नगरपालिका<br>• विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ख) शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय बाहेक विषय सञ्चलित नमुना विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय १० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय १५ लाख र २५०० भन्दा वढी विद्यार्थी भए प्रति विद्यालय २० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने ।<br>ग) यस उपक्रियाकलापको रकम विद्यालयको गुरुयोजनाअनुसार खर्चका क्षेत्र सहित स्थानीय तहमा चालु आवमा विनियोजित रकम खर्च गर्ने कार्ययोजना सहित स्थानीय तहमा माग गर्ने । स्थानीय तहले कार्ययोजनाको रुजु गरी कार्यप्रगतिका आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराउने । यस क्रियाकलापबाट विद्यालयले गाडी खरिद, स्वीमिङपुल निर्माण जस्ता पुँजीगत नगर्ने । पाँच वर्ष पूरा भएका नमुना विद्यालयमा भौतिक निर्माण कार्यका लागि हाल बजेट विनियोजन नभएको हुनाले कार्य सम्पन्न गर्नका लागि विद्यालयले यसै शीर्षकबाट खर्च गर्न सक्नेछन । स्थानीय तहबाट विद्यालयले सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने । स्थानीय तहबाट नमुनाका लागि छनोट भएका विद्यालयमा जीव विज्ञान, रसायन विज्ञान तथा भौतिक विज्ञानको अध्ययन अवसर सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।<br><br>**९.६. शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान :**<br>यस क्रियाकलापमा बजेट विनियोजन रहेका स्थानीय तहले केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा रहेको वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि,२०७६ मा उल्लेखित अनुदान प्राप्तगर्ने सर्त पूरा गरी छनोट भएका विद्यालयलाई देहायका आधारमा भाद्र मसान्तभित्र अनुदान उपलब्ध गराउनेः<br>क. अनुदान लिने विद्यालयसँग विद्यालय सञ्चालनका लागि करार सम्झौता गर्ने,<br>ख. छनोटमा परेका विद्यालयलाई स्थानीय तहले करार सम्झौताअनुसार काम सम्पादन गर्ने सर्तमा प्रति विद्यालय वार्षिक एकमुष्ठरू१० लाख अनुदानको रकम निकासा गर्ने,<br>ग. विद्यालयले कार्यसम्पादन करारमा उल्लेखित सर्तअनुसार कार्यसम्पादन भए नभएको नियमित अनुगमन गरी सोको कार्य प्रगति केन्द्रमा पठाउने,<br>घ. यो अनुदान पाउने विद्यालयलाई स्थानीय तहले दरबन्दी मिलान गर्दा दरबन्दी वा राहत अनुदान कोटा नदिने । अनुदान रकम दिंदा यसपूर्व कुनै प्रकारको दरबन्दी तथा राहत अनुदान प्राप्त नगरेको सुनिश्चित गरी मात्र निकासा दिने । विगतमा दरबन्दी मिलानको क्रममा यस प्रकारको विद्यालयमा दरबन्दी/राहत अनुदान उपलब्ध गराएको भए यस शीर्षकबाट दिइने उक्त अनुदान कट्टा गरी सोही स्थानीय तहको अन्यत्र एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन कार्यविधि, २०७६ बमोजिमका सर्त पुरा गरेका विद्यालयलाई उपलब्ध गराई सोको जानकारी यस केन्द्रको शिक्षक व्यवस्थापन समन्वय शाखालाई दिने,<br>ङ. सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा नपर्ने विद्यालयलाई मात्र अनुदान उपलब्ध गराउने,<br>च. यस प्रकारका विद्यालय सञ्चालनका लागि आवश्यकताका आधारमा स्थानीय तहले आफ्नो स्रोतबाट थप रकम उपलब्ध गराउन सक्नेछ,<br>छ. परम्परागत विद्यालयलाई छुट्टै अनुदानको व्यवस्था भएकाले यस क्रियाकलाप नमुनाको रकम नदिने ।<br>ज. एकमुष्ठ अनुदान प्राप्त विद्यालयलाई यस अनुदानका अतिरिक्त अन्य सामुदायिक विद्यालय सरह दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति अनुदान मात्र उपलब्ध गराउने । | | |

### २.३.१० क्रियाकलाप नं. २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १. स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ का अतिरिक्त देहायअनुसार गर्ने :<br>क) सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राको तथ्याङ्क यकिन गर्ने,<br>ख) कार्यविधिमा उल्लेखित प्रक्रियाअनुसार विद्यालयमार्फत विद्यार्थीलाई महिनावारीको समयमा तोकिएको मापदण्डअनुसारको प्याड उपलब्ध गराउने,<br>ग) वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउने,<br>घ) कक्षा ६ भन्दा तल्लो कक्षामा अध्ययन गर्ने महिनावारी भएका छात्रालाई पनि यो व्यवस्थाअनुसार प्याड उपलब्ध गराउन सकिने,<br>२. प्याड व्यवस्थापन गर्दा स्वदेशी उद्योगबाट उत्पादित प्याडलाई प्राथमिकता दिने,<br>३. स्थानीय तहले विद्यालयमा सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने,<br>४. स्थानीय तहले तोकिएका छात्राका लागि नियमानुसार सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्नसक्ने छन्, र<br>५. स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरूको प्रतिवेदन तयार गरी गरी स्थानीय तहमा पठाउने। | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | • प्याड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या |

### २.३.११ क्रियाकलाप नं. २.७.१३.३०० भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क. यस क्रियाकलापनमुना बजेट विनियोजन रहेको झापा जिल्लाको दमक नगरपालिकानमुना **श्री ढुकुरपानी माध्यमिक विद्यालय तथा चुलाचुली आधारभूत विद्यालयका** लागि शिक्षक व्यवस्थाका लागि विद्यालयबाट अनुदान माग गर्न लगाई यस कार्यविधिको शिक्षकको तलबभत्ता क्रियाकलापमा उल्लेखित तलबभत्ता अनुदान उपलब्ध गराउने,<br>ख. शिक्षक व्यवस्थापनका लागि ढुकुरपानी माध्यमिक विद्यालयका लागि आधारभूत तहको प्राथमिक तहतर्फ ३, निम्नमाध्यमिक तहतर्फ ४ र माध्यमिकतर्फ ५ जना गरी जम्मा १२ जनाको र चुलाचुली आधारभूत विद्यालयका लागि आधारभूत तहको प्राथमिक तहतर्फ ४ र निम्नमाध्यमिक तहतर्फ ५ गरी जम्मा ९ जनाको स्वीकृत तलबममानअनुसार १२ महिना र चाडपर्व खर्चका लागि पारिश्रमिक अनुदान उपलब्ध गराउने,<br>ग. विद्यालयमा अध्ययनरत विद्यार्थीको तथ्याङ्क यकिन गरी निःशुल्क पाठ्यपुस्तक अनुदान छात्रवृत्ति, विद्यालय सञ्चालन व्यवस्थापन लगायतका अन्य विद्यालयले पाए सरहका क्रियाकलापगत अनुदान सम्बन्धित शीर्षकबाट हिसाब गरी उपलब्ध गराउने,<br>घ. विद्यालयको तथ्याङ्कीय विवरण IEMIS मा नियमित रूपमा भर्न लागाउने, र<br>ङ. विद्यालयको शिक्षण सिकाइ क्रियाकलापको स्थानीय तहबाट नियमित निरीक्षण अनुगमन गर्ने। | **मुख्य जिम्मेवार**<br>• नगरपालिका<br>• विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | • तलब प्राप्त शिक्षक<br>• पाठ्यपुस्तक प्राप्त विद्यार्थी |

**२.३.१२ क्रियाकलाप २.७.१३.४० माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| माध्यमिक विद्यालय (कक्षा ९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्था गरी विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ । सोका लागि यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले उक्त बजेटको परिधिभित्र रही शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदनअनुरूप सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शून्य दरबन्दी) र १ मात्र दरबन्दी वा राहत अनुदान भएका र २ ओटा मात्र दरबन्दी वा राहत अनुदान गणित, अङ्ग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ का अतिरिक्त देहायअनुसार वितरण गर्ने :- (कार्यविधि केन्द्रको वेबसाइट (www.cehrd.gov.np) बाट डाउनलोड गर्न सकिने छ ।)<br>१. उल्लेखित विवरणअनुसारका विद्यालय सङ्ख्या यकिन गर्ने,<br>२. स्वीकृत बजेटको परिधिभित्र रही शून्य दरबन्दी/राहत अनुदान कोटा भएका विद्यालयलाई न्यूनतम ३ ओटा, १ दरबन्दी/ राहत अनुदान कोटा भएकालाई २ ओटा र २ दरबन्दी/राहतअनुदान कोटा भएकालाई १ ओटाका दरले अनुदान उपलब्ध गराउने,<br>३. यस क्रियाकलापमा बजेट विनियोजन गर्दा प्रतिशिक्षक मासिक रू. ४३६८९।- का दरले १२ महिनाको पारिश्रमिक, १ महिनाको चाडपर्व खर्च र तोकिएको पोसाक खर्चसमेत अनुदानमा हिसाब भएकाले सोअनुसार उपलब्ध गराउने । यसका अतिरिक्त अन्य शिक्षकले पाए सरहका सुविधा स्थानीय तहले आफ्नो स्रोतबाट थप गर्नसक्ने छन्,<br>४. शिक्षण सिकाइ अनुदानमा अङ्ग्रेजी, गणित तथा विज्ञान वाहेका अन्य विषयमा शिक्षक राख्न पाइने छैन र यो अनुदानलाई अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन । | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • अनुदान प्राप्त गर्ने विद्यालय सख्या<br>• तलब वुझेको भरपाइ |

**२.३.१३ क्रियाकलाप २.७.१३.४१ आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क) आधारभूत तह कक्षा (६-८) सञ्चालित विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षक व्यवस्था गरी विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ । सोका लागि यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले उक्त बजेटबाट शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदनअनुरूप सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) का लागि कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शून्य दरबन्दी) भएका विद्यालयलाई गणित, अङ्ग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ का अतिरिक्त देहायअनुसार वितरण गर्ने (कार्यविधि केन्द्रको वेबसाइट (www.cehrd.gov.np) बाट डाउनलोड गर्न सकिने छ ।) :-<br>१. उल्लेखित विवरणअनुसारका विद्यालय सङ्ख्या यकिन गर्ने,<br>२. बजेटको परिधिभित्र रही शून्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने,<br>३. यस क्रियाकलापमा बजेट विनियोजन गर्दा प्रतिशिक्षक मासिकरू३४७३०।- का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च र | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • अनुदान प्राप्त गर्ने विद्यालय सख्या<br>• तलब वुझेको भरपाइ |

| | | |
|---|---|---|
| पोशाक खर्च समेत अनुदानमा हिसाब भएकाले सोअनुसार उपलब्ध गराउने । यसका अतिरिक्त तथा अन्य शिक्षकले पाए सरहका सुविधाहरू स्थानीय तहले थप गर्न सक्नेछन् ।<br>ख. २.७.१३.४० र २.७.१३.४१ क्रियाकलापमा उल्लेखित शिक्षण सहयोग अनुदान कोटा निर्धारण गर्दा माथि उल्लेख भए बमोजिम माध्यमिक तह (कक्षा ९-१०) र आधारभूत तह कक्षा (६-८) मा अनुदान उपलब्ध गराइसकेपछि यस क्रियाकलापमा एउटा तहमा रकम वचत हुने देखिएमा वचत हुन आउने बजेटको परिधिमा ननाघ्ने गरी चालु आर्थिक वर्ष २०८१।८२ को लागि मात्र अर्को नपुग भएको तहमा शिक्षण सिकाइका लागि अनुदान उपलब्ध गराउन सकिनेछ । | | |

**२.३.१४ क्रियाकलाप २.७.१३.३०४ विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क) यस क्रियाकलापमा विनियोजित बजेट खर्च गर्दा स्थानीय तहले देहायको कार्यप्रक्रिया अवलम्बन गरी कार्यसम्पादन गर्ने :<br>कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरताका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (Recovery and Accelerated Learning -ReAL) Plan) स्वीकृत भएको छ । यस योजनाको कार्यान्वयनका लागि निदानात्मक परीक्षण साधन (Dignostic Tools), शिक्षक तालिम सामग्री, कार्यक्रम कार्यान्वयन सहजीकरण कार्यविधि स्वीकृत भएको तथा Online Media platform विकास गरी शिक्षा तथा मानव स्रोत विका केन्द्रको वेबसाइटमा राखीएको छ । उक्त समग्रीको कार्यान्वयनका लागि तपसिलअनुसारको कार्यप्रक्रिया अवलम्वन गरी कार्यक्रम सञ्चालन गर्ने:<br>ख) **स्थानीय तहबाट सम्पादन हुनुपर्ने कार्यहरू:**<br>१. स्थानिय तहले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np को ReAL Menu मा रहेकका सामग्रीको स्थानीयस्तरका सरोकारवाला, स्थानीय जनप्रतिनीधि, स्थानीयस्तरमा कार्यरत सङ्घसंस्थाहरूका लागि अभिमुखीकरण सञ्चालन गर्ने,<br>२. स्थानीय तहका विकास साझेदार संस्थाहारुको नक्साङ्कन, ReAL plan नमुना गर्नुपर्ने कार्यहरूको अभिमुखीकरण तथा ReAL कार्यक्रम कार्यान्वयनको लागि स्रोतको नक्साङ्कन गर्ने,<br>३. स्थानीय तहमा उपलब्ध बजेटलाई स्थानीयमा सञ्चालन गर्ने तालिम, अनुगमन प्रतिवेदन लगायत अन्य आवश्यक क्षेत्रमा बजेट छुट्याई बाँकी रकम विद्यालयले सम्पादन गर्ने शिक्षक तालिम, परीक्षण सञ्चालन पहिलो र अन्तिम, सिकाइ आपूरण र द्रुत सिकाइका कार्यक्रम सञ्चालनको बजेट बाँडफाँडसहित कार्यक्रम कार्यान्वयनको आधार समेत विद्यालयलाई उपलब्ध गराउने,<br>४. विद्यालयबाट सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने,<br>५. स्थानीय योजना (गाँउ/नगर शिक्षा योजना) मा ReAL Plan कार्यान्वयनका विषयवस्तु समावेश गर्ने,<br>६. ReAL Plan कार्यान्वयनका लागि एकजना कर्मचारीलाई कार्यक्रम संयोजक तोकी कार्यान्वयन सहजीकरणको व्यवस्था मिलाउने ।<br>ग) **विद्यालयले गर्नुपर्ने कार्यहरू**<br>१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np को ReAL Menu मा रहेकका सामग्रीको प्रयोग गरी ReAL Plan कार्यान्वयन सम्बन्धमा शैक्षिक सत्रको सुरुमा तोकिएका कक्षाका विषयगत शिक्षकलाई विद्यालय स्तरमा सम्पादन गर्ने कार्यक्रमको विस्तृत अभिमुखीकरण गर्ने, | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • सञ्चालित अतिरिक्त सिकाइ (Additional class), उपचारात्मक कक्षा (Remedial Learnig) का लागि अभ्यास कक्षा (Tutorial class) सख्या<br>• थप सिकाइका लागि विकास भएका सामग्री सङ्ख्या<br>• सञ्चालनमा रहेका अस्थायी सिकाइ सहजीकरण केन्द्र, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सङ्ख्या |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| २. शैक्षिक सत्रको सुरुमा तोकिएको कक्षा तथा विषयको विषयगत शिक्षकले Diagnostic Tools को प्रयोग गरी कक्षाका सबै विद्यार्थीको पूर्व परीक्षा- (Pre-Test/ Baseline Test) सञ्चालन गर्ने,<br>३. उत्तरकार्यविधि परीक्षण गरी अङ्कन गर्ने । विद्यार्थी नतिजाका तथ्याङ्क इन्ट्री सिट तयार गर्ने । सो तयार गर्दा कक्षागत विषयतरूपमा विद्यार्थीको सही उत्तरलाई (१) तथा कमजोर/ गलत उत्तरलाई (०) मा साङ्केतीकरण गर्ने, ( ६०% माथि १ र ६०% तल ०) गरी जम्मा अङ्कलाई सतप्रतिशत मानी विद्यार्थीको प्राप्ताङ्कको प्रतिशत मार्कलेजर तयार गर्ने,<br>४. तथ्याङ्कका आधारमा विद्यार्थीको वर्गीकरण गर्ने र तयार भएको मार्क लेजरबाट EMIS मा तथ्याङ्क (Baseline data) इन्ट्री गर्ने,<br>५. उपचारात्मक शिक्षणका लागि विषयवस्तु छनोट/ उपयुक्त रणनीतिको अवलम्वन गर्ने, (न्यूनतम ६ देखि १० हप्ताको रणनीति अबलम्बन गर्ने ) ,<br>६. विद्यालयले रिमेडियल शिक्षणका लागि विषयवस्तु छनोट/उपयुक्त रणनीतिको अवलम्वन गर्दा विद्यालय र शिक्षकले आवश्यकता र उपयुक्तता आधारमा शिक्षक विद्यार्थी सञ्जालको विकास, Teaching at right level-TaRL विधिका आधारमा शिक्षण, सिकाइ चौतारी (Learning portal) को प्रयोग, विद्यालय शिक्षण अवधि विस्तार, टोल सिकाइ सञ्चालन, स्वयंसेवक तथा बैकल्पिक शिक्षक व्यवस्थापन, सिकाइ आपूरणका लागि कार्यमूलक अनुसन्धान सञ्चालन, स्वाध्ययन सामग्रीको विकास तथा प्रयोग, अभिभावक शिक्षा सञ्चालन, गृह विद्यालय सञ्चालन, मातृभाषामा शिक्षण, सिकाइका लागि अभिभावक परिचालन, परियोजना तथा समुदायमा आधारित सिकाइ क्रियाकलाप सञ्चालन, शिक्षण स्रोत सामग्रीको प्रयोग, साथी समूह सिकाइ, दिदीबहिनी/दाजुभाइ सिकाइ, विद्यार्थी स्व–मूल्याङ्कन, श्रव्यदृश्य सामग्रीको प्रयोग, विद्यार्थी मनोसामाजिक परामर्श सञ्चालन जस्ता रणनीतिमध्येबाट छनोट गरी कार्यान्वयन गर्ने,<br>७. विद्यालयले Baseline data Entry पश्चात् न्यूनतम ६ देखि १० हप्ताको सिकाइ रणनीति अवलम्बन गर्ने । सो पश्चात पूर्व परीक्षा (Pre-Test) मा प्रयोग भएका Diagnostic Tools प्रयोग गरी अन्तिम (End line) परीक्षा सञ्चालन गर्ने । Endline परिक्षाको नतिजा उल्लेख गर्दा अवलम्वन गरिकाएको रणनिती अनिवार्यरूपमा उल्लेख गर्ने र विद्यार्थी वर्गीकरणका आधारमा तह एकदेखि ३ सम्मका विद्यार्थीको मात्र End line result EMIS मा Reporting गर्ने,<br>८. विद्यालयको शैक्षिक योजनामा सिकाइ आपूरण, सिकाइ रणनिति तथा प्रयोगलाई समावेश गरी अद्यावधिक गर्ने,<br>९. सामुदायिक विद्यालयले ReAL Plan कार्यान्वयनका लागि सम्पर्क शिक्षक (Focal Teacher) तोकी कार्यक्रम सञ्चालन, प्रतिवेदन र रिपोर्टिङको व्यवस्था गर्ने, गराउने ।<br>घ) स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि यस कार्यविधिमा उल्लेखित उदेश्यमा प्रतिकूल नहुने गरी थप आधार तयार गर्न सक्ने छन् ।<br>ङ) चालु आवमा यस कार्यक्रम कार्यान्वयनका लागि यस कार्यविधिको अनुसूची-११ मा उल्लेखित स्थानीय तहमा सधनरूपमा कार्यक्रम कायान्वयन गर्न थप बजेटको व्यवस्था गरिएको छ । यसबाट शिक्षकको क्षमता विकास, विद्यालयमा निदानात्मक परीक्षण साधनको छपाइ तथा प्रयोगका लागि विद्यालयलाई अनुदान, कार्यक्रमको अनुगमन तथा प्रतिवेदन जस्ता क्षेत्रमा बजेट बाँडफाँड गरी कार्यान्वयन गर्ने ।<br>च) सिकाई आपूरणसंग सम्वन्धित कार्यका लागि स्थानीय तहले थप स्रोतको प्रबन्ध गर्न तथा स्थानीय तहका सरकारी एवम् गैरसरकारी निकाय सँग समन्वय सहकार्य गर्न सक्नेछ । | | |

## २.३.१५ क्रियाकलाप नं. २.७.१३.३०२ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण

<table>
<tr><th>उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr>
<td>
यस क्रियाकलापमा निम्नानुसारका उपक्रियाकलापको बजेट समावेश गरिएको छ। कार्यक्रमका कार्यान्वयन गर्दा स्वीकृत बजेटको परिधिभित्र रही स्थानीय तहले कार्यक्रम सञ्चालन गर्ने । यस क्रियाकलापमा तोकिएका उपक्रियाकलापमा बजेट अपुग भएमा स्थानीय तहबाट थप बजेट व्यवस्था गरी कार्यान्वयन गर्नसकिने छ।
<table>
<tr><th>उपक्रियाकलाप</th><th>एकाइ लागत</th></tr>
<tr><td>कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्याङ्कन</td><td>प्रति विद्यार्थी वार्षिक रू२७५</td></tr>
<tr><td>शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम</td><td>विद्यालय सङ्ख्याको आधारमा एकमुष्ट रकम</td></tr>
<tr><td>विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन</td><td>विद्यालय सङ्ख्याको आधारमा एकमुष्ट रकम</td></tr>
<tr><td>आधारभूत तथा माध्यमिक विद्यालयका IT स्रोत शिक्षकका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास</td><td>प्रति शिक्षक रू ६ हजार</td></tr>
<tr><td>एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाईनसमेत)</td><td>प्रति शिक्षक रू ५ हजार</td></tr>
<tr><td>स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्शाङ्कन</td><td>प्रति विद्यालय रू २ हजार</td></tr>
<tr><td>बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (disability screening) लागि स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम</td><td>प्रति विद्यार्थी रू १०० का दरले</td></tr>
</table>

**१५.१. कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्याङ्कनः**

स्थानीय तहले आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरणसम्बन्धी मापदण्ड, २०७६ राष्ट्रिय परीक्षा बोर्डबाट विकास भएको परीक्षा ढाँचाको परिधिभित्र रही परीक्षाको स्तरीयता, प्रमाणीकरण र एकरूपता कायम हुने गरी परीक्षा समितिमार्फत् परीक्षा सञ्चालन गर्ने गराउने । परीक्षा सञ्चालन गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीसँग शुल्क वापत कुनै रकम नलिने गरी स्थानीय तहले परीक्षा सञ्चालन गर्ने । परीक्षालाई स्तरीकृत गरी अभिलेख व्यवस्थापन तथा विद्यार्थीलाई प्रमाणपत्र वितरण गर्ने । परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट बजेट व्यवस्था गर्न सक्ने छ । ससर्त अनुदानको स्रोत व्यवस्थापन गर्दा Equity Index लाईसमेत आधार लिएको छ। Equity Index को गणनाका लागि लिइने आधारमध्ये कक्षा ८ को नतिजा पनि एक हो। EMIS बाट कक्षा ८ को नतिजा व्यवस्थापन नगर्ने स्थानीय तहको सिकाइसम्बन्धी Equity Index गणना गर्न छुट हुँदा स्थानीय तहले प्राप्त गर्ने अनुदान प्रभावित हुने भएकाले कक्षा ८ को नतिजा व्यवस्थापन अनिवार्यरूपमा EMIS बाट गर्ने।

**१५.२. शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रवर्धन :**

क) स्थानीय तहले यस शीर्षकबाट देहायका कार्यसम्पादन गर्नुपर्नेछः
</td>
<td>
<u>**मुख्य जिम्मेवार**</u>

- गाउँपालिका/ नगरपालिका
- विद्यालय

<u>**सहजीकरण/समन्वय**</u>

- शिक्षा विकास तथा समन्वय इकाइ
</td>
<td>

- परीक्षा तथा मूल्याङ्कन सम्बन्धी निर्णयहरू
- अनुगमन प्रतिवेदन
- स्थिति प्रतिवेदन
- IEMIS प्रतिवेदन
- तालिम प्रतिवेदन
- स्रोत विज्ञ सङ्ख्या
- भौतिक सर्वेक्षण तथा नक्शाङ्कन प्रतिवेदन
- अपाङ्गताको प्रारम्भिक पहिचान प्रतिवेदन
</td>
</tr>
</table>

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १. ससर्त अनुदाननमुना विभिन्न सबबजेट उपशीर्षकहरूमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाईन प्रगति सफ्टवेयरमा वार्षिक तथा त्रैमासिक रूपमा प्रविष्ट गर्ने एवम् वार्षिक शैक्षिक स्थिति प्रतिवेदन (Annual Educational Status Report) तयार गरी केन्द्रको योजना तथा अनुगमन शाखामा सम्प्रेषण गर्ने । वार्षिक शैक्षिक स्थिति प्रतिवेदन (Annual Educational Status Report) को प्रस्तावित ढाँचा केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा रहेको छ ।<br>२. स्थानीय तहनमुनाका सबै प्रकारका विद्यालयलाई अनिवार्य रूपमा EMIS मा शैक्षिक तथ्याङ्क भर्न /अद्यावधिक गर्न लगाउने । सोका लागि आवश्यकताअनुसार विद्यालयलाई प्राविधिक सहायता उपलब्ध गराउने । विद्यालयद्वारा भरिएको/ अद्यावधिक गरिएको विवरणको सत्यापन गर्ने । स्थानीय तहको एकीकृत शैक्षिक तथ्याङ्क प्रतिवेदन तयारी तथा प्रकाशन गर्ने,<br>३. स्थानीय तहले स्थानीय तहको शिक्षा योजना निर्माणसम्वन्धी मार्गदर्शन, २०७९ (परिमार्जित तथा अद्यावधिक २०८१) बमोजिम गाँउ/नगर शिक्षा योजना निर्माण गरी आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्ने,<br>४. विद्यालयका प्रधानाध्यापक तथा सरोकारवालाहरूलाई अद्यावधिक शैक्षिक नीति तथा कार्यक्रमको अभिमुखीकरण गर्ने,<br>५. यस क्रियाकलापमा स्थानीय तहलाई प्राप्त हुने रकम स्थानीय तहको शिक्षा महा/शाखाको सिफारिसमा प्राविधिक सहायता तथा अनुगमन गर्दा नियमानुसार प्राप्त हुने दैनिक भ्रमण भत्ता, बैठक तथा कार्यशाला सञ्चालन गर्दा बैठक भत्ता, योजना निर्माण/डाटावेश /प्रतिवेदन तयारी आदि कार्यमा संलग्न कर्मचारीलाई खाना/खाजा खर्च गर्न सकिने,<br>ख) यस कार्यक्रम कार्यान्वयनका लागि यस केन्द्रको च. न.३६७ मिति २०८१।०३।०५ को पत्रमा उल्लेख यस क्रियाकलापमा विनियोजन रहेको बजेटअनुसार उल्लेखित क्षेत्रमा खर्च गर्ने ।<br><br>**१५.३. विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोग तथा मेन्टरिङ पद्धतिको कार्यान्वयनः**<br>क) स्थानीय तहले विद्यालय सुपरिवेक्षण र शिक्षकको पेसागत सहयोगलाई प्रभावकारी बनाउन अनुगमन योजना निर्माण गर्ने । विद्यालय सुपरिवेक्षण तथा पेसागत विकास सम्बन्धमा गरेको व्यवस्था भए सोहीअनुसार गर्ने सो व्यवस्था नभएमा स्थानीय तहमा कार्यरत शिक्षा अधिकृत कर्मचारी, स्थानीय तहभित्र उत्कृष्ट नतिजा हासिल गराउन सफल विषयगत शिक्षक प्रतिनिधित्व रहेको विषयगत समिति तथा विषयविज्ञ रहेको रोस्टर निर्माण गर्ने । उक्त रोस्टरमध्येबाट स्थानीय तहनमुनाका सबै विद्यालयमा ३ महिनामा कम्तीमा १ पटक सुपरिवेक्षण गरी पेसागत सहयोगका लागि कक्षा अवलोकन, पृष्ठपोषण आदान प्रदान, नमुना पाठ प्रर्दशन, छोटो अवधिका मागमा आधारित तालिम सञ्चालन एवम् शैक्षणिक समस्या समाधानका लागि रोष्टरको परिचालन गर्ने गराउने,<br>ख) स्थानीय तहले शिक्षकको पेसागत विकासका लागि शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८० मा उल्लेखित शिक्षक पेसागत विकासका विधिहरू मध्ये स्थानीय तहको आवश्यकता र उपलब्ध स्रोत साधनको आधारमा न्यूनतम २ ओटा विधि छनोट गरी कार्यान्वय गर्ने । कार्यान्वयनमा रहेका पेसागत विकासका विधिको विवरण EMIS मा अनिवार्य प्रविष्टि गर्ने,<br>ग) शिक्षक मेन्टरिङको सघन कार्यक्रमका लागि छनोट भएका यस कार्यविधिको अनुसूची-११ मा उल्लेखित स्थानीय तहले सूचीकृत रोस्टरहरूमध्येबाट १ जनालाई मेन्टरका रूपमा कार्य गर्ने गरी जिम्मेवारी तोकी परिचालन गर्ने । शिक्षक मेन्टरिङ कार्यविधिमा उल्लेख भएबमोजिम कार्य गर्न लगाउने । यस कार्यको प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रको शिक्षक तालिम शाखामा नियमितरूपमा पठाउने । | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| घ) यस कार्यक्रम कार्यान्वयनका लागि यस केन्द्रको च. न.३६७ मिति २०८१।०३।०५ को पत्रमा उल्लेख भएबमोजिमका उपक्रियाकलापमा विनियोजन भएको बजेटअनुसार उल्लेखित उपक्रियाकलापमा खर्च गर्ने । सोको अभिलेखका लागि स्थानीय तहले केन्द्रमा विवरण उपलब्ध गराउने । यसका अतिरिक्त स्थानीय तहले आन्तरिक स्रोतबाटसमेत बजेट व्यवस्था गरी एकीकृत अनुगमन तथा सुपरिवेक्षण योजना निर्माण गरी कार्यान्वयन गर्न सक्ने,<br>ङ) यस उपक्रियाकलापमा रहेको रकम सुपरिवेक्षण र पेसागत सहयोग कार्यमा संलग्न हुनेहरूले सो कार्यको प्रतिवेदन स्थानीय तहमा पेस गरेपश्चात् नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता, यातायात खर्च, खाजा /खानामा खर्च गर्न सकिने छ ।<br>च) शिक्षक मेन्टरहरूलाई स्थानीय तहबाट देहायको आधारमा रकम व्यवस्था गर्ने<br>१. शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८० को बुँदा न. ७ को (१) र (२) बमोजिमको मेन्टरिङसम्बन्धी कार्यसम्पादन गर्दा प्रचलित कानुनबमोजिम पाउने भए दैनिक तथा भ्रमण भत्ता, दैनिक तथा भ्रमण भत्ता नपाउने भए वास्तविक आधार (Actual Basis) मा इन्धन तथा यातायात खर्च, अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्सबमोजिम स्टेशनरी/मसलन्द (आवश्यकताअनुसार फोटोकपीसमेत), खाजा/खाना, प्रतिवेदन तयारी आदि प्रयोजनार्थ माथि उल्लेखित उपक्रियाकलाप शीर्षकमा विनियोजित बजेटबाट प्रति मेन्टर अधिकतम् रू ५०,००० (अक्षेरुपि पचास हजार) स्थानीय तहबाट भुक्तानी दिने,<br>२. यसरी मेन्टरलाई भुक्तानी दिनुपूर्व मेन्टरले उपर्युक्तबमोजिम खर्च गर्ने प्रस्ताव स्थानीय तहमा पेस गर्नुपर्ने र उक्त प्रस्ताव स्थानीय तहबाट स्वीकृत गर्ने,<br>३. मेन्टरले मेन्टरिङ कार्य सम्पन्न गरी स्थानीय तहमा बुझाएको कार्यसम्पन्न प्रतिवेदन स्थानीय तहबाट भेरिफिकेसन गर्ने,<br>ङ) स्थानीय तहले मेन्टरहरूबाट पेस भई भेरिफिकेसन भएका प्रतिवेदनलाई समेटेर एकीकृत प्रतिवेदन यस केन्द्रको शिक्षक तालिम शाखामा पठाउनुपर्ने ।<br>**१५.४. आधारभूत तथा माध्यमिक विद्यालयका IT स्रोत शिक्षक का लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास:**<br>यस कार्यक्रम लागि तपसिलअनुसार सञ्चालन गर्ने :<br>१. प्रत्येक सामुदायिक विद्यालयमा सूचना प्रविधि तथा कम्प्युटरमा दखल राख्ने एवम् सो विषयमा इच्छुक शिक्षक/कर्मचारीलाई IT फोकल शिक्षकको रूपमा विद्यालयलाई तोक्न लगाउने ।<br>२. तोकिएका IT फोकल शिक्षकलाई शिक्षा तालिम केन्द्रबाट मुख्य प्रशिक्षकका रूपमा तालिम प्राप्त प्रशिक्षकबाट ५ दिनको सूचना प्रविधिसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गर्ने । यसो गर्दा हाल सम्म पनि सहभागी हुन नपाएका सामुदायिक विद्यालयलाई प्रथामिकतामा राखी कम्तीमा १/१ जना सहभागी गराउने ।<br>३. तालिम सञ्चालन गर्दा कम्प्युटर तथा सूचना प्रविधिको पर्याप्त स्रोत साधन भएको स्थानमा सञ्चालन गर्ने ।<br>४. तालिम सञ्चालन गर्दा बढीमा २० जनासम्म सहभागीको समूह निर्माण गरी सञ्चालन गर्ने । एक स्थानीय तहमा समूह नपुग भएमा तथा सूचना प्रविधि तालिम सञ्चालन गर्न पूर्वाधार नभएमा अन्य स्थानीय तहसँग समन्वय गरी तालिम सञ्चालन गर्नसकिने छ । | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
| --- | --- | --- |
| **१५.५. एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाईनसमेत):**<br>१) स्थानीय तहमा सञ्चालित विद्यालयमा कार्यरत शिक्षकमध्ये हालसम्म एकीकृत पाठ्यक्रमको तालिम प्राप्त नगरेका विद्यालय पहिचान गरी त्यस्ता विद्यालयका शिक्षकलाई प्राथमिकता दिई तालिममा सहभागी गराउने।<br>२) तालिम सञ्चालन गर्दा एकीकृत पाठ्यक्रमसम्बन्धी प्रशिक्षक प्रशिक्षणका सहभागी तथा शिक्षा विकास तथा समन्वय इकाइबाट तालिम प्राप्त विज्ञ प्रशिक्षकबाट स्वीकृत तालिम कोर्सका आधारमा तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउने।<br>३) तालिम सञ्चालन गर्दा सूचना प्रविधिको पहुँच भएका विद्यालयका शिक्षकका लागि अनलाईन माध्यमबाट तालिम सञ्चालन गर्नुपर्ने।<br>४) तालिमका सहभागी छनोट गर्दा प्रत्येक विद्यालयका कम्तीमा १ जना शिक्षक सहभागी हुने सुनिश्चितता गर्ने। शिक्षक तालिममा सहभागी भएपछि आफ्नो विद्यालयमा प्रधानाध्यापकको संयोजनमा अन्य शिक्षकसँग आदानप्रदान गर्नुपर्ने छ। स्वीकृत बजेटको परिधिभित्र रही विद्यालयका थप शिक्षक तथा संस्थागत विद्यालय शिक्षकका लागि तालिम सञ्चालन गर्न सकिने छ।<br>**१५. ६. स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्साङ्कन:**<br>क) विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार गठन भएको स्थानीय पूर्वाधार समितिको नेतृत्वमा विद्यालय सर्वेक्षण एवम् नक्साङ्कनसम्बन्धी कार्य गर्ने। यसका लागि समितिले आवश्यकताअनुसार कार्यशाला बैठक छलफलका माध्यमबाट क्षमता विकासका कार्य गर्ने।<br>ख) स्थानीय पूर्वाधार समितिले केन्द्रबाट विकास भएको विद्यालय भौतिक विवरण सर्वेक्षण उपप्रणालीमा समावेश भएका विषयवस्तुको अध्ययन गरी सर्वेक्षण एवम् नक्साङ्कनका लागि कार्ययोजना तयार गर्ने।<br>ग) यस कार्यमा स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारी तथा विद्यालयमा रहेको प्राविधिक इन्जिनियर भए निजलाई समेत परिचालन गरी स्थानीय तहमा भएका सबै विद्यालय भवनहरूको लेखाजोखा गर्ने व्यवस्था मिलाउने र विद्यालयको फोटोसहितको विवरण तयार गरी EMIS को उपप्रणालीमा प्रविष्ट गर्ने।<br>घ) विद्यालयका प्रधानाध्यापक र EMIS को कार्यजिम्मेवारी तोकिएका शिक्षक कर्मचारीका लागि अभिमुखीकरण सञ्चालन गर्ने।<br>ङ) सबै सामुदायिक र संस्थागत विद्यालयमा अध्ययननरत विद्यार्थी, भौतिक अवस्था तथा जनसाङ्ख्यिक आधारमा विद्यालयको नक्साङ्कनको प्रतिवेदन तयार गर्ने। प्राप्त प्रतिवेदनका आधारमा विद्यालय अनुमति, विद्यालय समायोजन एकीकरण जस्ता विषयमा निर्णय गर्ने।<br>च) विद्यालय नक्साङ्कनसम्बन्धी थप जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाबाट प्राप्त गर्न सकिने छ।<br>छ) यस कार्यक्रम कार्यान्वयनका लागि यस केन्द्रको च. न.३६७ मिति २०८१।०३।०५ को पत्रमा उल्लेख यस क्रियाकलापमा विनियोजन रहेको बजेटअनुसार उल्लेखित क्षेत्रमा खर्च गर्ने। | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१५. ७. बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (disability screening) लागि स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम :**<br>क) यस कार्यविधिको अनुसूची ११ मा उल्लेखित सघन रूपमा कार्यक्रम कार्यान्वयन गर्न छनोट भएका स्थानीय तहले विद्यालयका EMIS सम्बन्धी काम गर्ने शिक्षक/ कर्मचारी वा प्रधानअध्यापक मध्ये एक जनालाई बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने विषयमा कम्तीमा दुई दिने क्षमता विकास तालिम सञ्चालन गर्ने ।<br>ख) क्षमता विकास तालिममा अपाङ्गताको प्रारम्भिक पहिचानका लागि विकास गरिएका साधनको प्रयोग गर्ने,<br>ग) EMIS मा आबद्ध Disability Module मा विद्यालयमा अध्ययनरत (बाल विकासदेखि कक्षा ३ सम्मका) विद्यार्थीको विकसित प्रश्नको प्रयोग गरी अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने । अपाङ्गताको प्रारम्भिक पहिचान भएका बालबालिकाको अपाङ्गताको अन्तिम परीक्षणका तथा प्रमाणीकरणका लागि चिकित्सक कहाँ प्रेषण गर्ने र यसको तथ्याङ्क EMIS मा प्रविष्टि गर्ने,<br>घ) यस क्रियाकलापका लागि प्रति विद्यार्थी रू १००।- का दरले बजेट व्यवस्था भएको छ । सोको ५०% रकम स्थानीय तहले शिक्षकको क्षमता विकासमा खर्च गर्ने । बाँकी ५०% रकम विद्यार्थीको अपाङ्गताको प्रारम्भिक पहिचानका लागि EMIS मा आवद्ध Disability Module मा प्रविष्टि गर्ने कार्यमा संलग्न शिक्षक /कर्मचारीलाई खाजा खर्च उपलब्ध गराउने,<br>ङ) यस कार्यका लागि स्थानीय तहको स्वास्थ्य, महिला तथा बालबालिका शाखा लगायत स्थानीय तहमा क्रियाशील गैससँग समन्वय र सहकार्य गर्ने । | | |

**२.३.१६ क्रियाकलाप न. २.७.१३.३०५ विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशन भएको सूचना बमोजिम सामुदायिक विद्यालयमा कक्षा ६-१२ अध्ययनरत विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८० बमोजिम EMIS मा तोकिए बमोजिम PMT फारम भर्न लगाउने । यस विषयमा स्थानीय तह तथा विद्यालयले विद्यार्थीका लागि सूचनाको प्रचार प्रसार गर्ने । तर अघिल्लो वर्ष PMT फारम भरी छनोट भई सकेका विद्यार्थीले चालु आर्थिक वर्षमा पुनः फारम भर्नु पर्ने छैन।<br>ख) केन्द्रले विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८० को मापदण्ड बमोजिमका छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थी छनोट गरी वा गराइ स्थानीय तहगत तथा विद्यालयगत विद्यार्थीको सूची प्रकाशन गर्ने।<br>ग) छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीको बैङ्क खाता खोल्न लगाई सम्बन्धित स्थानीय तहले रुजु गरी EMIS मा अपलोड गर्ने,<br>घ) विद्यालयले छनोट भएका विद्यार्थीका लागि कार्यविधिले तोके बमोजिम प्राप्त गर्ने छात्रवृत्ति रकम हिसाव गरी स्थानीय तहमा माग गर्ने,<br>ङ) स्थानीय तहले विवरण रुजु गरी विद्यार्थी खातामा छात्रवृत्ति रकम प्राप्त गर्ने प्रबन्ध मिलाउने । | • गाँउपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | • प्रकाशित सूचना<br>• छनोट भएका विद्यार्थीको नामावली<br>• विद्यार्थी बैङ्क खाता विवरण |

२.३.१७ **क्रियाकलाप नं. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१८.१. स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान :** प्रत्येक स्थानीय तहले प्राप्त विद्यालय भौतिक कार्यक्रमहरू कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० मा भएको व्यवस्थाअनुसार भूकम्प प्रतिरोधी, अपाङ्गतामैत्री, बालमैत्री, छात्रामैत्री एवम् वातावरण मैत्री गर्नु/गराउनुपर्ने छ। विद्यालय भौतिक सुधारसम्बन्धी कार्य गर्दा वातावरणीय र सामाजिक पक्षलाई आधार मानी कार्यसम्पादन गर्ने । Social/Environmental Framework ले तोकेका वातावरणीय र सामाजिक पक्षहरूलाई ध्यान दिई कार्यान्वयन गर्ने। यसका लागि विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को अनुसूची-५ लाई प्रयोग गर्ने। विद्यालयमा भवन निर्माण तथा अन्य भौतिक पूर्वाधार विकास गर्दा यस कार्यविधिको मार्गदर्शन खण्डको (ग) विद्यालय भौतिक पूर्वाधार विकास सम्बन्धीको वुँदा नं १ को विद्यालयलाई अनुदान दिँदा देहाय अनुसारको प्रक्रिया अवलम्वन गर्ने :<br><br>**१८.२. विद्यालय छनोट :** यस क्रियाकलापका लागि विनियोजित रकम अनुसार विद्यालय भवनका लागि विद्यालय छनोट गर्दा निम्न लिखित प्रक्रिया अवलम्बन गर्ने :<br><br>**क.** विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को दफा ६(२) (क) बमोजिम विद्यालयको भौतिक सर्वेक्षण गराई प्रतिवेदन तयारी गर्ने र विवरण EMIS मा प्रविष्टि गर्ने गराउने।<br>**ख.** भौतिक सर्वेक्षण प्रतिवेदनका आधारमा विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० बमोजिम विद्यालयको प्राथमिकतासहित निर्माण कार्यका लागि प्राथामिकता सार्वजनिक गर्ने। प्राथमिकता निर्धारण गर्दा देहायका आधारमा गर्नेः<br>(अ) वाढी/पहिरो वा विपदका कारण विद्यालयको सबै संरचना क्षति भएका विद्यालय<br>(आ) विद्यालयमा भएका जम्मा विद्यार्थी सङ्ख्यालाई हाल उपलब्ध भएका कक्षाकोठा (प्रयोग गर्न मिल्ने सुरक्षित कक्षाकोठा)ले भाग गर्दा कायम हुने सङ्ख्याका आधारमा उच्चतमदेखि न्यूनतमसम्मलाई आधार मान्ने,<br>(इ) शिक्षा नियमावलीले तोके बमोजिम न्यूनतम विद्यार्थी सङ्ख्या भएका तर कक्षागतरूपमा कक्षाकोठा अपुग भएका विद्यालय (सो बमोजिमका विद्यालय धेरै भएमा विद्यार्थी सङ्ख्याका आधारमा प्राथमिकता तोक्ने)<br>(ई) माथिका आधार र स्थानीय तहले आफ्नो परिवेश अनुसार हालसम्म विद्यालय भर्नामा पछि परेका समुदायम अवस्थित विद्यालयका लागि वा अपाङ्गता भएका बालबालिकाका लागि स्रोतकक्षा सञ्चालन गर्ने अवस्था वा अनिवार्य तथा निःशुल्क शिक्षासम्वन्धी ऐनको कार्यान्वयन गर्ने सिलसिलामा आफैले तयार गरेको प्राथमिकताका आधारमा तोक्ने,<br>(उ) विद्यालयका प्राथमिकतासहितको समष्टिगत सूचना स्थानीय तहले सार्वजनिक गर्नुपर्ने छ।<br>**ग. स्थानीय तहले लगानी थप गर्नु पर्ने:** चालु आवको यस क्रियाकलापका लागि विनियोजित रकमबाट नयाँ ४ कोठे भवन (शौचालयसहित) निर्माणका लागि उपत्यका/तराइ, पहाड, हिमालका लागि क्रमसः ५५ लाख, ६० लाख तथा ६५ लाख विनियोजन गरिएको छ। प्राविधिकले तयार गरेको लागत अनुमानमा विद्यालय भवन निर्माण गर्न स्थानीय तह तथा विद्यालयले लागत साझेदारी गर्नुपर्ने छ। लागत साझेदरीसहित विद्यालय भवन निर्माण सम्वन्धी थप आधार र मापदण्ड स्थानीय तहबाटै निर्धारण गर्नसकिने छ । | मुख्य जिम्मेवार<br>• गाउँपालिका/नगरपालिका<br>• विद्यालय<br>• प्राविधिक जनशक्ति (इन्जिनियर/सब इन्जिनियर)<br>सहजीकरण/समन्वय<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भौतिक पूर्वाधार सङ्ख्या<br>• निर्माण भएका गुरुयोजना सङ्ख्या<br>• नापी किताव<br>• ल्याब सामग्री उपलब्ध गराएका विद्यालय सङ्ख्या<br>• कार्यसम्पन्न प्रतिवेदन |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **घ. लागत अनुमान तयार गर्ने:** यस कार्यक्रमनमुना विद्यालय भौतिक निर्माण कार्यका लागि प्रतिविद्यालय ससर्त अनुदानमा विनियोजित रकम, स्थानीय तह/विद्यालयको साझेदारीमा उपलब्ध हुने रकमको आधारमा प्राविधिकको सहभागितामा छनोट भएका विद्यालयले लागत अनुमान तयार गरी स्वीकृत गर्ने । लागत अनुमान तयार गर्दा जिल्लाको स्वीकृत दररेट तथा स्वीकृत सरकारी Norms को प्रयोग गर्नुपर्ने छ । यस कार्यक्रमनमुना कर्कटपाताले छाना छाउन चाहने विद्यालयले अनिवार्यरूपमा ४ मि.मि. बाक्लो प्लाइउड वा कम्तीमा समान गुणस्तर भएका अन्य निर्माण सामग्रीको सिलिङ्गसहितको नयाँ भवन निर्माण गर्नुपर्ने छ । सिलिङ्ग लगाउन नचाहने विद्यालयले छानामा कर्कटपाताको सट्टा गर्मी (Hot) र ठण्डी (Cold) रोक्न सक्ने क्षमता भएका यु.पि.भि.सि. लगायतका समान गुणस्तर भएका ३ मि.मि. वा सोभन्दा बाक्लो छाना छाउने सामग्री प्रयोग गरी छाना छाउन सक्नेछन् । विद्यालय भवन निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सक्नेगरी Ramp राखी ह्वील चियर (Wheel Chair) जानसक्ने गरी निर्माण गर्ने व्यवस्थासमेत मिलाउनुपर्ने छ । भवनका ढोका जडान गर्दा सबै ढोका बाहिर खुल्ने व्यवस्था अनिवार्य रूपमा गर्नुपर्ने । विद्यालय भवन निर्माण यस कार्यविधिको अनुसूची ५ को मापदण्डका आधारमा गर्ने,<br>**ङ. भवन निर्माणको ड्रइङ डिजाइन तथा नक्सा:** विद्यालय भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको न्यूनतम मापदण्ड र शिक्षा नियमावलीको नियम ७७ मा भूगोल अनुसार तोकेको न्यूनतम विद्यार्थी सङ्ख्याका आधारमा डिजाईन ड्रईङ्ग तयार गरी स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ । यस प्रयोजनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले केन्द्रले तयार गरी वेवसाइटमा रहेका नमुना नक्साहरूलाई सन्दर्भका रूपमा लिन सकिनेछ । (यस सम्वन्धी कागजातहरू यस कार्यविधिको नमुना विद्यालयको भौतिक निर्माण अनुदान खण्डमा समावेश गरिएको छ) उक्त डिजाइनमा परिवर्तन गर्न चाहेमा भवन निर्माणको ड्रईङ डिजाइन स्वीकृत गर्ने कानुन बमोजिम अधिकार प्राप्त वा तोकिएको निकायको स्वीकृति अनिवार्य रूपमा लिनुपर्नेछ ।<br>**च. विद्यालय भवन निर्माण गर्दा स्थानीय तहले प्राविधिक सहजीकरण गर्ने:** स्थानीय तहले नियमानुसार सार्वजनिक खरिद ऐन नियमको परिधिभित्र निर्माण कार्यका प्रावधिक कार्यहरूमा विद्यालयबाट लागत अनुमान माग गरी स्वीकृति, निर्माण कार्यका लागि वोलपत्र तयारी, ठेक्का सम्झौता, निर्माण कार्यको अनुगमन निरीक्षण, नापी किताव तयारी, कार्य सम्पन्न प्रतिवेदन तयारी जस्ता कार्यमा अनिवार्य सहजीकरण गर्नुपर्नेछ । निर्माण कार्यको बोलपत्र तयारी ठेक्का सम्झौता गर्ने कार्य स्थानीय तहले प्रथम त्रैमासिकभित्र सम्पन्न गर्ने गरी कार्य गर्ने गराउने ।<br>**छ. विद्यालयसँग सम्झौता गर्ने:** विद्यालय भवन निर्माणका लागि छनोट भई निर्माण कार्यका लागि विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को अनुसूची-६ बमोजिम विद्यालयबाट निर्माण समय तालिका निर्माण गराई पेस गर्न लगाउने । समय तालिका अनुसारको कार्ययोजना अनुसार कार्य सम्पन्न गर्ने गरी विद्यालयसँग सम्झौता गर्ने ।<br>**ज. विद्यालयलाई रकम अनुदान दिने:** सम्झौता भएका विद्यालयलाई देहायअनुसारका रकम निकासा दिने । निर्माण कार्यको अनुगमन/ निरीक्षण स्थानीय तहका प्राविधिकमार्फत गर्ने/ गराउने ।<br>तपसिलः<br>१. विद्यालयसँग सम्झौता भएपश्चात् पहिलो किस्ताका रूपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम अनुदान दिने ।<br>२. Structural Part को कार्यसम्पन्न भएपश्चात् दोस्रो किस्ताका रूपमा कुल अनुदान रकमको ५० प्रतिशत रकम अनुदान दिने ।<br>३. कार्यसम्पन्न गरेपश्चात् नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताका रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने । | | |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **झ. विद्यालय निर्माण कार्य गरिसक्नुपर्ने अवधि:** स्थानीय तहले निर्माण समय तालिका अनुसार निर्माण कार्य गर्न लगाई विद्यालयले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा कार्यसम्पन्न गरी सोको जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाइलाई दिनुपर्ने छ । इकाइले प्राप्त विवरणका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय मापदण्ड शाखालाई जानकारी दिनुपर्ने छ । त्यसरी भवन निर्माण सम्पन्न गर्ने विद्यालयले आषाढ १५ सम्ममा कार्यसम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति स्थानीय तह र एकप्रति सम्बन्धित विद्यालयमा उपलब्ध गराउनुपर्ने छ । चालु आर्थिक वर्षमा विनियोजित रकम क्रमागत आयोजना अन्तर्गत नरहेकोले चालु आर्थिक वर्षभित्रै निर्माण कार्य अनिवार्य रूपमा सम्पन्न गर्नुपर्ने छ ।<br><br>**ञ. निर्माण कार्यको रेखदेख गर्ने:** विद्यालयमा सञ्चालन हुने सम्पूर्ण निर्माण कार्यको प्राविधिक रेखदेख, अनुगमन र सुपरिवेक्षणको दायित्व स्थानीय तहको हुने छ । स्थानीय तहमा कार्यरत इन्जिनियर/सब–इन्जिनियरहरू खटाई प्राविधिक सुपरिवेक्षण गर्नुपर्ने छ । विद्यालय निर्माण कार्यमा देहायका सम्वेदनशील चरणहरू प्राविधिक कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा सम्पन्न हुनुपर्ने छ :<br>• साइट ले-आउट, जग तयारी कार्य<br>• टाइ बिम निर्माण, डि पि सि निर्माण (सिल व्याण्ड र लिन्टेल व्याण्डसमेत)<br>• छत ढलान<br><br>निर्माण/मर्मत कार्यका लागि छुट्टै साइट रजिष्टरको व्यवस्था गर्न लगाई निरीक्षणका क्रममा प्राविधिकबाट सो कार्यसम्बन्धी निर्देशन दिने व्यवस्था अनिवार्य रूपमा गरिनुपर्छ । स्थानीय तहहरूमा हुने सम्पूर्ण भौतिक सुविधा विस्तारका कार्यको नियमित अनुगमन गर्नुपर्ने छ । आफ्नो मातहतमा सञ्चालित भौतिक सुविधा विस्तार कार्यको प्रगति विवरण त्रैमासिक तथा वार्षिकरूपमा केन्द्रलाई स्थानीय तहले पठाउनुपर्ने छ ।<br><br>**ट. नापी किताब/कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात तयार गर्ने:** स्थानीय तहले विद्यालयमा भए गरेका निर्माण कार्यको कागजातहरू (भौतिक सर्वेक्षण फाराम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापी किताब (Measurement Book) तथा कार्यसम्पन्न प्रतिवेदन) २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साइट इन्चार्ज (इन्जिनियर/सब–इन्जिनियर), विद्यालयको प्र.अ. तथा वि.व्य.स. अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गरी/गराई एक प्रति स्थानीय तहमा र अर्को एक प्रति विद्यालयमा राख्न लगाउनुपर्ने छ । सोको लेखा परीक्षण मौजुदा कानुनबमोजिम विद्यालयले आफ्नै स्रोतबाट गराउनुपर्ने भएकाले उक्त कागजातहरूको सक्कलै प्रति विद्यालयमा सुरक्षित साथ राख्न लगाउनुपर्ने छ । सम्बन्धित विद्यालयले विद्यालयको लेखा परीक्षण भएको समयमा नापी किताबको समेत लेखापरीक्षण गर्न लगाई लेखा परीक्षकबाट प्रमाणित गराई राख्ने व्यवस्था मिलाउनुपर्ने छ । सम्बन्धित प्राविधिक कर्मचारीले नापी किताब तयार गरे वा नगरेको तथा विद्यालयले समेत सो अनुसार राख्न लाए वा नलगाएको स्थानीय तहबाट अनुगमन गरी गराइ त्रैमासिक तथा वार्षिक प्रतिवेदन लिने व्यवस्था मिलाउनुपर्नेछ । माथिका बुँदामा उल्लेख भएअनुसार नयाँ कक्षाकोठासहित फर्निचर निर्माण, शौचालय निर्माण, विद्यालय भूकम्पीय सुरक्षा कार्यक्रमबाट विद्यालयलाई अन्तिम किस्ता वापत दिइने रकम अनुदान दिँदा नापी किताब भरेर मात्र दिनुपर्ने व्यवस्था मिलाउनुपर्ने छ ।<br>**ठ. भौतिक निर्माण कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने सम्बन्धमा:** विद्यालयले गत विगत आर्थिक वर्षहरूमा सम्पन्न विद्यालयको भवन निर्माण, नयाँ कक्षाकोठा निर्माण, भवन मर्मत, शौचालय निर्माण लगायतका भौतिक निर्माण कार्यको विद्यालय भौतिक पूर्वाधार निर्माण | | |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
| --- | --- | --- |
| सम्बन्धी मापदण्ड, २०८० को अनुसूची-७ बमोजिमको ढाँचामा तयार गरी प्रमाणित गरी/गराई विद्यालय र स्थानीय तहमा एक एक प्रति राख्ने व्यवस्था मिलाउनुपर्ने छ। विगत वर्षहरूको भौतिक निर्माणतर्फको बेरूजु रहेका कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा शिक्षा विकास तथा समन्वय इकाइ र साविकको जिल्ला शिक्षा कार्यालयबाट भएको निर्णय, सम्झौता र अन्य कागजातका प्रतिलिपि आवश्यक भएमा स्थानीय तहको मागबमोजिम इकाइले उपलब्ध गराउनुपर्ने छ।<br>**ड. रकम असुली र विभागीय कारवाही तथा दण्ड सझाय:** सम्झौता अवधिभित्र समेत निर्माण कार्यसम्पन्न नगरी स्थानीय तहबाट अनुदान प्राप्त रकमको हिनामिना वा दुरूपयोग गर्ने वा विद्यालय निर्माण नगर्ने तथा भौतिक निर्माणका लागि प्राप्त रकम अन्य प्रयोजनका लागि खर्च गर्ने वा अनुदान वितरण गरिएको प्रयोजनमा खर्च नै नगरी विद्यालयको खातामा रकम जम्मा गरी राख्ने वा तोकिएकोभन्दा कम गुणस्तरको निर्माण गर्ने विद्यालयबाट त्यस्तो रकम असुल उपर गर्नुपर्ने छ तर उक्त रकम फिर्ता नगर्ने विद्यालयलाई आगामी आर्थिक वर्षमा प्रथम वा दोस्रो त्रैमासिक अनुदान दिँदा प्र.अ. को तलबभत्ता रकम रोक्का गरेर मात्र अनुदान दिने व्यवस्था मिलाउनुपर्ने छ। उपर्युक्तबमोजिमको प्रक्रिया पूरा नगर्ने सम्बन्धित विद्यालय तथा स्थानीय तहका जिम्मेवार पदाधिकारीमाथि प्रचलित नेपाल कानुनबमोजिमको कारबाही हुने हुनाले सोबमोजिमको कार्य अनिवार्य रूपमा गर्नुपर्ने छ। भौतिक निर्माणतर्फको बेरूजु रहेका विद्यालयको कार्यसम्पन्न प्रतिवेदन प्राप्त नहुञ्जेलसम्म यस शीर्षकबाट अनुदान दिनुहुँदैन। विद्यालय निर्माण कार्यको गुणस्तरमा तोकिएबमोजिमको मापदण्ड पूरा नगर्ने वा तोकिएको गुणस्तरमा हेलचक्रयाइँ गर्ने जो सुकैलाई प्रचलित ऐन नियमबमोजिम कारवाही हुने छ। जसको कारणले गुणस्तरमा समस्या वा कमी भएमा सोही व्यक्ति वा पक्षबाट सम्पूर्ण क्षतिको असुल उपर गरिने छ।<br>**ढ. गत विगत आ.व.देखिका बेरूजु सम्बन्धमा:** स्थानीय तहले स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भई गएका भौतिक निर्माण कार्यहरूमा कायम भएको बेरूजु फछर्यौट प्रथामिकता साथ गर्ने। सो पुर्व कायम भएका भौतिक निर्माणमा भएका बेरूजुहरू फछर्योटमा शिक्षा विकास तथा समन्वय इकाइबाट सम्पादन हुने कार्यमा समन्वय सहजीकरण गर्ने। | | |

### २.३.१८ गत आवमा भौतिक निर्माणमा कार्यसम्पन्न भई भुक्तानी बाँकी रकम अनुदान

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
| --- | --- | --- |
| आर्थिक वर्ष २०७९।८० मा निर्माण कार्य सम्पन्न भई भुक्तानी माग गर्दा SuTRA मा आएको प्राविधिक समस्याका कारण भुक्तानी बाँकी रहेका विद्यालय श्री विष्णु जनज्योति माध्यमिक विद्यालय खाडादेवी गाँउपालिका रामेछाप, श्री परोहा परमेश्वर माध्यमिक विद्यालय सैनामैना नगरपालिका रुपन्देही, श्री त्रिभुवन माध्यमिक विद्यालय,भेरीमालिका नगरपालिका जाजरकोट, श्री महादेव माध्यमिक विद्यालय कनकासुन्दरी गाँउपालिका जुम्ला, श्री राजेन्द्र आवि र धुरालसैन मावि बुढीगँगा नगरपालिका बाजुराको सम्वन्धित स्थानीय तहमा विनयोजित रकममा भुक्तानी बाँकीको अवस्था यकिन गर्ने। विद्यालयको भौतिक निर्माणको अवस्थाको स्थलगत अनुगमन गरी भुक्तानी दिनुपर्ने प्राविधिक प्रतिवेदन लिइ सोका आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराउने। | • गाँउपालिका/ नगरपालिका<br>• विद्यालय | • अनुदान प्राप्त गरेका विद्यालय सङ्ख्या |

### २.४ *क्रियाकलाप नं. २.७.१३.९ द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत् सञ्चालन हुने) बउशीन. (३५०००१०५)*

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१६.१. सहिद स्मृति विद्यालयलाई अनुदानः**<br>क) यस शीर्षकनमुना बजेट प्राप्त भएको स्थानीय तहले आफ्नो क्षेत्रभित्र सञ्चालित प्रतिष्ठान नमुना सञ्चालित विद्यालयबाट रकम खर्च गर्ने क्रियाकलाप सहितको कार्यान्यावन प्रस्ताव पेस गर्न लगाउने,<br>ख) प्रस्तावका क्षेत्रहरूको आवश्यकता र उपयुक्तताको मुल्याङ्कन गरी एकमुष्ठ अनुदान दिने र अनुदानबाट विद्यालय सञ्चालनसम्बन्धी सम्पूर्ण क्रियाकलाप गर्ने, र<br>ग) प्रतिष्ठानले तोकेका आधारमा बजेट खर्च गर्ने र प्रगति नियमित रूपमा स्थानीय तहमा पठाउने। | • गाँउपालिका/ नगरपालिका<br>• सहीद स्मृति प्रतिष्ठान<br>• विद्यालय | • अनुदान प्राप्त गरेका विद्यालय सङ्ख्या |

# खण्ड ३

## प्रदेश तहबाट सम्पादन हुने ससर्त अनुदानका सबै बजेट उपशीर्षकहरूका कार्यक्रमको कार्यान्वयन प्रक्रिया र मापदण्ड

# ३. देश सरकारबाट कार्यान्वयन हुने कार्यक्रमहरू

## *३.१ विद्यालय शिक्षा क्षेत्र कार्यक्रम*

### *३.१.१ क्रियाकलाप न. ११.१.२.१२६. बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन*

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| क) यस क्रियाकलापमा विनियोजित रकम खर्च गर्नुपूर्व निर्माणधीन विद्यालयको स्थलगत प्राविधिक मूल्याङ्कन गरी हाल सम्मको निर्माणको वास्तविक अवस्था यकिन गर्ने । चालु आ.व.मा विनियोजित बजेटबाट विद्यालय सञ्चालनका न्यूनतम पूर्वाधार विकास गरी कक्षा सञ्चालन गर्ने गरी कार्ययोजना तयार गरी निर्माण सम्पन्न गर्ने । विद्यालयको भौतिक पुवाधार विकासका क्षेत्रमा प्रदेश तहले आफ्नो स्रोतबाट थप लगानी गर्न सक्नेछ,<br>ख) गत आर्थिक वर्षमा छनोट भई प्रदेश स्तरबाट गुरूयोजना स्वीकृत भई निर्माणाधीन विद्यालयका लागि कार्यप्रगतिका आधारमा रू.८० लाखदेखि १ करोड ५० लाखसम्म रकम विनियोजन भएको छ । स्वीकृत गुरूयोजनामा उल्लेखित तपसिलअनुसारका न्यूनतम पूर्वाधार विकास हुने गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही निर्माण गर्ने,<br>ग) आवासीय विद्यालयको निर्माण तथा सञ्चालका लागि आवश्यक सङ्घ, प्रदेश, स्थानीय तह एवम् विद्यालयको साझेदारीको खाका सम्बन्धित निकायको समन्वयमा प्रदेशले स्वीकृत गर्नसक्ने छ,<br>घ) यस क्रियाकलाप कार्यान्वयन गर्दा उल्लेखित प्रक्रियाका अतिरिक्त स्थानीय तह तर्फको क्रियाकलाप नं. ११.१.२.२९८० नमुना विद्यालयको भौतिक निर्माण तथा क्रियाकलाप नं. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा उल्लेख भए अनुसारका आधार तथा मापदण्डहरूको अवम्वन गरी निर्माण कार्य गर्नसकिने छ। यसका अतिरिक्त प्रदेशले थप मापदण्ड विकास गरी कार्यान्वयन गर्नसक्ने छ।<br>ङ) यस क्रियाकलाप कार्यान्वयन पश्चात **विद्यालयमा विकास हुनुपर्ने न्यूनतम पूर्वाधारहरू विकास भएको हुनुपर्नेछः**<br>b. आवासीय विद्यालयमा २०० जना बालबालिका आवासमा बस्न सक्नेगरी बढीमा २ तलाको अपाङ्गता मैत्री छात्रावास भवन, भान्छा र डाइनिङ कक्ष,<br>c. विद्यालयमा अपाङ्गताको Screening र लेखाजोखा कक्ष, कक्षाकोठाहरू, अभिभावक र बालबालिकाका लागि परामर्श कक्ष, IT सुविधासहितको पुस्तकालय, आधारभूत उपकरणसहितको फिजियोथेरापी कक्ष, सङ्गीत थेरापी, स्पिच थेरापी लगायतका थेरापी गर्न सकिने कक्ष, प्राथमिक उपचार कक्ष, खेलमैदान, प्रशासनिक भवन, वार्डेन कक्षसमेत भएको भवन,<br>d. पूर्वव्यावसायिक सिप विकासका लागि अभ्यास गर्ने आवश्यक सामग्रीसहितको कक्ष,<br>च) प्रदेशले विद्यालयमा भएको भौतिक निर्माणको नियमित अनुगमन गर्ने र कार्य प्रगति केन्द्रमा समेत पठाउने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय | • पूर्वाधार निर्माण कार्य |

### *३.१.२ क्रियाकलाप नं. २.७.१३.४९ वार्षिक, चौमासिक प्रतिवेदन तयारी तथा प्रदेश स्तरीय IEMIS व्यवस्थापन*

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| क) प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले केन्द्रबाट विकास भएको EMIS मा कुनै आवश्यक सूचना थप गर्नुपर्ने भएमा सोको विवरण तयार गरी सफ्टवेयर अद्यावधिकका लागि केन्द्रसँग समन्वय गर्ने ।<br>ख) शिक्षा क्षेत्रको प्रदेश स्तरीय शैक्षिक सूचना व्यवस्थापन प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने,<br>ग) प्रदेश तहका EMIS व्यवस्थापन कार्यमा संलग्न जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,<br>घ) प्रदेशको शिक्षा हेर्ने मन्त्रालयका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयनमुना विभिन्न बजेट उपशीर्षकमा ससर्त अनुदानमा प्राप्त भएका बजेटहरूको त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने, र<br>ङ) आर्थिक वर्षको अन्त्यमा प्रदेशस्तरीय प्रगतिसहितको Status Report तयार गरी सरोकारवाला निकायहरूमा सम्प्रेषण गर्ने । प्रतिवेदनको ढाँचा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट (www.cehrd.gov.np) बाट प्राप्त गर्न सकिने छ । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय<br>• विश्वविद्यालय तथा क्याम्पस<br>• विद्यालय | • शैक्षिक सूचना व्यवस्थापन प्रतिवेदन<br>• त्रैमासिक, वार्षिक प्रतिवेदन<br>• Status Report<br>• IEMIS Report |

### *३.१.३ क्रियाकलाप २.७.१३.५० STEAM विषय क्षेत्रमा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन*

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| क) प्रदेश अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयबाट विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित विषयका प्रतिभा पहिचान गर्ने उद्धेश्यले जिल्ला एवम् स्थानीय तहका लागि सबै विधाको प्रतिनिधित्व हुने गरी उत्कृष्ट कार्य गरेका विद्यार्थी सिफारिस गर्न लगाउने,<br>ख) प्रत्येक विधामा न्यूनतम ३ जना प्रतिनिधित्व हुने गरी प्रतिस्पर्धा गराइ मूल्याङ्कन गरी ५ विधाका १/१ जना उत्कृष्ट विद्यार्थी छनोट गरी पुरस्कृत गर्ने,<br>ग) छनोट भएका विद्यार्थीको विधागत नामावली यस केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रलाई उपलब्ध गराउने, र<br>घ) प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्दा मापदण्ड तथा प्रक्रियाका विषयमा पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गरी सञ्चालन गर्ने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• पाठ्यक्रम विकास केन्द्र | • छनोट भएका विद्यार्थी सङ्ख्या<br>• कार्यक्रम प्रतिवेदन |

### ३.१.४ क्रियाकलाप २.७.१३.४ शैक्षिक नीति, कार्यक्रम तथा निर्देशिका सम्बन्धमा अभिमुखीकरण

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले मन्त्रालयका शिक्षा हेर्ने कर्मचारी शिक्षा विकास निर्देशनालय तथा प्रदेशको शिक्षा हेर्ने मन्त्रालय तथा शिक्षा तालिम केन्द्र र स्थानीय तहका शिक्षा शाखाका प्रमुख/अधिकृतसमेतलाई राखी शैक्षिक नीति, विद्यालय शिक्षा क्षेत्र कार्यक्रम तथा कार्यान्वयन कार्यविधिका सम्बन्धमा २ दिने अभिमुखीकरण सञ्चालन तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा केन्द्रीय निकायहरू<br>• शिक्षा विकास निर्देशनालय | • सञ्चालन भएका अभिमुखीकरण कार्यक्रमको सङ्ख्या<br>• अभिमुखीकरणमा सहभागीहरूको हाजिरी विवरण |

### ३.१.५ क्रियाकलाप २.७.१३.१० विद्यालयलाई विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| यस क्रियाकलापमा विनियोजित बजेट खर्च गर्दा तपसिल अनुसारका कार्यप्रक्रिया अवलम्वन गर्ने :<br>१. प्रदेशनमुनाका विद्यालयमा आइपर्न सक्ने विभिन्न विपद्का समयमा विद्यार्थीको सिकाइ निरन्तरताका लागि आपत्कालीन योजना निर्माण तथा अद्यावधिक गर्ने।<br>२. योजनामा उल्लेखित प्रतिकार्य क्रियाकलापहरूको प्राथमिकीकरण गरी विपतबाट भौतिक क्षति पुगेका विद्यालयको विवरण यकिन गरी तत्काल विद्यालय सञ्चालन गर्न भौतिक पूर्वाधार निर्माणका लागि विद्यालयलाई अनुदान दिने। विपदबाट विद्यार्थीको पाठ्यपुस्तक लगायतका सिकाइ सामग्रीमा पुगेको क्षति यकिन गरी सामग्री व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउने।<br>३. विद्यालय छनोट गर्दा निम्नानुसारका सर्त पूरा गरेका विद्यालयलाई छनोट गर्ने :<br>क) विद्यालयको विपद् जोखिम सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयसहित स्थानीय तहको सिफारिस<br>ख) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस<br>ग) सुरक्षा निकायको रोहबरमा तयार पारिएको मुचुल्का<br>घ) क्षतिको विवरण देखाउने तस्वीरहरू<br>ङ) उक्त विपद् व्यवस्थापनका लागि कुनै सरकारी निकायबाट हाल सम्म अनुदान प्राप्त नगरेको विद्यालयको पत्र<br>च) लागत अनुमान<br>छ) प्राविधिक निर्माण कार्यमा सहजीकरण गर्ने स्थानीय तहको प्रतिवद्धता<br>४. उपरोक्तअनुसारका कागजातसहित पेस गरेका निवेदनलाई मूल्याङ्कन गर्न स्थानीय तहले भवनको क्षतिको अवस्था भौगोलिक अवस्थिति अन्य क्षतिसमेतका आवश्यक विषय समावेश गरी छनोटसम्बन्धी मापदण्ड विकास गरी विद्यालयको प्राथमीकताक्रम निर्धारण गर्ने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय | • विकास भएका निर्देशिका, मापदण्ड तथा प्रारूपको सङ्ख्या |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ५. विद्यालयको क्षतिका आधारमा अनुदान उपलब्ध गराउने।<br>६. यस शीर्षकमा वित्तीय हस्तान्तरण भएको अनुदानको बढीमा ५ प्रतिशतसम्म बजेटबाट प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले विपद् जोखिम न्यूनीकरणका लागि बृहत विद्यालय सुरक्षा गुरुयोजना/न्यूनतम प्याकेज अभिमुखीकरण, सामग्री निर्माण तथा वितरण लगायतका कार्यक्रमहरू सञ्चालन गर्न/गराउन सकिने।<br>७. आपत्कालमा शैक्षिक व्यवस्थापनका लागि प्रदेशस्तरीय नेपाल शिक्षा समूह (Nepal Education Cluster) लाई क्रियाशील बनाउने। | | |

### ३.१.६ क्रियाकलाप नं. ११.१.२.३१५ स्थानीय तह र प्रदेशसँगको साझेदारीमा ठुला विद्यालय विकास गर्न छनोट भई DPR तयार भएका विद्यालयका लागि पूर्वाधार विकास अनुदान

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| क) यस क्रियाकलापमा विनियोजित रकम खर्च गर्नुपूर्व निर्माणधिन विद्यालयको स्थलगत प्राविधिक मूल्याङ्कन गरी हाल सम्मको निर्माणको वास्तविक अवस्था यकिन गर्ने,<br>ख) ठुला विद्यालय विकासका लागि छनोट भएका विद्यालयको पूर्वाधार विकास गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहको लगानीका क्षेत्रको पहिचान गरी स्रोत सुनिश्चिता कायम गरी गुरुयोजनामा उल्लेखित निर्माण कार्यहरूको प्राथमिकताका आधार निर्माण कार्य अगाडि बढाउने,<br>ग) प्रदेशबाट आ.व. २०७७/७८ मा ठुला विद्यालय विकास गर्न छनोट भएका विद्यालयको स्वीकृत गुरुयोजनामा उल्लेखित निर्माण कार्यगर्न यस शीर्षकमा सङ्घीय सरकारको तर्फबाट चालु आर्थिक वर्षमा प्रति विद्यालयका लागि १ करोड विनियोजन भएको छ। अन्य तहबाटसमेत हुने लगानीको यकिन गरी लागत साझेदारीमा एकीकृत वार्षिक निर्माण योजना निर्माण गरी सार्वजनिक खरिद ऐन नियमावलीअनुसार निर्माण कार्य गर्ने गराउने,<br>घ) ठुला विद्यालयको भौतिक पूर्वाधार विकास गर्दा कम्तीमा भूगोल अनुसार तपसिल बमोजिमको डिजाइन ड्रइङ्ग र २००० विद्यार्थीले अध्ययन गर्नका लागि आवश्यकपर्ने भवन कक्षाकोठा, शौचालय, आवास, प्रयोगशाला, पुस्तकालय, खेल मैदान आदि पूर्वाधार/संरचना निर्माण गर्ने,<br>ङ) चालु आ.व.को विनयोजित रकमबाट विद्यालयमा निर्माण भएका भौतिक पूर्वाधारको प्रयोग गरी कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने,<br>च) यस क्रियाकलाप कार्यान्वयन गर्दा उल्लेखित प्रक्रियाका अतिरिक्त स्थानीय तहतर्फको क्रियाकलाप नं. ११.१.२.२९८० नमुना विद्यालयको भौतिक निर्माण तथा क्रियाकलाप न. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा उल्लेख भए अनुसारका आधार तथा मापदण्डहरूको अवलम्वन गरी निर्माण कार्य गर्नसकिने छ। यसका अतिरिक्त प्रदेशबाट थप मापदण्ड विकास गरी कार्यान्वयन गर्न सकिने।<br>छ) निर्माण कार्यको प्रदेश तहबाट नियमित अनुगन निरीक्षण गर्ने तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय<br>• स्थानीय तह<br>• विद्यालय | • लगानी स्रोत सुनिश्चता योजना<br>• निर्माण कार्यको लागत अनुमान<br>• नापी किताव<br>• कार्यसम्पन्न प्रतिवेदन |

### ३.१.७ क्रियाकलाप २.७.१३.३५. शिक्षा तालिम केन्द्रको Digital Learning Centre को विकास तथा सुदृढीकरण

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| १) यस कार्यक्रमनमुना बजेट प्राप्त गरेका प्रदेश प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले तपसिलअनुसारका कार्यसम्पादन गर्ने:<br>क) Digital Learning Centre सञ्चालनका लागि गत आवमा यस क्रियाकलापमा विनियोजित बजेटको कार्यप्रगति तथा चालु आवमा सम्पादन गर्ने कार्यहरूसहित शिक्षा तालिम केन्द्रबाट कार्ययोजना माग गरी तोकिएको समयमा कार्यसम्पादन गर्ने प्रतिबद्धता लिइ कार्यक्रम तथा अख्तियारी प्राप्त भएको ७ दिनभित्र एकमुष्ठ कार्यक्रम तथा अख्तियारी उपलब्ध गराउने,<br>ख) कार्यक्रम सञ्चालन गर्दा प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) स्थापना, विकास र सञ्चालन कार्यविधि, २०७८ बमोजिम गर्नुपर्ने छ (कार्यविधि केन्द्रको वेबसाइट www.cehrd.gov.np बाट डाउनलोड गर्न सकिने छ),<br>ग) यस कार्यक्रमअन्तर्गत सम्पादित कार्यको नियमित अनुगमन तथा सहजीकरण गर्ने,<br>२) बजेट तथा कार्यक्रमका प्राप्त तालिम केन्द्रले तपसिलका कार्यक्षेत्रमा निम्नअनुसारको कार्यप्रक्रिया अवलम्वन गरी कार्यसम्पादन गर्ने :<br>क) Digital Learning Centre को स्थापना विकास तथा सुदृढीकरणका लागि आवश्यक यन्त्र, उपकरण, ICT Lab लगायतको व्यवस्थापन गर्दा केन्द्रबाट स्वीकृत मापदण्डमा उल्लेखित यन्त्र उपकरण खरिद गर्न सार्वजनिक खरिद ऐन नियमावलीको परिधिभित्र रही गर्ने,<br>ख) केन्द्रबाट स्वीकृत मापदण्डमा उल्लेखित उद्देश्यको परिपूर्ति हुने गरी Digital Learning Centre सञ्चालन गर्ने,<br>ग) Digital Learning Centre मा आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापन गर्दा सम्बन्धित विषयका विज्ञहरूलाई सूचीकृत गर्ने, विज्ञबाट प्रस्ताव माग गर्ने, केन्द्र सञ्चालनका लागि IT क्षेत्रका ३ जना विज्ञ नियमानुसार सेवा करार गर्ने । यस कार्यमा प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) स्थापना, विकास र सञ्चालन कार्यविधि, २०७८ बमोजिम गर्ने । | • प्रदेश स्थित शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र | • कार्ययोजना<br>• स्थापना भएका ल्याब सङ्ख्या<br>• निकासा आदेश<br>• सुचिकृत विज्ञ सङ्ख्या |

### ३.१.८ क्रियाकलाप २.७.१३.३६ शिक्षा विकास तथा समन्वय इकाइसँग कार्यक्रम कार्यान्वयनको समीक्षा तथा समन्वय बैठक

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| १. शिक्षा क्षेत्रका सङ्घीय, प्रदेश स्थानीयतहका कार्यालयबिच प्रभावकारी समन्वय र सहकार्य स्थापना गर्न प्रदेशभित्र रहेका शिक्षा विकास तथा समन्वय इकाइलाई कार्यक्रम तथा प्रगति समीक्षा गर्न २ दिने समन्वयात्मक बैठक/कार्यशाला आयोजना गर्ने, | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय<br>• शिक्षा विकास तथा सबन्वय | • सहभागीको हाजिरी<br>• विकास भएको शैक्षिक सुधार मार्ग चित्र |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| २. बैठक/ कार्यशालामा शिक्षा क्षेत्रमा भएका लगानी, स्थानीय तहसँगको समन्वयको अवस्था, नवप्रवर्तनात्मक कार्य, शिक्षा क्षेत्रका चुनौती तथा आगामी दिनमा सञ्चालन गर्नुपर्ने कार्यहरूको समीक्षा गरी शिक्षा क्षेत्रको नीतिगत तथा कार्यक्रमगत सुधारका लागि भावी मार्ग चित्र तयार गर्ने,<br>३. बैठक/ कार्यशालाको प्रतिवेदन तयार गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखामा पठाउने। | इकाइ | • बैठक कार्यशाला प्रतिवेदन |

### *३.२ राष्ट्रिय परीक्षा बोर्ड (ब.उ.शी.न.. ३५०३१०११)*

#### ३.२.१ क्रियाकलाप नं. २.७.१३.२१ कक्षा १० (SEE) परीक्षा सञ्चालन

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय परीक्षा बोर्डको मापदण्ड तथा परीक्षा सञ्चालनका आधारअनुसार गर्ने,<br>ख) नियमित तथा ग्रेडवृद्धि परीक्षासमेतका लागि उत्तरपुस्तिका छपाइ तथा ढुवानी, परीक्षा सञ्चालन तथा व्यवस्थापन र अनुगमन लगायतका कार्यमा खर्च गर्ने,<br>ग) परीक्षा सञ्चालन सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डबाट भएको निर्णयानुसार कार्यान्वयन गर्ने, र<br>घ) यस शीर्षकमा विनियोजित रकम परीक्षा सञ्चालनसँग सम्बन्धित विषयमा मात्र खर्च गर्नुपर्ने छ। | • राष्ट्रिय परीक्षा बोर्ड<br>• प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय | • परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या |

#### ३.२.२ प्रदेश शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रम

शिक्षक तालिमसँग सम्बन्धित कार्यक्रम सञ्चालन प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले श्रावण महिनाको दोस्रो हप्ताभित्र अनिवार्य रूपमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको प्रदेश शिक्षा तालिम केन्द्रहरूलाई कार्यक्रम तथा अख्तियारी उपलब्ध गराउनुपर्ने छ। तालिम केन्द्रले कार्यक्रम सञ्चालन गर्दा उल्लेखित उप क्रियाकलापगत विस्तृतीकरणका अतिरिक्त तपसिलका आधारमा केन्द्रित रही कार्यसम्पादन गर्नुपर्ने छः

क) तालिम केन्द्रले कार्यक्रम अख्तियारी प्राश्चात् तलिमका कार्यक्रमको अवस्था हेरी जिल्लागत वा स्थानीय तहगत कोटा निधारण गरी सार्वजनिक गर्ने। तालिमकोटाको वितरण गर्दा भौगोलिक, जेष्ठता तथा वृत्ती विकासको संभावना एउटै प्रकृतिको तालिममा एउटै शिक्षकलाई दोहोरो नपर्ने जस्ता पक्षलाई ध्यानदिई वितरण गर्ने,

ख) शिक्षकको पेसागत विकास लगायतका तालिम तोकिएका पाठ्यक्रम र मापदण्ड बमोजिम सञ्चालन हुने गरी प्रदेशबाट थप कार्यक्रम सञ्चालन गर्न सकिने,

ग) कार्यक्रम कार्यान्वयनको कार्ययोजना निर्माण गर्ने। कार्ययोजनाको १ प्रति केन्द्रको शिक्षक तालिम शाखामा उपलब्ध गराउने,

घ) तालिम सञ्चालन गर्दा यस कार्यविधिको अनुसूची-१० मा समावेश गरिएको उपक्रियाकलापगत कार्यक्रमका लागि तोकिएको भौतिक लक्ष्य र बजेटको परिधि अनुरूप सञ्चालन गर्ने,

ङ) कार्यक्रम सञ्चालन गर्दा विगतमा सञ्चालनमा रहेका अन्य शैक्षिक तालिम केन्द्र तथा जिल्ला स्थित अगुवा स्रोत केन्द्रहरूको भौतिक संरचना प्रयोग गरी तालिम सञ्चालन हुने व्यवस्था मिलाउने,

च) तालिमलाई शिक्षकको कार्यथलो नजिकबाट सञ्चालन गर्न तालिम सञ्चालन गर्ने विषयमा सम्भव भएसम्म प्रत्येक जिल्लामा विषयगत रोस्टर विकास हुने गरी प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने । यसका तालिम केन्द्रले सम्वन्धित विषय क्षेत्रका रोष्टरहरूको सूची स्वीकृत गरी सार्वजनिक गर्ने र उक्त रोस्टरहरूको परिचालन गरी स्थानीयस्तरमै तालिम प्रदान गर्ने व्यवस्था मिलाउने,

छ) तालिम सञ्चालन गर्दा तोकिएको क्रियाकलापगत भौतिक लक्ष्य नघट्ने एवम् बजेटको परिधि भित्र रही केन्द्रको स्वीकृत नर्म्सले नसमेटेका क्षेत्रमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट खर्चको मापदण्ड स्वीकृत गरी खर्च गर्ने,

ज) यस क्रियाकलाप अन्तर्गतका उपक्रियाकलापमा तोकिएको प्रमाणीकरण तालिम लक्ष्यअनुरूप तालिम सञ्चालन नहुने र अन्य क्रियाकलापमा तालिमको माग भएमा सोही प्रकृतिको तालिम कार्यक्रम तालिम केन्द्रले आधार र प्रमाण सहित सो क्रियाकलापमा विनियोजित बजेटमा नबढ्ने, भौतिक लक्ष्य नघट्ने गरी तहगत र विषय वाँडफाँड समायोजनका लागि प्रदेश शिक्षा हेर्ने मन्त्रालयमा पेस गर्ने । मन्त्रालयले आवश्यकता र औचित्यका आधारमा परिमार्जन गर्न सकिनेछ । सोको जानकारी यस केन्द्रलाई अनिवार्य दिनुपर्नेछ ।

झ) आवश्यकता अनुसार तालिम आमने सामने विधि (Face to Face) वा बैकल्पिक विधि (Online) वा दुवै विधि अवलम्बन गरी सञ्चालन गर्ने,

ञ) तालिम सञ्चालनको प्रगति त्रैमासिक रूपमा केन्द्रको शिक्षक तालिम शाखामा पठाउने,

ट) तालिमका सहभागी शिक्षक छनोट गर्दा शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहसँग समन्वय गर्ने,

ठ) तालिम प्राप्त शिक्षकको अभिलेख निज कार्यरत विद्यलायको EMIS मा अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने,

### ३.२.३ क्रियाकलाप नं. २.६.१.१० शिक्षक तालिम सञ्चालन

यस क्रियाकलाप नमुना तपसिल अनुसारका उपक्रियाकलाप समावेश गरिएको प्रदेशगत लक्ष्य तथा बजेट अनुसूची-१० मा समावेश छ । सो कार्यक्रममा तोकिएको भौतिक लक्ष्य तथा बजेटको परिधिभित्र रही शिक्षा तालिम केन्द्रले चालु आर्थिक वर्ष भित्र सन्चालन गर्ने गरी कार्ययोजना निर्माण गरी प्रदेशको शिक्षा हेर्ने मन्त्रालयबाट स्वीकृत गरी कार्यान्वयन गर्ने । मन्त्रालयले कार्यप्रगतिको त्रैमासिक समीक्षा गरी प्रतिवेदन यस केन्द्रमा नियमितरूपमा पठाउने ।

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| **१. तालिम केन्द्रमा सूचना प्रविधिको सुविधा विस्तार, भौतिक सुविधा सुदृढीकरण तथा होस्टल व्यवस्थापन**<br>क) शिक्षा तालिम केन्द्र/तालिम सञ्चालनले यस उपक्रियाकलापमा विनियोजित रकम खर्चका क्षेत्रको निर्णय गरी बजेट बाँडफाँड गरी सार्वजनिक खरिद ऐन नियमको परिधिभित्र रही कार्य गर्ने ।<br>ख) यस प्रकृतिको कार्यका लागि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले रकम थप गरी कार्यान्वय गर्न सक्नेछ । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र | • त्रैमासिक र वार्षिक प्रतिवेदन<br>• सुधार भौतिक अवस्था |
| **२. राजपत्रअनङ्कित प्रथम श्रेणीका कर्मचारीका लागि सेवाकालीन १-महिने शैक्षिक व्यवस्थापन तालिम सञ्चालन**<br>क) यस उपक्रियाकलापमा बजेट विनियोजन रहेको शिक्षा तालिम केन्द्र अन्य बजेट विनियोजन रहेको तालिम केन्द्रसँग समन्वय गरी आफ्नो प्रदेशभित्र तथा पायक पर्ने सङ्घ र स्थानीय तहमा कार्यरत शिक्षा सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारीको सहभागिताको अन्तरप्रदेश/ स्थानीय तह तोकी सहभागिताको निर्णयसहित पत्राचार गर्ने,<br>ख) शिक्षा सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणी वा सोसरह कर्मचारीको १ महिने सेवाकालीन शैक्षिक प्रशासन तालिमको स्वीकृत पाठ्यक्रमअनुसार सामग्री तयार/अद्यावधिक गर्ने, | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• सम्बन्धित प्रदेशका सङ्घीय कार्यालय र स्थानीय तह | • तालिम प्राप्त गरेका कर्मचारी सङ्ख्या<br>• तालिम प्राप्त कर्मचारीको अभिलेख<br>• सुधारिएको सेवा प्रवाह |

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ग) शिक्षा सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणी सो सरहकाका कर्मचारीबाट सहभागिताका लागि आवेदन माग गर्ने र प्राप्त हुन आएका आवेदनको आधारमा सम्बन्धित कर्मचारी कार्यरत कार्यालयसँगको समन्वयमा यस अघि नै यस्तो तालिम लिइसकेका कर्मचारी नदोहोरिने गरी सेवाको जेष्ठताअनुसार २५ जनाको समूह निर्माण गरी तालिम प्रदान गर्ने,<br>घ) सम्वन्धित विषयका विज्ञहरूबाट तोकिएको तालमि सञ्चालन गर्ने,<br>ङ) शिक्षा तालिम केन्द्रले तालिम सम्पन्न गरेका कर्मचारीलाई प्रमाण पत्र प्रदान गरेर सोको आधारमा अभिलेख राख्ने,<br>च) अन्तरप्रदेश/ अन्तरप्रदेश अन्तर्गत का स्थानीय तहका सहभागिताका लागि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले समन्वय सहजीकरण गर्ने। | • शिक्षा तालिम केन्द्र | |
| ३. **शिक्षक पेसागत विकास प्रारूप, २०८० को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका शिक्षा अधिकृतका लागि १ दिने अभिमुखीकरण**<br>क) प्रदेश भित्र रहेका रहेका स्थानीय तहमा कार्यरत शिक्षा अधिकृतलाई शिक्षकको पेसागत विकास प्रारूप २०८० का मुख्य मुख्य पक्षहरूको अभिमुखीकरण सञ्चालन गर्ने,<br>ख) अभिमुखीकरण कार्यक्रम पहिलो त्रैमासिकमा सञ्चालन गर्ने,<br>ग) अभिमुखीकरणमा सहभागी स्थानीय तहका शिक्षा अधिकृतहरूबाट प्रारूप अन्तर्गत शिक्षकको पेसागत विकास विधिहरूमा स्थानीय तहबाट सञ्चालन गरेका कार्यक्रमहरूको विवरण सङ्कलन गरी स्थानीय तहगत विवरण तयार गरी यस केन्द्रमा श्रावण महिनामा केन्द्रको शिक्षक तालिम शाखामा पठाउने। | • शिक्षा तालिम केन्द्र<br>• स्थानीय तह | • अभिमुखीकरणका सहभागीकको हाजिरी<br>• तालिम प्रतिवेदन |
| ४. **पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप,२०७२ बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक शिक्षकबाट आवेदन माग गरी दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने,<br>ख) शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम तथा तालिम प्याकेजका आधारमा सम्वन्धित विषयका विज्ञहरूबाट तालिम सञ्चालन गर्ने ,<br>ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका शिक्षकलाई तालिम लिन सहभागी छनोट गर्ने,<br>घ) तालिम सञ्चालन गर्दा स्वीकृत कोटाअनुसार सञ्चालन गर्ने,<br>ङ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम पूरा गरेका शिक्षकलाई प्रमाणपत्र दिने व्यवस्था मिलाउने<br>च) सम्बन्धित विद्यालयको EMIS मा तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• शिक्षण सिकाइ क्रियाकलाप तालिमको प्रयोग |

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| **५. पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाईन टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक शिक्षकबाट अनलाईनबाट आवेदन माग गरी दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने,<br>ख) शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रमका आधारमा मा तालिम प्याकेजका आधारमा सम्ववन्धित विषयका विज्ञहरूबाट तालिम सञ्चालन गर्ने ,<br>ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका शिक्षकलाई तालिम लिन सहभागी छनोट गर्ने,<br>घ) तालिम सञ्चालन गर्दा स्वीकृत कोटाअनुसार सञ्चालन गर्ने,<br>ङ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम पूरा गरेका शिक्षकलाई प्रमाणपत्र दिने ।<br>च) सम्बन्धित विद्यालयको IEMIS मा तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित पूरा गरेका शिक्षकमार्फत विद्यालयलाई दिने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• शिक्षण सिकाइ क्रियाकलाप तालिमको प्रयोग |
| **६. शिक्षक पेसागत विकास प्रारूप, २०८० अनुसार माध्यमिक तह (कक्षा ९-१०) का अनिवार्य विषय शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूपबमोजिम १ महिने प्रमाणीकरण तालिममा सहभागी इच्छुक शिक्षक मध्येबाट आवेदन माग गर्ने । यस तालिममा साविकको शिक्षक पेसागत विकास प्रारूप २०७२ बमोजिम कुनैपनि चरणको तालिम नपाएका शिक्षकलाई मात्र छनोट गर्ने । तालिमका सहभागी छनोट गर्दा विद्यालयको सहमति तथा स्थानीय तहको सिफारिस हुनुपर्ने,<br>ख) तालिम सञ्चालन गर्दा शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम र तालिम प्याकेजका आधारमा सम्बन्धित विषयका विज्ञहरूबाट तालिम सञ्चालन गर्ने ,<br>ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका शिक्षकलाई तालिम लिने गरी सहभागी छनोट गर्ने,<br>घ) तालिम सञ्चालन गर्दा स्वीकृत कोटाअनुसार सञ्चालन गर्ने,<br>ङ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने व्यवस्था मिलाउने ।<br>च) सम्बन्धित विद्यालयको IEMIS मा तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• शिक्षण सिकाइ क्रियाकलाप तालिमको प्रयोग |
| **७. पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप,२०७२ बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक शिक्षकबाट आवेदन माग गरी दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने,<br>ख) तालिम सञ्चालन गर्दा शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम तथा तालिम प्याकेजका आधारमा सम्वन्धित विषयका विज्ञहरूबाट तालिम सञ्चालन गर्ने , | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ |

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका शिक्षकलाई तालिम लिन सहभागी छनोट गर्ने,<br>घ) तालीम सञ्चालन गर्दा स्वीकृत कोटा अनुसार सञ्चालन गर्ने,<br>ङ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने व्यवस्था मिलाउने,<br>च) सम्बन्धित विद्यालयको IEMIS मा तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने । | | कार्यकलाप |
| **८. पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाईन टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप,२०७२ बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक शिक्षकबाट अनलाईनबाट आवेदन माग गरी दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने,<br>ख) शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम तथा तालिम प्याकेजका आधारमा सम्ववन्धित विषयका विज्ञहरूबाट तालिम सञ्चालन गर्ने ,<br>ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका शिक्षकलाई तालिम लिन सहभागी छनोट गर्ने,<br>घ) तालिम सञ्चालन गर्दा स्वीकृत कोटाअनुसार सञ्चालन गर्ने,<br>ङ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने ।<br>च) सम्बन्धित विद्यालयको IEMIS मा तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **९. शिक्षक पेसागत विकास प्रारूप, २०८० अनुसार आधारभूत तह (कक्षा १-५) र (कक्षा ६-८) का शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप बमोजिम १ महिने प्रमाणीकरण तालिममा सहभागी हुन इच्छुक शिक्षक मध्येबाट आवेदन माग गर्ने । यस तालिममा साविकको शिक्षक पेसागत विकास प्रारूप २०७२ बमोजिम कुनैपनि चरणको तालिम नपाएका शिक्षकलाई मात्र छनोट गर्ने । तालिमका सहभागी छनोट गर्दा विद्यालयको सहमति तथा स्थानीय तहको सिफारिस हुनुपर्ने,<br>ख) विषयगत तालिम सञ्चालनका लागि कोटा निर्धारण गर्ने । कोटा निर्धारण गर्दा स्वीकृत कोटा मध्येबाट कक्षा १-५ अध्यापनरत शिक्षक ६०% र कक्षा ६-८ अध्यापनरत शिक्षक ४०% हुने गरी गर्ने,<br>ग) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने व्यवस्था मिलाउने । तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरेर सोको अभिलेख राख्ने । विद्यालयले IEMIS मा विवरण अद्यावधिक गर्ने,<br>घ) तलिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगम गर्ने गराउने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाइ<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| १०. **माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई टिपिडी तालिम**<br>क) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका तालिम लिन इच्छुक शिक्षकबाट आवेदन माग गरी सहभागी छनोट गर्ने । सम्बन्धित स्थानीय तहसमेतको समन्वयमा शिक्षक छनोट गरी शिक्षा तालिम केन्द्र/तालिम निकायमार्फत टिपिडी तालिम सञ्चालन गर्ने,<br>ख) शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम तथा तालिम प्याकेजका आधारमा सम्बन्धित विषयका विज्ञहरूबाट तालिम सञ्चालन गर्ने,<br>ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका शिक्षकलाई तालिम लिन सहभागी छनोट गर्ने,<br>घ) तालिम सञ्चालन गर्दा स्वीकृत कोटाअनुसार सञ्चालन गर्ने,<br>छ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने । सम्बन्धित विद्यालयको IEMIS मा तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने । | • शिक्षा तालिम केन्द्र/तालिम निकाय<br>• स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाइ<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **११. माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई आधारित अनलाईन टिपिडी तालिम**<br>क) तालिम सञ्चालनका लागि प्रदेश नमुनाका सम्बन्धित विषयका तालिम लिन इच्छुक शिक्षकबाट अनलाईन आवेदन माग गरी सहभागी छनोट गर्ने । सम्बन्धित स्थानीय तहसमेतको समन्वयमा शिक्षक छनोट गरी शिक्षा तालिम केन्द्र/तालिम निकायमार्फत टिपिडी तालिम सञ्चालन गर्ने,<br>ख) शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम तथा तालिम प्याकेजका आधारमा सम्ववन्धित विषयका विज्ञहरूबाट तालिम सञ्चालन गर्ने,<br>ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका शिक्षकलाई तालिम लिन सहभागी छनोट गर्ने,<br>घ) तालिम सञ्चालन गर्दा स्वीकृत कोटाअनुसार सञ्चालन गर्ने,<br>ङ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने ।<br>च) सम्बन्धित विद्यालयको IEMIS मा तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने । | • शिक्षा तालिम केन्द्र/तालिम निकाय<br>• स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाइ<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **१२. पहिलो चरण पूरा गरेका आधारभूत तह) कक्षा १-३ (को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप ,२०७२ बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक शिक्षकबाट आवेदन माग गरी दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने, | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या |

| क्रियाकलाप  एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ख) सम्बन्धित स्थानीय तहसमेतको समन्वयमा शिक्षक छनोट गरी शिक्षा तालिम केन्द्र/तालिम निकायमार्फत टिपिडी तालिम सञ्चालन गर्ने,<br>ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका शिक्षकलाई तालिम लिन सहभागी छनोट गर्ने,<br>घ) तालिम सञ्चालन गर्दा स्वीकृत कोटाअनुसार सञ्चालन गर्ने,<br>ङ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने व्यवस्था मिलाउने।<br>च) सम्बन्धित विद्यालयको EMIS मा  तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने<br>छ) तालिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगम गर्ने गराउने। | • शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **१३. पहिलो चरण पूरा गरेका आधारभूत तह) कक्षा १-३ (को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको अनलाईन टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप,२०७२ बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक शिक्षकबाट अनलाईनबाट आवेदन माग दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने,<br>ख) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने व्यवस्था मिलाउने।<br>ग) सम्बन्धित विद्यालयको EMIS मा  तालिमको विवरण अद्यावधिक गर्ने र Web Portal मा ७ दिनभित्र Upload गर्ने निर्देशनसमेत सम्बन्धित तालिम प्राप्त शिक्षकमार्फत विद्यालयलाई दिने<br>घ) तालिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगम गर्ने गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **१४. प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फका प्रशिक्षक/सहायक प्रशिक्षकहरूको टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप ,२०७२ बमोजिम शिक्षा तालिम केन्द्रले प्राविधिक धार कक्षा ९-१२ मा शिक्षण गर्ने प्रक्षिकका लागि स्वीकृत तालिम प्याकेज शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक तालिम शाखाबाट प्राप्त गर्ने,<br>ख) कक्षा ९-१० र ११-१२ मा शिक्षण गर्ने शिक्षकको समूह निर्धारण गरी कोटा निर्धारण गर्ने,<br>ग) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका तालिम लिन इच्छुक शिक्षकबाट आवेदन माग गरी सहभागी छनोट गर्ने,<br>घ) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने। तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरेर सोको अभिलेख राख्ने। विद्यालयले EMIS मा विवरण अद्यावधिक गर्ने,<br>ङ) तालिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगम गर्ने गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका प्रशिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त प्रशिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| **१५. कार्यमूलक अनुसन्धानसम्बन्धी ५ दिने अनलाईनमा आधारित कस्टमाइज्ड शिक्षक तालिम**<br>क) सवीकृत तालिमकोटा मध्ये आधारभूत तथा र माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकको ६०% र ४०% का निर्धारण गरी कोटा निर्धारण गर्ने,<br>ख) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका तालिम लिन इच्छुक शिक्षकबाट आवेदन माग गरी सहभागी छनोट गर्ने,<br>ग) स्वीकृत मोडुलको परिधिभित्र रही तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने । तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरेर सोको अभिलेख राख्ने । विद्यालयले IEMIS मा विवरण अद्यावधिक गर्ने,<br>घ) तालिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगम गर्ने गराउने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **१६. शिक्षक मेन्टरिङहरूका लागि ५ दिने क्षमता विकास तालिम**<br>क) केन्द्रबाट सञ्चालन भएको मुख्य प्रशिक्षक तालिम प्राप्त प्रशिक्षकबाट शिक्षक मेन्टरिङका सधन कार्यक्रमका लागि थप भएका स्थानीय तहमा कार्यगर्न छनोट भएका मेन्टरहरू लाई क्षमता विकास कार्यक्रममा सहभागी गराउने,<br>ख) यस कार्यक्रम सञ्चालन गर्दा केन्द्रको शिक्षक तालिम शाखासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,<br>ग) तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरेर सोको अभिलेख राख्ने ।<br>घ) तालिमका सहभागीलाई स्थलगत सहयोग उपलब्ध गराउने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय | • तालिम प्रतिवेदन |
| **१७. बहुकक्षा बहुस्तर (MGML) सम्बन्धी शिक्षक पेसागत विकास तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप ,२०७२ बमोजिम तालिम सञ्चालन गर्ने प्रदेश अन्तर्गत बहुकक्षा बहुस्तर विधिबाट कक्षा सञ्चाललन गरेका विद्यालयबाट तालिमका सहभागी शिक्षक छनोट गर्ने,<br>ख) शिक्षा विकास तथा समन्वय इकाइ एवम् स्थानीय तहको समन्वयमा तालिमका सभागीहरूको छनोट गर्ने<br>ग) स्वीकृत तालिम प्याकेज शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक तालिम शाखाबाट प्राप्त गर्ने,<br>घ) तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरेर सोको अभिलेख राख्ने,<br>ङ) तालिमका सहभागीलाई स्थलगत सहयोग उपलब्ध गराउने । | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय | • परिचाल फिल्ड मेन्टरको सङ्ख्या<br>• फिल्ड मेन्टरको प्रतिवेदन |
| **१८. पाठ अध्ययन (Lesson study) सम्बन्धी कस्टमाइज्ड शिक्षक तालिम**<br>क) शिक्षा तालिम केन्द्रले स्वीकृत तालिम प्याकेज शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक तालिम शाखाबाट प्राप्त गर्ने,<br>ख) तालिम सञ्चालनका लागि प्रदेशनमुनाका सम्बन्धित विषयका तालिम लिन इच्छुक शिक्षकबाट आवेदन माग गरी सहभागी छनोट गर्ने, | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख |

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ग) तालिमका सहभागी छनोट गर्दा सबै तह क्षेत्रको प्रतिनिधित्व हुने गरी छनोट गर्ने,<br>घ) केन्द्रबाट यस विषयमा प्रशिक प्रशिक्षण प्राप्त विज्ञबाट तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र दिने र सोको अभिलेख राख्ने। विद्यालयले EMIS मा विवरण अद्यावधिक गर्ने,<br>**ङ)** तालिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगम गर्ने गराउने। | • विद्यालय | • सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **१९. आधारभूत तहका नवप्रवेशी शिक्षकहरूका लागि एक महिने अनलाईन सेवा प्रवेश तालिम**<br>क) शैक्षिक सत्र २०८० र २०८१ मा आधारभूत तहको (कक्षा १-५) प्राथमिक तह र (कक्षा ६-८) निम्नमाध्यमिक तहमा नयाँ सेवा प्रवेश गरेका शिक्षकबाट अनलाईन आवेदन माग गरी सहभागी छनोट गर्ने,<br>ख) शिक्षा तालिम केन्द्रले स्वीकृत तालिम प्याकेज शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक तालिम शाखाबाट प्राप्त गर्ने,<br>ग) विषय विज्ञबाट तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र प्रदान गरी सोको अभिलेख राख्ने र विद्यालयले EMIS मा विवरण अद्यावधिक गर्ने,<br>**घ)** तालिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगम गर्ने गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **२०. माध्यमिक तहका नवप्रवेशी शिक्षकहरूका लागि एक महिने अनलाईन सेवा प्रवेश तालिम**<br>क) शैक्षिक सत्र २०८० र २०८१ मा माध्यमिक तहमा नया सेवा प्रवेश गरेका शिक्षकहरूबाट तालिम लिन अनलाईन आवेदन माग गरी सहभागी छनोट गर्ने,<br>ख) शिक्षा तालिम केन्द्रले स्वीकृत तालिम प्याकेज शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक तालिम शाखाबाट प्राप्त गर्ने,<br>ग) विषय विज्ञबाट तालिम सञ्चालन गरी तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र प्रदान गरी सोको अभिलेख राख्ने र विद्यालयले EMIS मा विवरण अद्यावधिक गर्ने,<br>घ) तालिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगम गर्ने गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| **२१. लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षासम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम**<br>क) प्रदेशभित्रका सामुदायिक विद्यालयका तालिम लिनका इच्छुक शिक्षकलाई स्थानीय तहसमेतको समन्वयमा छनोट गरी शिक्षा तालिम केन्द्रमार्फत तालिम सञ्चालन गर्ने,<br>ख) स्वीकृत तालिम कोटामा माध्यमिक तहका शिक्षकको प्रतिनिधित्व हुनेगरी बाँडफाँड गर्ने,<br>ग) तालिम प्याकेज शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक तालिम शाखाबाट प्राप्त गर्ने र सोही अनुसार तालिम सञ्चालन गर्ने,<br>घ) तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी अभिलेख राख्ने, र विद्यालयले EMIS मा विवरण अद्यावधिक गर्ने,<br>ङ) तालिम लिएका शिक्षकको शिक्षण सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगमन गर्ने गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• सुधारिएको शिक्षण सिकाइ कार्यकलाप |
| **२२. पहिलो चरण पूरा गरेका सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने शिक्षकहरूको क्षमता विकासका लागि टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप २०७२ बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक शिक्षकबाट अनलाईनबाट आवेदन माग गरी दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने,<br>ख) शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहको सहयोगमा यस प्रकृतिका विद्यार्थी शिक्षण गर्ने शिक्षकको अभिलेख सङ्कलन गर्ने,<br>ग) स्वीकृत तालिम कोटाको परिधिभित्र रही इच्छुक आधारभूत तथा माध्यमिक तहका शिक्षकलाई लक्षित गरी प्रत्येक जिल्लाको प्रतिनिधित्व हुने गरी स्वीकृत पाठ्यक्रमका आधारमा तालिम सञ्चालन गर्ने,<br>घ) तालिम प्राप्त शिक्षकलाई प्रमाणपत्र प्रदान गरी अभिलेख राख्ने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त गरेका शिक्षकको सङ्ख्या<br>• तालिम प्राप्त शिक्षक अभिलेख<br>• शिक्षण सिकाइ क्रियाकलाप तालिमको प्रयोग |
| **२३ पहिलो चरण पूरा गरेका प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ताका लागि दोस्रो चरणको टिपिडी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप २०७२ बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक शिक्षकबाट अनलाईनबाट आवेदन माग गरी दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने,<br>ख) प्रदेशभित्रका समुदायमा आधारित तथा सामुदायिक विद्यालयमा रहेका बालविकास केन्द्रमा कार्यरत बालविकास शिक्षक/सहयोगी कार्यकर्ताहरूको पहिलो चरण पूरा गरेका शिक्षकको अभिलेख तयार गरी सम्बन्धित स्थानीय तहसमेतको समन्वयमा छनोट गरी शिक्षा तालिम केन्द्र/तालिम निकाय/तालिम हबमार्फत स्वीकृत पाठ्यक्रमका आधारमा बालविकास शिक्षक/सहयोगी कार्यकर्ताको टिपिडी तालिम सञ्चालन गर्ने,<br>ग) तालिम सम्पन्न गर्ने बालविकास शिक्षक/सहयोगी कार्यकर्तालाई प्रमाणपत्र प्रदान गरी सोको अभिलेख राख्ने,<br>घ) तालिम लिएका बालविकास शिक्षक/सहयोगी कार्यकर्ताको सिकाइ कार्यकलापको अनुगमन संयन्त्र निर्माण गरी अनुगमन गर्ने गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• तालिम निकाय | • तालिम प्राप्त गरेका बालविकास शिक्षक/सहयोगी कार्यकर्ताको सङ्ख्या / अभिलेख<br>• सुधारिएको सिकाइ कार्यकलापको प्रयोग |

| क्रियाकलाप एवम् कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| **२४. पहिलो चरण पूरा गरेका आधारभूत/माध्यमिक तहको प्रधानाध्यापक नेतृत्व क्षमता विकाससम्बन्धी तालिम**<br>क) शिक्षकको पेसागत विकास प्रारूप बमोजिम १५ दिनको तालिम पूरा गरेका इच्छुक प्रधानाध्यापकबाट आवेदन माग गरी दोस्रो चरणको १५ दिने तालिम सञ्चालनका लागि सहभागी छनोट गर्ने,<br>ख) शिक्षा तालिम केन्द्रले आधारभूत र माध्यमिक तहका प्रअको नेतृत्व विकासका लागि स्वीकृत तालिम प्याकेजका आधारमा तालिम सञ्चालन गर्ने,<br>ग) तालिम केन्द्रका लागि स्वीकृत कोटामा ४०% माध्यमिक विद्यालय र ६०% आधारभूत विद्यालय प्रधानाध्यापकको छुटाछुटै तालिम सञ्चालन गर्ने,<br>घ) शिक्षा तालिम केन्द्रले प्रदेशभित्रका सामुदायिक विद्यालयका प्रअको लागत अभिलेख तयार गरी त्यसको आधारमा सम्बन्धित स्थानीय तहसमेतको समन्वयमा तालिम नपाएका प्रअ छनोट गरी एकीकृत नेतृत्व विकास तालिम सञ्चालन गर्ने,<br>ङ) नेतृत्व विकास तालिम सम्पन्न गर्ने प्रअबाट प्रतिबद्धता लिई प्रमाणपत्र प्रदान गरेर सोको अभिलेख राख्ने,<br>च) तालिम लिएका प्रअहरूको व्यवस्थापकीय पक्ष तथा शिक्षण सिकाइ कार्यकलापको अनुगमन गरी अनुगम गर्ने गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>• स्थानीय तह<br>• विद्यालय | • तालिम प्राप्त प्रअको अभिलेख<br>• तालिम प्राप्त गरेका प्रअको सङ्ख्या<br>• प्रअको सुधारिएको सेवा प्रवाह |
| **२५. केन्द्रबाट विकसित नमुना तालिम स्रोत सामग्री र शिक्षा तालिम केन्द्रबाट विकसित तालिम सामग्री छपाइ**<br>क) शिक्षा तालिम केन्द्रले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरिएका तालिम स्रोत सामग्री र आफैँले विकास गरेका प्याकेज/सामग्री छपाई तालिमका सहभागीहरूलाई उपलब्ध गराउने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र | • छापिएका स्रोत सामग्री/प्याकेज तथा अभिलेख |
| **२६. तालिम सञ्चालन अवधिमा स्थलगत अनुगमन, प्राविधिक सहयोग तथा स्थिति प्रतिवेदन तथा अनुगमन प्रतिवेदन तयारी**<br>क) शिक्षा तालिम केन्द्रले सञ्चालन गरेका सबै प्रकारका टिपिडी तालिमका सहभागीहरूको शैक्षणिक परामर्शको अनुगमन संयन्त्र र अनुगमन साधन विकास गरी अनुगमन गर्ने गराउने,<br>ख) अनुगमनपछि तालिम सञ्चालन बारे अनुभव आदान प्रदान गरी बाँकी तालिम सञ्चालनमा सुधार ल्याउने,<br>ग) शिक्षा तालिम केन्द्रले वर्षभरि सञ्चालन भएका तालिमको स्थिति प्रतिवेदन तयार पार्ने। | • प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र | • विकासित अनुगमन संयन्त्र र साधन<br>• अनुगमन प्रतिवेदन<br>• स्थिति प्रतिवेदन |

## ४. *प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत)* ( व.उ.शी.न.. ३५०४१०११)

यस व.उ.शी.न..अन्तर्गत का क्रियाकलापहरू कार्यान्वयन गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट तोकिएको मापदण्ड तथा कार्य प्रक्रियाअनुसार गर्नुपर्ने छ।

# खण्ड ४

# शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन प्रक्रिया र मापदण्ड

## ५. *शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रम*

### ५.१ *शिक्षा विकास तथा समन्वय इकाइ*

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| **कर्मचारीको तलब भत्ता,महगी भत्ता, पोसाक खर्च लगायतका कार्यालय व्यवस्थापन सम्बन्धी खर्चहरू**<br>क) स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीको नेपाल सरकारले तोकेको तलब भत्ता भुक्तानी दिने ।<br>ख) कर्मचारी समायोजन हुन बाँकी रही इकाइमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी कार्यरत रहेमा सोको जानकारी सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालय एवम् शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय एवम् यस केन्द्रलाई श्रावण महिना भित्र पदस्थापनाका लागि पत्राचार गर्ने ।<br>ग) उल्लेखित कार्यक्रम कार्यान्वयन गर्दा वार्षिक खरिद योजना निर्माण गर्ने, स्वीकृत नर्म्सका आधारमा सार्वजनिक खरिद ऐन नियम तथा प्रचलित ऐन नियमको परीधिभित्र रही खर्च गर्ने ।<br>घ) दुई हजारभन्दा वढी विद्यार्थी भएका विद्यालयको भौतिक पूर्वाधार विकासका लागि शिक्षा विकास तथा समन्वय इकाइ मोरङ, रौतहट, रुपन्देही र बाँकेमा अन्य जिल्लाका विद्यालय समेत प्राविधिक सहायता प्रदान गर्न ४ ओटा क्लष्टर कायम गरी केन्द्रीय आयोजना कार्यान्वयन इकाइ कम्पोनेन्ट नमुना क्रियाकलापका विविध शीर्षकमा बजेट विनियोजन रहेको र उक्त बजेट सोही कार्यक्रमसँग सम्वन्धित काममा मात्र खर्च गर्ने ।<br>ङ) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१०।२५ को निर्णयानुसार २०८० को बझाङ र जाजरकोट भूकम्पबाट क्षति पुगेका सामुदायिक विद्यालयको पूनर्निर्माण कार्यका लागि १५ ओटा जिल्लामा (जाजरकोट, रुकुम पश्चिम, सल्यान, सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, अछाम, बैतडी, डडेलधुरा, डोटी र दार्चुला) केन्द्रीय आयोजना कार्यान्वयन इकाइको कार्यक्षेत्र विस्तार भएकोमा चालु आ.व. को प्राप्त कार्यक्रम तथा बजेटको आधारमा पहिलो चरणमा जाजरकोट, रुकुम पश्चिम र बझाङ जिल्लाका भूकम्पले क्षति पुर्याएका सामुदायिक विद्यालयको पुनर्निर्माणका लागि केन्द्रीय आयोजना कार्यान्वयन इकाइ क्रियाकलाप नमुना क्रियाकलापका नं २.५.७.६८ सेवा करार इन्जिनियर १ र क्रियाकलाप नं २.५.७.६९ सेवा करार सव इन्जिनियर २ जनाको तलव भत्ता, क्रियाकलाप नं २.८.१.१४, अनुगमन क्रियाकलाप नं २.४.१.११, मसलन्द, क्रियाकलाप नं २.२.२.७ इन्धन र क्रियाकलाप नं २.३.१.५ सवारी साधन मर्मत शीर्षकमा थप बजेट विनियोजन रहेको छ । उक्त विनियोजित बजेट सोही कार्यक्रमसँग सम्बन्धित काममा मात्र खर्च गर्ने । सेवा करार तर्फका इन्जिनियर तथा सव इन्जिनियरको हकमा अस्थायी दरबन्दी स्वीकृत पश्चात केन्द्रीय आयोजना कार्यान्वयन इकाइबाट छनोट गरी सम्बन्धित जिल्लामा पठाइनेछ । करार सेवा तर्फका इन्जिनियर र सव इन्जिनयरलाई आवश्यकता अनुसार भूकम्प प्रभावित अन्य जिल्लामा हुने विद्यालय पुनर्निर्माण प्राविधिक कार्यमा समेत परिचालन गर्नसकिने छ । | • शिक्षा विकास तथा समन्वय इकाइ | • वैङ्क स्टेटमेन्ट<br>• खरिद योजना<br>• खरिद भएका सामग्रीहरू<br>• जिन्सी निरीक्षण प्रतिवेदन |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| **क्रियाकलाप नं. २.७.१३.१२६ एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली व्यवस्थापन**<br>क) जिल्लाभित्र रहेका सबै विद्यालय लगायत शैक्षिक संस्थाहरूको एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीमा शैक्षिक तथ्याङ्क भरेको सुनिश्चितता गर्न स्थानीय तह एवम् विद्यालयलाई सहजीकरण गर्ने। एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीअनुसार स्थानीय तहसँग समन्वय गरी जिल्लाको समष्टिगत प्रतिवेदन तयार गरी सरोकारवालाहरूलाई जानकारी गराउने। जिल्लाका सबै स्थानीय तहको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सत्यापन गर्ने सत्यापनमा विद्यालयले सबै प्रकारका सूचना भरे नभरेको विद्यार्थी सङ्ख्या, भौतिक विवरण, शिक्षक विवरण वास्तविक भरे नभरेको पक्षमा केन्द्रित गर्ने।<br>ख) स्थानीय तहमा EMIS व्यवस्थापनसम्बन्धी कार्यमा संलग्न जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | • स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाइ<br>• विद्यालय | • IEMIS फाराम भरेका विद्यालय एवम् शैक्षिक संस्थाको विवरण<br>• जिल्लाको प्रतिवेदन |
| **क्रियाकलाप नं. २.५.२.४७ बेरुजु फछ्र्यौटका लागि विद्यालय निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयारीका लागि प्राविधिक परामर्श सेवा**<br>क) साविकको जिल्ला शिक्षा कार्यालयबाट विद्यालय भौतिक निर्माण अन्य कार्यको कायम भएको बेरुजुको अभिलेख अद्यावधिक गर्ने,<br>ख) विद्यालय भवन निर्माण कार्यअन्तर्गत कक्षाकोठा, शौचालय निर्माण, विद्यालय भवन मर्मत लगायतका कार्यको निर्माण कार्यसम्पन्न भईसकेको तर कार्यसम्पन्न प्रतिवेदन तयार नभएका विद्यालयको कार्यसम्पन्न प्रतिवेदन तयार गरी फछ्र्यौटका लागि मलेपमा पेस गर्ने, यसमा सामाजिक परीक्षणको प्रतिवेदन तथा निर्मित भवनको फोटासमेत समावेश गर्ने,<br>**ग)** यस क्रियाकलापमा प्राप्त बजेटबाट विद्यालयको कार्यसम्पन प्रतिवेदन तथा नापी किताव तयारी लगायतका प्राविधिक कार्य गर्न निर्माण कार्य हेर्ने प्राविधिकसँग सेवा करार गरी **फिल्ड तहमा भएको कार्यको मूल्याङ्कन गरी** कार्यप्रगतिका आधारमा भुक्तानी दिने व्यवस्था मिलाउने। | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• प्राविधिक कर्मचारी<br>• विद्यालय | • बेरुजुको अद्यावधिक अभिलेख<br>• कार्यसम्पन्न प्रतिवेदन<br>• बेरुजु फछ्र्यौट भएको रकम |
| **क्रियाकलाप न.. २.६.२.१० शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तहका कर्मचारीको क्षमता विकास**<br>क) जिल्लाअन्तर्गत का स्थानीय तहमा कार्यरत शिक्षा शाखाका कर्मचारीलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत तालिम कोर्समा आधारित भई न्यूनतम ५ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने.<br>ख) कार्यक्रम दोस्रो त्रैमासिकभित्र सम्पन्न गरिसक्ने,<br>**ग)** क्षमता विकासका तालिममा सहजीकरण गर्न केन्द्रका विषयगत निकायहरू प्रदेश शिक्षा तालिम केन्द्र तथा जिल्लास्तरका विषयसँग सम्बन्धित निकायका विज्ञहरू परिचालन गर्ने। | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• स्थानीय तह | • क्षमता विकासका सहभागी सङ्ख्या |
| **क्रियाकलाप न.. २.७.१०.४६ स्थानीय तहसँगको समन्वयमा कक्षा ८ को परीक्षाको Item Writing, Question Bank निर्माण तथा नतिजा विश्लेषणमा सहजीकरण तथा अभिलेख व्यवस्थापन**<br>क) जिल्लाभित्रका सबै स्थानीय तहसँग समन्वय गरी कक्षा ८ को परीक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित विषयका विज्ञ शिक्षकको सहभागितामा Item Writing कार्यशाला सञ्चालन गरी प्रश्न पत्र निर्माणमा सहजीकरण गर्ने,<br>ख) स्थानीय तहमा विकास भएका तथा जिल्लाले विगतमा विकास गरेका कक्षा ८ को परीक्षाका पश्न पत्र सङ्कलन गरी जिल्ला स्तरमा Question Bank निर्माण गर्ने र स्थानीय तहको मागको आधारमा प्रयोगका लागि उपलब्ध गराउने, | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• स्थानीय तह | • विकास भएका प्रश्नपत्रहरू<br>• Question Bank<br>• परीक्षाको जिल्ला स्तरीय प्रतिवेदन |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ग) जिल्लाभित्र सञ्चालित विद्यालय स्थानीय तह तथा राष्ट्रियस्तरका परीक्षाहरूको नजिता सङ्कलन गरी विश्लेषण गरी जिल्लास्तरीय प्रतिवेदन तयार गरी प्रवोधीकरण गर्ने,<br>**घ)** जिल्लाभित्र रहेका परीक्षासँग सम्बन्धित शिक्षा समितिका माइन्युट शिक्षक दरबन्दीलगायतका अभिलेखलाई डिजिटाइज गरी अभिलेख व्यवस्थापन गर्ने । | | • डिजिटाइज अभिलेखहरू |
| **क्रियाकलाप न.. २.७.१३.२२ शिक्षक दरबन्दी मिलानका लागि सहजीकरण**<br>क) इकाइले स्थानीय तहसँग समन्वय गरी शिक्षक दरबन्दी मिलान गर्न बाँकी रहेका तहहरूलाई अविलम्ब मिलान कार्यसम्पन्न गर्न सहजीकरण गर्ने,<br>ख) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनसँग स्थानीय तह तथा जिल्लास्तरबाट भएका निर्णयको आधारमा विद्यालयगत, तहगत तथा विषयगत अभिलेख दुरुस्त राख्ने,<br>**ग)** शिक्षक दरबन्दी मिलान तथा अभिलेख व्यवस्थापनसँग सम्बन्धित विषयमा समन्वयात्मक बैठक, अन्तरक्रिया, सहजीकरण केन्द्रीय नीति प्रबोधीकरण जस्ता कार्यक्रम सञ्चालन गर्ने । | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• स्थानीय तह | • शिक्षक दरबन्दी मिलान समन्वयात्मक बैठक, अन्तरक्रिया,<br>• मिलान कार्यसम्पन्न गरेका स्थानीय तह |
| **क्रियाकलाप न.. २.७.१३.५०२ नवप्रवेशी शिक्षकको लागि सेवा प्रवेश तालिम**<br>क) शिक्षक सेवा आयोगबाट यस आवमा सिफारिस भई आएका शिक्षकको नियुक्ति पश्चात पेसागत जिम्मेवारी तथा शिक्षण विषयसँग सम्बन्धित विषयमा न्यूनतम ३ दिने सेवा प्रवेश तालिम सञ्चलन गर्ने,<br>ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास भएको तालिम कोर्सका आधारमा तालिम सञ्चालन गर्ने,<br>**ग)** तालिममा सहजीकरणका लागि इकाइ एवम् स्थानीय तहका कर्मचारीका अतिरिक्त विषयगत शिक्षकलाई परिचालन गर्ने,<br>घ) तालिम कोर्सका केन्द्रको शिक्षक तालिम शाखाबाट प्राप्त गर्ने सकिने छ । | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• स्थानीय तह | • तालिम प्राप्त शिक्षक सङ्ख्या |
| **क्रियाकलाप न.. २.७.१३.१२७ त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयारी सम्प्रेषण (स्थानीय तहकोसमेत)**<br>क) इकाइका लागि स्वीकृत कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन त्रैमासिक समाप्त भएको ७ दिन तयार गरी केन्द्रमा अनिवार्य रूपले पठाउने,<br>ख) जिल्लाभित्रका स्थानीय तहसँग समन्वय गरी त्रैमासिक समाप्ति भएपश्चात् ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलापको प्रगति शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको बजेट प्रगति अनुगमन प्रणाली अनलाईन सफ्टवेयरमा स्थानीय तहगत क्रियाकलाप उपक्रियाकलापगत प्रगति प्रविष्टि गर्न लगाउने । यसका लागि स्थानीय तहको अभिमुखिकण/कार्यशाला सञ्चालन गर्ने ।<br>ग) इकाइले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रस्तावित स्थिति प्रतिवेदनको ढाँचामा जिल्लास्तरीय प्रतिवेदन तयार गर्ने, स्थानीय तहबाट प्राप्त स्थिति प्रतिवेदनहरूलाई एकीकृत गरी केन्द्रमा पठाउने । ढाँचा केन्द्रको वेबसाइटबाट डाउनलोड गर्न सकिने छ । | • स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाइ<br>• विद्यालय | • जिल्लाको त्रैमासिक/वार्पिक प्रगति प्रतिवेदन<br>• स्थानीय तहको त्रैमासिक/वार्पिक प्रगति प्रतिवेदन |
| **क्रियाकलाप न.. २.७.१३.१२८ विद्यालय एवम स्थानीय तहका पदाधिकारीहरूलाई शैक्षिक नीति अभिमुखीकरण (EMF and SMF सहित)**<br>क) चालु आ.व.मा इकाइका लागि स्वीकृत कार्यक्रम एवम् स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रम सम्बन्धमा केन्द्रीयस्तरको कार्यशालाका सहभागीले जिल्लाभित्र रहेका प्रत्येक स्थानीय तहबाट १ जना शिक्षा शाखाको प्रमुख/ प्रतिनिधि तथा १ जना | • स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाइ<br>• विद्यालय | • कार्ययोजना<br>• अभिमुखीकरणका सहभागीहरूको हाजिरी |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| जनप्रतिनिधिको सहभागिता हुने गरी २ दिने अभिमुखीकरण सञ्चालन गर्ने,<br>ख) कार्यशालामा स्थानीय तहमा ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण भएका कार्यक्रम तथा बजेट कार्यान्वयन सहजीकरण गर्न विकास गरिएको कार्यक्रम कार्यान्वयन कार्यविधि तथा स्वीकृत Environmental Management Framework (EMF) र Social Management Framework (SMF) लगायतका विषयवस्तु समावेश गरी सत्र सञ्चालन गर्ने,<br>ग) कार्यक्रम अभिमुखीकरण गर्दा स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ का आधारमा कार्यक्रमको प्रगति प्रतिवेदन माग गरी जिल्लागत एकीकृत गरी केन्द्रको योजना तथा अनुगमन शाखामा पेस गर्ने,<br>घ) स्थानीय तहले स्थानीय तहले विद्यालयका प्रधानाध्यापकलाई कार्यक्रम तथा कार्यान्वय प्रक्रियाको अभिमुखीकरण गर्ने। | | • अभिमुखीकरण प्रतिवेदन |
| **क्रियाकलाप नं. २.७.१३.१२९ विद्यालय लेखापालन तथा सार्वजनिक खरिद तालिम**<br>क) आव २०८०/८१ सम्ममा विद्यालय लेखा प्रणालीको प्रयोगसम्बन्धी तालिम प्राप्त गरेका विद्यालय बाहेकका विद्यालयलाई इकाइले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त मार्गदर्शनका आधारमा तालिम प्राप्त सहजकर्ताबाट विद्यालय लेखा प्रणाली सम्वन्धी तालिम सञ्चालन गर्ने।<br>ख) यो प्रणाली प्रयोग गर्न इच्छुक र आवश्यक पूर्वाधार पूरा गरेका विद्यालयबाट प्रधानाध्यापक र लेखा कर्मचारी सहभागी हुने गरी तालिम कार्यक्रमको योजना निर्माण जिल्लामा यस पूर्व तालिम प्राप्त गरी अभ्यासरत विद्यालयका शिक्षक/कर्मचारी तथा विज्ञबाट सहजीकरण गर्ने गरी न्यूनतम ३ दिने तालिम विद्यालय लेखा प्रणाली (School Accounting System- SAS) कार्यान्वयनमा सहजीकरण गर्ने गरी सञ्चालन गर्ने।<br>ग) तालिमपश्चात प्रणालीको कार्यान्वयन गर्न लगाई तालिमका सहभागी विद्यालयको नामनामेसी विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आर्थिक प्रशासन शाखामा अनिवार्य रूपमा पठाउने। कार्यक्रम सञ्चालन गर्दा तालिमसम्बन्धी नर्म्सका अधारमा खर्च गर्ने। | • स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाइ<br>• विद्यालय | • प्रशिक्षकको हाजिरी<br>• जिल्लाको कार्ययोजना<br>• तालिमका सहभागीहरूको हाजिरी<br>• तालिम प्रतिवेदन |
| ५१९ | नुवाकोट | देउराली मावि | म्यागङ गापा | वाली विज्ञान |
| ५२० | सिन्धुपाल्चोक | भीमसेन माबि | भोटेकोसी गापा | कम्प्युटर ईन्जिनियरिङ |
| ५२१ | सिन्धुली | नेत्रकाली मावि रामपुर | घ्याङलेक गापा | बाली विज्ञान |
| ५२२ | गोरखा | नवजागृतिचण्डी मावि अश्राङ | भीमसेन थापा गा पा | कम्प्युटर इन्जिनियरिङ |
| ५२३ | पर्वत | ग्राम प्रकाश मावि | जलजला गा पा | बालीविज्ञान |
| ५२४ | अर्घाखाँची | ज्योति मावि ठाडा | सीतगङ्गा नपा | बालीविज्ञान |
| ५२५ | हुम्ला | चन्द्रप्रकाश मावि ताजाकोट | ताजाकोट गापा | बालीविज्ञान |
| ५२६ | कालीकोट | जनजागृति मावि रास्कोट | रास्कोट नपा | कम्प्युटर इन्जिनियरिङ |
| ५२७ | जाजरकोट | विरेन्द्र ऐश्वर्य मावि लिम्सा | बारेकोट गापा | सिभिल इन्जिनियरिङ |
| ५२८ | दैलेख | हिमालय मावि डाडीमाडी | भईरवी गापा | सिभिल इन्जिनियरिङ |
| ५२९ | कञ्चनपुर | भानु मावि कञ्ज लालझाडी | लालझाडी गापा | सिभिल इन्जिनियरिङ |
| ५३० | अछाम | जनता मावि मेल्लेख | मेल्लेख गापा | पशुविज्ञान |
| ५३१ | दार्चुला | सम्पाल मावि सुनसेरा | व्यास गापा | बालीविज्ञान |
| ५३२ | सुनसरी | सहिद स्मृति मावि धरान | धरान उमनपा | कम्प्युटर इन्जिनियरिङ |
| ५३३ | खोटाङ | राम्चे निकेतन मा वि इजारा | दिप्रुङचुइचुम्बा गापा | बालीविज्ञान |
| ५३४ | पर्सा | ने रा मावि बडेर्वा | पर्सागढी नपा | कम्प्युटर इन्जिनियरिङ |
| ५३५ | नुवाकोट | मुकुनदेश्वरी मावि | ककनी गापा | सिभिल इन्जिनियरिङ |
| ५३६ | दार्चुला | शङ्करपुर मावि पस्ती | मालिकार्जुन गापा | बालीविज्ञान |
| ५३७ | सिन्धुपाल्चोक | हेलम्बु मोडल मावि | हेलम्बु गापा | सिभिल इन्जिनियरिङ |

*अनुसूची ८*

***आर्थिक वर्ष २०८१/८२ को सङ्घ,प्रदेश तथा स्थानीय तहका लागि बजेट कार्यावयनसम्बन्धी मार्गदर्शन***

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर
(आर्थिक प्रशासन शाखा)

फोन नं. ०१-६६३३०२९
Web: www.cehrd.gov.np

पत्र संख्याः ०८१/८२
चलानी नं.: ८

मिति २०८१।०४।१५

**विषय :- आ व ०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।**

**श्री शिक्षा विकास तथा समन्वय इकाई**
**७७ जिल्ला ।**

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मन्त्रालयको च.न. ०३ मिति २०८१।०४।०८ को पत्रानुसार आ. व. २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन र अर्थ मन्त्रालयको मार्गदर्शन समेत पाना संख्या १७ अनुसार तहाँ इकाईहरुलाई विभिन्न उपशिर्षकहरुमा छुट्टाइएको विनियोजित रकमको आर्थिक कारोवार गर्न हुन , आर्थिक कारोवार गर्दा प्रचलित आर्थिक कानूनको पूर्ण पालना गर्न, साथै शुन्य बेरुजू कायम हुने गरी खर्च गरी लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गर्ने / गराउने तथा वित्तीय अनुशासन कायम गर्न / गराउन हुन मार्गदर्शन परिपालनाका लागि प्रेषित गरेको छु ।

२०८१/०४/१५

**दीपक शर्मा**
**महानिर्देशक**

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

योजना तथा बजेट शाखा

पत्र संख्या: ८०८१/८२
चलानी नं.:- ०३

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०८१।०४।०८

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
श्री शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाइ, ज्ञानेश्वर, काठमाडौ ।
श्री राष्ट्रिय किताबखाना (शिक्षक), छाउनी, काठमाडौ ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, सानोठिमी, भक्तपुर ।
श्री केशर पुस्तकालय, केशरमहल, काठमाडौ ।
श्री युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरवार।
श्री डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय, लाजिम्पाट, काठमाडौ ।

विषय : आर्थिक वर्ष २०८१।०८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

विनियोजन ऐन, २०८१ संघीय संसदबाट पारित भई मिति २०८१/३/३० का दिन सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेकोले सोही अनुसार आर्थिक वर्ष २०८१।८२ का लागि तहाँ र अन्तर्गतका निकायहरूलाई विभिन्न उपशीर्षकहरूमा छुट्ट्याइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी सहित विनियोजित रकम खर्च गर्ने सन्दर्भमा अर्थ मन्त्रालयले मिति २०८१।०४।०१ मा प्रेषित बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन **(https://mof.gov.np/site/publication-detail/3371)** को अलावा देहायका मार्गदर्शन परिपालनाका लागि प्रेषित गरेको छु।

१. वैदेशिक स्रोत परिचालन हुने आयोजना/कार्यक्रमहरूको दुइपक्षीय तथा वहुपक्षीय सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गरी समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुने छ । Sector Wide Approach (SWAP) मा आधारित वैदेशिक श्रोत समावेश भएका Disbursement Linked Indicator (DLI) निर्धारित आयोजनाको निर्धारित प्रक्रिया पुरा गरी नियमित रूपमा वैदेशिक श्रोतको रकम सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। DLI मा आधारित कार्यक्रम तथा आयोजनाको सोधभर्ना प्राप्त रकम Designated Account मा जम्मा गरी खर्चको आधारमा त्रैमासिक रूपमा सरकारी कोषमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२. सवारी साधनको सुविधा पाउने पदाधिकारीलाई भुक्तानी भएको इन्धन खपतको विवरण अद्यावधिक गरी राख्ने व्यवस्था मिलाउनु हुनेछ।

३. आ.व. २०८१/८२ का लागि निकायगत विनियोजित कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि कार्यान्वयन कार्ययोजना र कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी कार्यान्वयन गर्नु हुनेछ।

४. बेरूजु फछ्र्यौटलाई प्राथमिकता दिई गत विगत वर्षका लेखापरीक्षणबाट कायम भई फछ्र्यौट हुन बाँकी रहेका बेरूजुहरू फछ्र्यौट गरी शतप्रतिशत प्रगति हुने गरी कार्य गर्ने व्यवस्था मिलाउनु हुनेछ।

फोन नं.
वेबसाइट: www.moest.gov.np

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
योजना तथा बजेट शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:-
चलानी नं.:-

५. बेरूजु व्यवस्थापनका लागि तहाँ कार्यालयबाट तपशिलको ढाँचामा श्रावण मसान्तभित्र बेरूजुको यथार्थ विवरण यस मन्त्रालय समक्ष पेश गर्नु हुनेछ।

| आ.व. ०७८/७९ सम्मको बेरूजु | आ.व. ०७९/८० मा थप भएको बेरूजु | आ.व. ०७८/७९ सम्म फछ्र्यौट भएको | आ.व. ०७९/८० मा फछ्र्यौट भएको | त्यस कार्यालयको फछ्र्यौट हुन बाँकी बेरूजु | फछ्र्यौट नहुनाको कारण भए सो समेत | कैफियत |
|---|---|---|---|---|---|---|
| (क) नियमित गर्नुपर्ने<br>(ख) असुल गर्नुपर्ने<br>(ग) पेश्की बेरूजु | (क) नियमित गर्नुपर्ने<br>(ख) असुल गर्नुपर्ने<br>(ग) पेश्की बेरूजु | (क) नियमित गर्नुपर्ने<br>(ख) असुल गर्नुपर्ने<br>(ग) पेश्की बेरूजु | (क) नियमित गर्नुपर्ने<br>(ख) असुल गर्नुपर्ने<br>(ग) पेश्की बेरूजु | (क) नियमित गर्नुपर्ने<br>(ख) असुल गर्नुपर्ने<br>(ग) पेश्की बेरूजु | (क) नियमित गर्नुपर्ने<br>(ख) असुल गर्नुपर्ने<br>(ग) पेश्की बेरूजु | |

६. दैनिक भ्रमण आदेश, भ्रमण विल भुक्तानी, भ्रमण सम्पन्न प्रतिवेदनको सन्दर्भमा क्रमशः म.ले.प.फा.नं. २२३, २२४, ९०९ अनिवार्य रूपमा पेश गर्ने लगाई अनुगमनसम्बन्धी तथ्य प्रमाणका आधारमा मात्र भुक्तानी दिनु हुनेछ । आवश्यक, औचित्यपूर्ण र नतिजामूलक काममा बाहेक भ्रमण आदेश निरूत्साहित गर्नु हुनेछ।

७. आ.व. २०८०।८१ को NEPSAS अनुकूलको केन्द्रीय आर्थिक विवरण तयार गर्ने प्रयोजनको लागि २०८१ श्रावण मसान्तभित्र अनिवार्य रूपमा सो अनुसारको वित्तिय विवरण र जिन्सी मौज्दातको वार्षिक विवरण (म.ले.प.फा.नं. ४१३), फाँटवारी, राजस्व र धरौटीको विवरण, सम्पत्ति तथा दायित्वको प्रतिवेदन, घर जग्गाको लगत (म.ले.प.फा.नं. ४१७) र घर जग्गाको एकीकृत प्रतिवेदन यस मन्त्रालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ।

८. २०८१ भाद्र मसान्तभित्र आ.व. २०८०/८१ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन र को.ले.नि.का. बाट प्रमाणित आर्थिक विवरण अनिवार्य रूपमा यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाउनु हुनेछ।

९. शिक्षा, विज्ञान तथा प्रविधिका क्षेत्रलाई व्यवस्थित गरी सुधारका विषयवस्तु पहिचान गर्नका लागि वार्षिक कार्यक्रममा समाविष्ट अनुगमन तथा मूल्याङ्कन, अध्ययन-अनुसन्धान लगायतका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन व्यवस्था मिलाई उक्त कार्यबाट प्राप्त भएका प्रतिवेदनका सारांश मन्त्रालय र सरोकारवालासमक्ष प्रवोधीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(डा. दिपक काफ्ले)
सचिव

बोधार्थ:
श्री महालेखा परीक्षकको कार्यालय, शिक्षा निर्देशनालय, अनामनगर, काठमाण्डौ।
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरबार, काठमाण्डौ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरू।
श्री योजना तथा बजेट शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार।
श्री आर्थिक प्रशासन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार।

फोन नं.:
वेबसाइट: www.moest.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

२०८१/८२ मार्गदर्शन
पत्र संख्या:- १
च. नं.:-

मिति: २०८१/४/१

**विषयः आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

विनियोजन ऐन, २०८१ सङ्घीय संसदबाट पारित भई मिति २०८१/३/३० का दिन सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। सोही अनुसार आर्थिक वर्ष २०८१/८२ का लागि तहाँ अन्तर्गत निकायहरूमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पूरा हुने विश्वास लिएको छु। बजेटले लिएका उद्देश्य प्राप्तिको लागि उपलब्ध हुने स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, प्रभावकारिता र दक्षता कायम गर्नु हुनेछ। समग्र वित्तीय अनुशासन कायम गर्दै बजेट, निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न विनियोजन ऐन, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को अनिवार्य रुपमा परिपालन गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ विनियोजन ऐन, २०८१ को दफा ९ को उपदफा (३) बमोजिम यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

(क) **अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित इकाईलाई बजेट निकासा गर्नेछ।

२. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८१ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी त्यसको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

तर उक्त समयावधिभित्र बाँडफाँट हुन नसक्ने मनासिब आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले अनुरोध गरेमा नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यकता र औचित्य हेरी सम्वत् २०८१ साल पुस मसान्तसम्म बाँडफाँट गरिदिन सक्नेछ। सो थप समयावधिभित्र बाँडफाँट नभएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

१

टेलिफोन नं.:- [illegible]
[illegible]
इमेल : [illegible]division@mof.gov.np वेब साइट: www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-

च. नं.:-

३. अनुदान संकेत नं. ६०२ बाहेकको खर्च संकेत नं. २८९११ (भैपरी आउने- चालु खर्च) र ३१५११ (भैपरी आउने- पुँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ।

४. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८१ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नु हुनेछ।

**(ख) कार्यक्रम/योजना हस्तान्तरण र कार्यान्वयन**

५. विनियोजन ऐन, २०८१ को दफा ७(१) बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै कार्यक्रम/आयोजना प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश र स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाउनु हुनेछ।

६. प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै कार्यक्रम/आयोजना प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश र स्थानीय तहले त्यस्तो कार्यक्रम/आयोजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७. बुँदा नं. ५ बमोजिम प्रदेश र स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश र स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिने व्यवस्था मिलाउनु हुनेछ।

८. बुँदा नं. ६ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको आयोजना/कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिने व्यवस्था मिलाउनु हुनेछ।

९. स्थानीय तहको पुँजीगत तर्फको कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा लिने व्यवस्था मिलाउनु हुनेछ। यसको प्रतिवेदन र लेखा परीक्षण सम्बन्धित तहले नै गर्नु/गराउनु पर्नेछ।

१०. बुँदा नं. ७, ८ र ९ बमोजिम गरिएको व्यवस्थाको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश वा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

११. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश र स्थानीय तहको सञ्चित कोषमा २०८१ भाद्र २ गते, २०८१ कात्तिक २ गते, २०८१ माघ २ गते र २०८२ वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

१२. बुँदा नं.११ बमोजिम हस्तान्तरण गर्दा पुस मसान्तसम्मको राजस्व लक्ष्य र सो अवधिमा सङ्कलन भएको राजस्वको अनुपातको आधारमा समानीकरण अनुदान निर्धारण गरी सोही बमोजिम तेस्रो किस्ताको रुपमा र चैत्र मसान्तसम्मको राजस्वको लक्ष्य र सङ्कलन भएको राजस्वको आधारमा समानीकरण अनुदान पुनः निर्धारण गरी चौथो किस्ताको रुपमा हस्तान्तरण गरिनेछ।

१३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश र स्थानीय तहले २०८१ कात्तिक १ गते, २०८१ माघ १ गते, २०८२ वैशाख १ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा नेपाल सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण नेपाल सरकारले निर्धारण गरेको समयमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ। सो बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।

१४. प्रदेश र स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको कार्यक्रम वा आयोजनाको लागि प्राप्त भएको हो सोही कार्यक्रम वा आयोजनाको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

१५. सशर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भएको रकमको स्थानीय र प्रदेश तहले भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण २०८१ मङ्सिर १५ गते, २०८१ चैत्र १५ गते, २०८२ असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

१६. बुँदा नं. १५ बमोजिम खर्चको विवरणबाट क्रियाकलाप अनुसारको खर्च यकिन गरी महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनु पर्नेछ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च. नं.:-

१७. सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

१८. बुँदा नं.१७ बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ। अघिल्ला आर्थिक वर्षको सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नुपर्ने बचत रकम फिर्ता दाखिल नगरेमा महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँट वा रोयल्टी बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

१९. वैदेशिक सहायता समावेश भएका सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य विषयका अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्था ती आयोजना कार्यान्वयनको शर्तको रूपमा रहनेछन्। उक्त सम्झौता तथा निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन नहुँदा दातृ निकायबाट खर्चको सोधभर्ना प्राप्त नहुने भएकोले उक्त व्यवस्था अनिवार्य पालन गरी/गराई सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। सम्झौता र निर्देशिकाको कागजात सम्बन्धित प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउनु हुनेछ। प्रदेश वा स्थानीय तहले उल्लेखित सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गर्नु हुनेछ।

२०. प्रदेश र स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/आयोजना कार्यान्वयनको लागि द्विविधा पर्न गएमा समस्याको निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

२१. अन्तर सरकारी वित्तीय हस्तान्तरणमार्फत प्रदेश र स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित प्रदेश र स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

२२. विनियोजन ऐन, २०८१ बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम/आयोजना अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित सङ्घीय कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

२३. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा कार्यविधि २०८१ साउन मसान्त भित्र बनाउनु हुनेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु हुनेछ तर थप आर्थिक दायित्व वा दीर्घकालीन

४

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः-
च. नं.:-

प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

२४. विनियोजन ऐन, २०८१ बमोजिमका स्वीकृत वार्षिक आयोजना/कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजनासहित आवश्यक करार तथा अस्थायी पदपुर्ति संवत् २०८१ साल श्रावण मसान्तभित्र स्वीकृत गराई सक्नु हुनेछ।

२५. आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनौट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्यूनतम अंक हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने गरी मापदण्ड तयार गरी कार्यान्वयन गर्नु हुनेछ। राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई सिफ्टमा काम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२६. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन। यस्ता कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्नेछ। विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेको कार्यक्रम/आयोजनाका लागि बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन माग गर्नु हुने छैन। साथै, आर्थिक वर्षको बिचमा नयाँ कार्यक्रम/आयोजना सञ्चालनका लागि प्रस्ताव गर्नुहुने छैन।

२७. आर्थिक वर्ष २०८१/८२ का बजेटमा समावेश भएका नयाँ कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा सो आयोजनामा प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन भए/नभएको यकिन गर्दै दोहोरो नपर्ने गरी समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२८. अर्थ मन्त्रालयको सहमति विना थप आर्थिक दायित्व सिर्जना गर्नु हुने छैन। सहमति बिना सिर्जना भएको थप दायित्वको व्यवस्थापन (निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) अर्थ मन्त्रालयबाट हुने छैन। यस्ता प्रकृतिका कार्य भएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ को उपदफा ५ र ६ अनुसार हुने व्यहोरा जानकारी गर्नु/गराउनु हुनेछ।

२९. आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्डको पूर्ण पालना गर्नु गराउनु हुनेछ। स्रोत सहमतिलाई व्यवस्थित गरी बजेट अनुशासन कायम गर्न स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरी सहमति माग गरेको आर्थिक वर्षमा मापदण्डले तोकेको भन्दा बढी स्रोतको सहमति प्रदान गरिने छैन।

३०. तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य शुरु नगर्ने, कार्ययोजना अनुरूप काम नगर्ने र कार्य

५

सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३१. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रूपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। राष्ट्रिय सतर्कता केन्द्रबाट रू.१० करोडभन्दा माथिका आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धी (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ।

३२. आयोजना प्रमुखलगायत अन्य कर्मचारीलाई स्पष्ट कार्य विवरण, कार्यसम्पादन सूचक, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको उपलब्धीको अभिलेखलाई आधार बनाउनु हुनेछ।

३३. आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धी, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ। कर्मचारी सरुवा, पदस्थापन लगायतका कार्य तोकिएको समयमा नहुँदा कार्यक्रम/आयोजना कार्यान्वयनमा बाधा उत्पन्न हुने भएकोले कर्मचारी सरुवा/पदस्थापन गर्न आवश्यक भएमा यथाशीघ्र सम्पन्न गर्नु हुनेछ।

३४. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तरसमेतका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो त्रैमासिक निकासा भुक्तानीको लागि ३० प्रतिशत र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ। सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा सहकारीज्यूबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पूरा गर्ने प्रतिबद्धता प्राप्त गरी निकासा/भुक्तानी व्यवस्था मिलाउनु हुनेछ।

३५. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम समयसीमा भित्र सम्पन्न गर्नु हुनेछ। सडक निर्माणको लागि बोलपत्र आव्हान गर्दा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

३६. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ। तर पूर्व प्रभावी वित्तीय (Retroactive Financing) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा भुक्तानी दिन सकिनेछ।

३७. कार्यक्रम/आयोजना विशेषका लागि सम्झौता भई सोधभर्ना प्राप्त हुने सुनिश्चित भएको आयोजनाको र ए.डि.बि/पि.बि.एल-पि.एफ.एम (ADB/PBL-PFM) आई.एम.एफ/ई.सि.एफ (IMF/ECF) आई.डि.ए/डि.पि.सि-ग्रिड (IDA/DPC(GRID) ए.डि.बि/पि.बि.एल-ग्रिड (ADB/PBL-GRID) लगायत बजेटरी सहायतातर्फको विनियोजित रकम वैदेशिक स्रोत प्राप्त नभएमा नेपाल सरकार स्रोतबाट हिसाब मिलान गर्ने गरी दोस्रो त्रैमासिक सम्म बजेट फुकुवा गरिएको छ। सो बाहेक अन्य सबै ऋण तथा अनुदानको भुक्तानी दिनु पहिले महालेखा नियन्त्रक कार्यालयमार्फत यस मन्त्रालयको स्वीकृति लिनु हुनेछ। वैदेशिक स्रोततर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ। चालु आ.व.मा सुरु गर्न प्रस्ताव गरिएका नयाँ आयोजना तथा कार्यक्रमको हकमा वित्तीय संझौता प्रभावकारी भएको सुनिश्चित गरेर मात्र खर्च गर्नु हुनेछ। कुनै कारणले भुक्तानी विधि फरक परेकोमा २०८१ साउन मसान्तभित्र परिमार्जन गर्न लेखी पठाउनु हुनेछ।

३८. सरकारी स्वामित्वको भवन निर्माण तथा भवनभित्र गरिने सजावटको सम्बन्धमा शहरी विकास मन्त्रालयबाट तयार गरेको भवन निर्माण तथा सजावट सम्बन्धी मापदण्ड बमोजिम गर्नु पर्नेछ। कार्यालयको कार्य प्रकृति, सेवा प्रवाह गर्नुपर्ने क्षेत्र, सेवाग्राहीको संख्या, जनशक्ति लगायतका विषयलाई ध्यानमा राखी एकरूपता कायम हुने गरी गैर आवासीय भवनको लागत अनुमान तयार गर्नु हुनेछ। भवन तथा सजावटको विस्तृत डिजाइन र लागत अनुमान तयार गर्ने कार्य सम्भव भएसम्म शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यालयहरूबाट गर्नु/गराउनु हुनेछ।

३९. बहुवर्षीय ठेक्कामा परेका कार्यक्रम/आयोजना विनियोजित बजेटबाटै कार्यान्वयन गर्नु/गराउनु हुनेछ। सडक, पुल, बाँध, सिंचाई, नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रु.५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४०. सोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा त्रैमासिक अवधि समाप्त भएको अर्को त्रैमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गर्न लगाउनु हुनेछ। मासिक खर्चको फाँटवारी पठाउँदा सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन समेत अनिवार्य रूपमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्न लगाउनु हुनेछ। आयोजना व्यवस्थापन कार्यालयले सोधभर्ना माग गरेको विवरण महालेखा

नियन्त्रक कार्यालयलाई अनिवार्य रूपमा जानकारी गराउनु हुनेछ। सार्वजनिक ऋणका हकमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत जानकारी दिने व्यवस्था मिलाउनु हुनेछ। निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया शुरु नगरेमा अर्को त्रैमासिकको निकासा रोक्का गरिनेछ। समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख र लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारवाही गर्नु/गराउनु हुनेछ। तर Sector Wide Approach (SWAP) मा आधारित वैदेशिक स्रोत समावेश भएका Disbursement Linked Indicator (DLI) निर्धारित आयोजनाको समेत निर्धारित प्रक्रिया पुरा गरी नियमित रुपमा वैदेशिक स्रोतको रकम सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। SWAP तथा DLI मा आधारीत कार्यक्रम तथा आयोजनाको सोधभर्ना प्राप्त रकम म.ले.नि.का.ले छुट्टै Designated Account मा जम्मा गरी खर्चको आधारमा त्रैमासिक रूपमा सरकारी कोषमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४१. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४२. विपद्को अवस्था, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक पहिलो त्रैमासिक अवधिसम्म थप निकासा दिइने छैन। विनियोजित रकमको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

४३. अर्थ मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरबन्दी थप नगर्ने, नयाँ संगठन स्थापना नगर्ने र दरबन्दी भन्दा बढि कर्मचारी कुनैपनि निकायमा नखटाउने र खटाउनै पर्ने भए अस्थायी दरबन्दी स्वीकृति गरी मात्र पठाउने व्यवस्था गर्नु/गराउनु हुनेछ।

४४. सेवा करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा मन्त्रालय अन्तर्गत फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्ने र सो नभएमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनु हुनेछ। फाजिलमा रहेको तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी पदपूर्ति हुन नसकेमा करारमा लिनु अघि अर्थ मन्त्रालयको सहमति लिनु हुनेछ। साथै, फाजिलमा कर्मचारी हुँदाहुँदै अर्थ मन्त्रालयको सहमति विना करारमा कर्मचारी राख्न पाइने छैन।

४५. बेरुजु फर्स्यौट कार्यलाई प्राथमिकतामा राख्नु हुनेछ। बेरुजु फर्स्यौटको कार्य स्थायी दरबन्दी भित्रका जनशक्तिबाट सम्पन्न गराउनु हुनेछ र सोका लागि करारमा थप जनशक्ति लिनु हुने छैन।

८

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

(ग) **बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन**

४६. विनियोजन ऐन, २०८१ अनुसार रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संकेतबाट अर्को एक वा एकभन्दा बढी अनुदान संकेतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संकेत भित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक तथा बाह्य ऋणको साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(घ) प्रदेश र स्थानीय तहका लागि अनुदान संकेत ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संकेतमा रकमान्तर हुने छैन।

(ङ) एकै बजेट उपशीर्षक भित्रको एउटै खर्च शीर्षक तर्फ चालु र पुँजीगत स्वीकृत क्रियाकलापको त्रैमासिक संशोधन गर्नु पर्ने भएमा पहिलो त्रैमासिक भित्र गर्नु हुनेछ ।

(च) मन्त्रालयगत बजेट सूचना प्रणालीमा स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षक भित्रको क्रियाकलाप संशोधन गर्नु पर्ने वा क्रियाकलाप परिवर्तन गर्नु पर्ने भएमा स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यका आधारमा पुस महिनाभित्र कार्यक्रम संशोधन गर्नु हुनेछ ।

(छ) मन्त्रालयगत बजेट सूचना प्रणालीमा स्वीकृत वार्षिक आयोजना तथा कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न,

टेलिफोन नं.:- सचिव म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.का.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२५, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानुन तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९१३, वि.ह.म. ४२११२११
फ्याक्स नं. ४२११९६४, ४२११२६५ (बजेट म.), ४२११९५४ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

बुँदा नं. (छ) बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा देहायको खर्च संकेत (इन्टर इकोनमिक कोड) भित्र रही गर्नु हुनेछ:-

| क्रम सङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २२२११ | इन्धन (पदाधिकारी) |
| २ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) |
| ३ | २२२१३ | सवारी साधन मर्मत खर्च |
| ४ | २२२१४ | बीमा तथा नवीकरण खर्च |
| ५ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च |
| ६ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ७ | २२२९१ | अन्य सम्पत्तिको सञ्चालन तथा सम्भार खर्च |
| ८ | २२३११ | मसलन्द तथा कार्यालय सामग्री |
| ९ | २२३१२ | पशुपन्छीहरूको आहार |
| १० | २२३१३ | पुस्तक तथा सामग्री खर्च |
| ११ | २२३१४ | इन्धन-अन्य प्रयोजन |
| १२ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च |
| १३ | २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च |
| १४ | २२५११ | कर्मचारी तालिम खर्च |
| १५ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| १६ | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| १७ | २२६११ | अनुगमन, मूल्याङ्कन खर्च |
| १८ | २२६१२ | भ्रमण खर्च |
| १९ | २२६१९ | अन्य भ्रमण खर्च |
| २० | २२७११ | विविध खर्च |

४७. एकै अनुदान सङ्केतभित्रको एकभन्दा बढी बजेट उपशीर्षकमा बाँडफाँट भएको देहायको एकै खर्च शीर्षकको रकम एक बजेट उपशीर्षकबाट घटाई अर्को बजेट उपशीर्षकमा थप गर्नु पर्ने भएमा र एउटै बजेट उपशीर्षक अन्तर्गत एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राखी (सोही आधारमा क्रियाकलाप परिवर्तन नगरी) खर्च शीर्षकमा स्वीकृत दरवन्दीभित्र रही रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु हुनेछ।



टेलिफोन नं.:- [illegible]
इमेल : admindivision@mof.gov.np, वेब साइट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

| क्रम सङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २१११११ | पारिश्रमिक कर्मचारी |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |
| ४ | २११२२ | खाद्यान्न |
| ५ | २११२३ | औषधि उपचार खर्च |
| ६ | २११३१ | स्थानीय भत्ता |
| ७ | २११३२ | महङ्गी भत्ता |
| ८ | २११४२ | पदाधिकारी अन्य सुविधा |
| ९ | २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |
| १० | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च |
| ११ | २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |

४८. बुँदा नं ४६ र ४७ अनुसार कार्यक्रम संशोधन तथा रकमान्तर स्वीकृत गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु हुनेछ।

४९. प्रचलित कानून बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन, स्रोतान्तर र थप निकासा माग गर्दा अनिवार्य रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा समेत प्रविष्ट गरी माग गर्नु हुनेछ।

५०. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रममा समेत विनियोजन भएको र गत आ.व. २०८०/८१ मा प्रचलित कानून, स्वीकृत मापदण्ड बमोजिम विधिसम्मत रुपमा खर्च शीर्षक ३११५१-सडक तथा पूल निर्माण, ३११५५-सिँचाई संरचना निर्माण, ३११५६-खानेपानी संरचना निर्माण, ३११५८-सरसफाई संरचना निर्माण, ३११५९-अन्य सार्वजनिक निर्माणमा सिर्जित दायित्व कोष तथा लेखा नियन्त्रक कार्यालयबाट म.ले.प.फा.नं.२२१ भरी प्रमाणीत भएको रकमको हकमा सम्बन्धित आयोजना तथा कार्यक्रमको जुनसुकै त्रैमासिकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्नुहुनेछ।

५१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पि.एल.एम.बि.आई.एस.) मा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भएको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजनाबाट अर्को आयोजनामा कार्यक्रमको क्षेत्र र उद्देश्यमा फरक नपर्ने गरी रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा प्रदेशको विषयगत मन्त्रालयको अनुरोधमा संघीय विषयगत मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणाली (एल.एम.बि.आई.एस.) मा थपघट तथा कार्यक्रम संशोधन गर्न सक्नेछ। यसरी रकमान्तर तथा कार्यक्रम संशोधन गर्दा क्षेत्रगत रूपमा विनियोजित रकम कूल क्षेत्रगत बजेट सीमामा



टेलिफोन नं.:- [illegible]
फ्याक्स नं. [illegible]
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:-
च. नं.:-

फरक नपर्ने गरी आवश्यकता र औचित्यका आधारमा रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु हुनेछ। (जस्तैः सिँचाई क्षेत्रको भए सिँचाईमा, सडक क्षेत्रको भए सडकमा, खानेपानी क्षेत्रको भए खानेपानीमा)

५२. राष्ट्रिय गौरवको आयोजना, रुपान्तरणकारी आयोजना र बहुवर्षीय ठेक्काका लागि स्रोत व्यवस्थापन गरिएका आयोजनाको लागि विनियोजन भएको रकमबाट अन्यत्र रकमान्तर प्रस्ताव गर्नु हुने छैन।

५३. आयोजनाको अनुगमन कार्यलाई प्रभावकारी बनाउन मासिक प्रगति विवरण तालुक निकायमा पेश गर्ने र अनुगमन गर्ने व्यवस्थाका साथै ठेक्का मूल्याङ्कनमा कार्य सम्पन्न गर्ने समयलाई समेत सूचकको रुपमा रहने व्यवस्था मिलाउनु हुनेछ।

५४. खर्च, राजस्व, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीमा राख्ने र प्रतिवेदन गर्ने समेत व्यवस्था मिलाउनु हुनेछ।

५५. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, पारिश्रमिक, भत्ता, स्थानीय भत्ता, पोशाक, पानी तथा विजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन। तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५६. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। यस अघि अर्थ मन्त्रालयबाट बहुवर्षीय ठेक्का तथा स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८१ असोज मसान्तभित्र अनिवार्य रुपमा प्रविष्ट गर्नु हुनेछ।

५७. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रूपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनु हुनेछ। तलब, भत्ता, औषधि उपचार, उपदान, सञ्चित बिदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५८. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा, एउटा कार्यालयबाट अर्को कार्यालयमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा नै रोक्का राखी रोक्का नम्बरसहित अर्थ मन्त्रालयले तोकेको ढाँचामा रकमान्तर माग गर्नु/गराउनु हुनेछ।

१२

टेलिफोन नं.:- [illegible]
फ्याक्स नं. [illegible]
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

५९. त्रैमासिक अवधिमा भएको कार्यको दायित्व भुक्तानी सो अवधि समाप्त भएको अर्को महिनाभित्र अनिवार्य रुपमा फरफारक गर्ने व्यवस्था मिलाउनु हुनेछ। कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनःअन्य क्रियाकलापमा सार्न वा रकमान्तर गर्न नपाउने व्यवस्था मिलाउनु हुनेछ। साथै, कुनै पनि पुंजीगत तर्फको क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भए पछि पुनः सोही क्रियाकलापमा थप बजेट व्यवस्थापन (थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) हुने छैन।

६०. निर्माणस्थलको व्यवस्थापन, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत लगायतका आयोजना पूर्व तयारीका कार्यहरू पूरा गरेर मात्र खरिद प्रक्रिया शुरू गर्नु/गराउनु हुनेछ।

६१. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुनेछ।

६२. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु हुनेछ।

६३. आर्थिक वर्ष २०८१/८२ मा प्रोत्साहन भत्ता, अतिरिक्त समय लगायतका भत्तामा खर्च लेख्नु हुने छैन। मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन, फर्निचर, कम्प्युटर, ल्यापटप लगायतका सामग्रीहरू अनिवार्य रुपमा ६ महिनाभित्र लिलाम बिक्री गर्नु हुनेछ। अत्यावश्यक अवस्थामा नयाँ सवारी साधन खरिद गर्नु पर्ने भएमा अर्थ मन्त्रालयको अनिवार्य पूर्व सहमती लिनु हुनेछ।

६४. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकमा मात्र सहभागी हुने व्यवस्था मिलाउनु हुनेछ। वैदेशिक भ्रमणका लागि अर्थ मन्त्रालयको पूर्व सहमति लिनु हुनेछ।

६५. सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नु पर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नु पर्नेछ। सरकारी प्रयोजन भनी कर्मचारीको आवासका लागि घर बहाल लिएको पाईएमा सो रकम सम्बन्धित कर्मचारीले नै भुक्तानी गर्नु पर्नेछ।

१३

टेलिफोन नं.:- बजेट म. ४२११८०९, प्रशासन म. ४२११३४८, ४२११३६७, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन र.ना.सु.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.स. ४२११९०३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११९६८, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np वेब साईट:- www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

६६. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

६७. स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा अर्थ मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नु पर्नेछ। सहमति विना भएको निर्णयबाट सिर्जित दायित्व भुक्तानीमा अर्थ मन्त्रालय जिम्मेवार हुने छैन।

६८. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६९. भुक्तानी प्रणालीलाई सहज र व्यवस्थित बनाई सरकारी कोषको प्रभावकारी उपयोगका लागि मासिक नगद योजना तर्जुमा गरी अर्थ मन्त्रालयमा पठाउनु हुनेछ। नगद प्रवाहलाई व्यवस्थित गर्न रू.१ अर्बभन्दा बढिको भुक्तानी दिनुपर्ने भएमा ७ दिन अगावै अर्थ मन्त्रालयलाई अनिवार्य जानकारी गराउनु हुनेछ।

(घ) **वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

७०. विनियोजन ऐन, २०८१ बमोजिम समानीकरण अनुदान बाहेक अन्य अनुदान शीर्षकबाट हस्तान्तरण भई खर्च नभएको रकम स्वतः फ्रिज हुने व्यवस्था भएकोले आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७१. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी सो अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ।

७२. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम, ठेगाना तथा सम्पर्क नम्बर, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या:-

च. नं.-७३.

बजेट अनुगमन प्रणालीमा सुधार गरी नतिजामा आधारित बनाउनु हुनेछ। विकास आयोजनाहरूको अनलाइन अनुगमन गरी विनियोजित बजेट अनुरूप खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ। बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ। प्रत्येक दुई दुई महिनामा अर्थ मन्त्रालयमा हुने बजेट कार्यान्वयन समीक्षामा सहभागी हुनु हुनेछ।

आर्थिक वर्ष २०८१/८२ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: www.mof.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(मधुकुमार मरासिनी)
सचिव

श्री,
सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय।

संलग्नः
विनियोजन ऐन, २०८१ - १ प्रति

बोधार्थः
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाण्डौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री अर्थ मन्त्रालय, सबै महाशाखाहरू।

१५

टेलिफोन नं :- [illegible]
फ्याक्स नं. [illegible]
इमेल : admind[illegible]mof.gov.np वेब साईट: www.mof.gov.np

*अनुसूची ९*

## *आ व २०८१।८२ स्थानीय तहबाट सम्पादन हुने विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका क्रियाकलापगत उपक्रियाकलापहरूको इकाइ लागत*

| क्र स | क्रियाकलाप | क्रियाकलाप विस्तृतीकरण | विनियोजित इकाइ लागत |
|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गत का शिक्षक/ कर्मचारीहरू समेत) | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गत शिक्षक/ कर्मचारीहरू समेत) | स्वीकृत तलव भत्ता स्केल अनुसार |
| २ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गत शिक्षक/कर्मचारी, प्राविधिक धारका प्रशिक्षक समेत) | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गत शिक्षक/ कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | स्वीकृत तलव भत्ता स्केल अनुसार |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | प्रारम्भिक बाल विकास / पूर्ब प्राथमिक कक्षाका शिक्षकको पारिश्रमिक | वाल विकास सहजकर्ताको मासिक १०००० का दरले १३ महिना |
| | | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय कक्षा १-१२ सञ्चालित (१ जना सहयोगी र १ जना लेखा कर्मचारी) | विद्यालय सहयोगीका लागि मासिक ८००० का दरले १३ महिना पत र लेखा सहायकका लागि मासिक रू १३५०० दरले १३ महिना |
| | | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय कक्षा १-८ सञ्चालित | मासिक रू ८००० का दरले १३ महिना |

| क्र स | क्रियाकलाप | क्रियाकलाप विस्तृतीकरण | विनियोजित इकाइ लागत |
|---|---|---|---|
| ४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | प्रारम्भिक बाल विकास / पूर्व प्राथमिक कक्षामा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी इकाइ लागतका आधारमा अनुदान | प्रति विद्यार्थी वार्षिक रू ५०० |
| | | सिकाइका लागि आन्तरिक विद्यार्थी मूल्याङ्कन:आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि | प्रति विद्यार्थी वार्षिक रू१०० |
| | | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | प्रति विद्यार्थी वार्षिक रू१५० |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | प्रति विद्यार्थी वार्षिकरु २०० |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) | प्रति विद्यार्थी वार्षिक रू२०० |
| | | राष्ट्रिय प्राविधिक सेवामा खटिएका जनशक्तिको निर्वाह खर्च तथा प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | प्रति विद्यार्थी वार्षिक १५ हजार |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) | प्रति विद्यार्थी वार्षिक रू२५० |
| ५ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | कक्षा १-५ मा अध्ययनरत विद्यार्थीका लागि पाठ्यपुस्तकका लागि अनुदान (स्थानीय विषय/ मातृभाषाको समेत) | पाठ्यक्रम विकास केन्द्रले तोकेअनुसार |
| | | कक्षा ६-८ मा अध्ययनरत विद्यार्थीका लागि पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/ मातृभाषाको समेत) | पाठ्यक्रम विकास केन्द्रले तोकेअनुसार |
| | | कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | पाठ्यक्रम विकास केन्द्रले तोकेअनुसार |
| | | कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीका लागि पाठ्यपुस्तक अनुदान | पाठ्यक्रम विकास केन्द्रले तोकेअनुसार |

| क्र स | क्रियाकलाप | क्रियाकलाप विस्तृतीकरण | विनियोजित इकाइ लागत |
|---|---|---|---|
| ६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | छात्रा छात्रवृत्ति कक्षा १-५ कर्णाली प्याकेज समेत (गैर आवसिय) | प्रति विद्यार्थी वार्षिक रू. ४०० (साविकिको कर्णाली अञ्चल अन्तर्गत जिल्लाका कक्षा १-५ अध्ययनरत छात्रालाई वार्षिक रू१००० |
| | | दलित छात्रवृत्ति कक्षा १-५ (गैर आवसिय) | प्रति विद्यार्थी वार्षिक रू४०० |
| | | आधारभूत तह (कक्षा १-५) अध्ययनरत लक्षित समूह -२२ जनजाति तथा सीमान्तकृत समूह, मुक्त कमैया, वादी, हलिया, चरुवाका सन्तति समेत)का विद्यार्थीका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक रू५०० |
| | | मुक्त कम्लहरीका लागि छात्रवृत्ति गैर अवासीय | निर्देशिका अनुसार |
| | | अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय | वर्ग अनुसार |
| | | मुक्त कम्लहरी छात्रवृत्ति (आवासीय) | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति कक्षा १-१२( आवासीय) | तोकिको श्रेणीको दररेट अनुसार |
| | | फिडर छात्रावासमा अध्यनरत छात्रालाई छात्रवृत्ति आवासीय | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्यनररत छात्रछात्रालाई छात्रवृत्ति आवासीय (६ ओटा) | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | हिमाली आवासीय छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | अति सिमान्तकृत समुदायका लागि सञ्चालित विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि आवसासीय छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | HIV प्रभावित वालावलिका तथा वादी समुदायका विद्यार्थीका लागि आवासीय प्रवन्ध | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | सडक बालबालिका तथा वालश्रमिकको लागि आवासीय शैक्षिक प्रवन्धका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार |

| क्र स | क्रियाकलाप | क्रियाकलाप विस्तृतीकरण | विनियोजित इकाइ लागत |
|---|---|---|---|
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | प्रति विद्यालय वार्षिक २० हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | प्रति विद्यालय वार्षिक २५ हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | प्रति विद्यालय वार्षिक ३० हजार |
| | | आधारभूत विद्यालयलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | आधारभूत तह सञ्चालित विद्यालयलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्यांकन व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय वार्षिक १० हजार |
| | | आधारभूत विद्यालयलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय वार्षिक २० हजार |
| | | माध्यमिक तह सञ्चालित विद्यालयलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | तोकिए अनुसार |
| | | आवासीय छात्रवृती प्राप्त बालबालिकालाई आवाश सञ्चालन अनुदान | प्रति विद्यालय वार्षिक २ लाख ५० हजार |
| | | स्रोत कक्षा व्यवस्थापन अनुदान | प्रति कक्षा वार्षिक २ लाख ३५ हजार |
